**ग.प्रमुख क्रियाकलापहरुः**

१.तरकारी मुल तथा उन्नत विउ  उत्पादन गरी विकि वितरण।

२.फलफुलका रुटस्टक उत्पादन गरी गुणस्तरीय विरुवा विक्री वितरण।

३.जग्गा सम्याउने तथा प्लट सुधार गर्ने।

४.मल,बिउ ,बेर्ना,जैविक बिषादि,कृषि औजार ।

५.बिउ  उत्पादनमा लागत न्यूनिकरणका लागि यान्त्रीकरण।

६.ग्रेडिङ्ग,प्याकेजिङङ्ग,लेवलिङ्ग गर्ने।

७.कृषि मेशिनरी/उपकरण खरिदढुवानी।

८.ज्यामी खर्च व्यवस्थापन।

९.बिउ  प्याकेजिङ्ग सामग्री खरिद,ढुवानी तथा प्याकेजिङ्ग कार्य।

१०.सुचना प्रकाशन/जिंगल निर्माण

११.फलफुलको मदरप्लान्ट खरिद।

१२.जातिय शुद्दता कायम गर्ने।

१३.उन्नत प्रविधी प्रर्दशन गर्ने।

१४.तालीम,गोष्ठी,सेमिनार सञ्चालन  गर्ने।

**घ.खर्चको मापदण्डः**

१. वार्षिक  स्वीकृत कार्यक्रमको बिनियोजित बजेटको परिधिमा रहि खर्च गर्ने।

२. समूह/सहकारी तथा निजी फर्महरुलाइ बागवानी बिकास केन्द्रबाट अनुदान सहूलियत दिनुपरेमा समुह/सहकारीलाइ सत्तरी प्रतिशत र निजि फर्महरुलाइ पचास प्रतिशत अनुदान सहूलियत उपलब्ध गराउन सकिने ।



प्रमुख सचिव

| | |
|---|---|
| | समुह/सहकारी/निजी बिउ उत्पादक लाइ अधिकतम तीस हजार सम्मको सामग्री सहयोग । |
| | **ङ. प्राविधिक मापदण्डः**<br>१. यो कार्यक्रम शसर्त अनुदानको रुपमा स्थानीय तहको कृषि शाखाबाट परिचालन गरिनेछ<br>२. खडेरी सम्बोधनका लागि समुह/सहकारी/ मार्फत बिउको माग सकलन गर्ने ।<br>३. समुह/सहकारी नभएका स्थानमा कलष्टरमा समुह गठन गरी कृषक तथा निजी फर्महरुबाट माग सकलन गर्न सकिने ।<br>४. स्थानीय तहबाट अत्याधिक खडेरी भएको केहि प्रमाण वा सिफारिस भएका क्षेत्रलाइ प्राथमिकता दिने ।<br>५. धेरै मात्रामा खाद्यान्न तथा तरकारी उत्पादन हुने क्षेत्रमा परेको खडेरीलाइ प्राथमिकता दिने<br>६. स्थानीय तहबाट कृषि बिकास कार्यालयसगँ प्राविधिक सहयोग तथा प्रतिबेदन तयारीका लागि समन्वय गर्नुपर्नेछ । |
| ९८ | **क.कार्यक्रमको नामः वागवानी बिकास केन्द्रबाट सञ्चालित उत्पादन तथा प्रविधि प्रसारण कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.उच्च पहाडी क्षेत्रमा हुने विभिन्न तरकारी वालीको मुल तथा उन्नत साथै फलफुलका विरुवाहरु उत्पादन गरी कृषक स्तरमा बिक्री वितरण गर्ने।<br>२.यस केन्द्र वरपरका कृषकहरुको खेती वारीमा भएको तरकारी र फलफुल खेतीमा देखा परेका समस्या बारे प्राविधिक सरसल्लाह दिने।<br>३.तरकारी बिउ र फलफुल विरुवा उत्पादन तर्फ तालीम कार्यक्रम आयोजना गरी कृषकहरुलाई गुणस्तरीय बिउ /विरुवा उत्पादन गर्ने बारे जानकारी दिने।<br>४.गरीवी,अशिक्षा र अज्ञानताको कारणबाट फलफुल,तरकारी खाने बानी बसाली उनिहरुको स्वास्थ्यमा क्रमिक सुधार ल्याउने।<br>५.निजि क्षेत्रमा वृहत रुपमा ताजा फलफुल,तरकारी एंव तरकारी बिउ उत्पादन गर्ने कार्यक्रम सँचालन गरी कृषकहरुको आय श्रोत बढाई जीवनस्तरमा सुधार ल्याउने। |



निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | १ नमुना संकलन भण्डारण र परिक्षण<br>२ रोग विशेष परिक्षण र उपचार<br>३ पशुको रोग प्रतिरोधात्मक क्षमता परिक्षण<br>४ खोप तथा एन्टीजनहरुको परिक्षण |
| | **घ. लागत रकम र अधिकतम सीमाः**<br>१ रोग परिक्षणका लागि आवश्यक पर्ने सामाग्री रसायन उपकरण खरिद र विनियोजित वजेट |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१ विषय विशेष रोगको नमुना संकलन भण्डारण प्रशोधन र परिक्षण<br>२ उपलव्ध नतिजाको आधारमा उपचार तथा रीफर |
| ९७ | **क.कार्यक्रमः खडेरी सम्बोधनका लागि उन्ननत बिउ सहयोग कार्यक्रम** |
| | **ख.उदेश्यः**<br>१.आ.ब. २०७७/०७८ मा कर्णाली प्रदेश भरि हिउदे बालीमा परेको खडेरीका कारण हिउदे खाद्यान्न/तरकारी बालीमा परेको क्षेतिलाइ सम्बोधन गर्नका लागि उन्नत खाद्यान्न तथा तरकारी बालीहरुको बिउ सहयोग गर्ने ।<br>२. बिउ उत्पादन गर्ने इच्छुक कृषकहरुलाइ मूल बिउ/उन्नत बिउ सहयोग गरी बिउको व्यवस्थापन गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरुः**<br>१. हिउदे खाद्यान्न तथा तरकारी बालीहरुको उन्नत बिउ तथा ढुवानी सहयोग ।<br>२. बिउ उत्पादन गर्ने समुह/सहकारीलाइ मुल बिउ तथा उन्नत बिउ सहयोग ।<br>३.बिउ उत्पादन गर्ने कृषक समुह/सहकारीलाइ साना सिचाइ सामग्री (पाइप/ हजारी/ स्प्रीङकलर) सहयोग। |
| | **घ. अनुदान रकम तथा सिमाः**<br>१. समुह/सहकारी मार्फत बिउ सहयोग गर्दा सत्तरी प्रतिशत बिउ तथा ढुवानीमा अनुदान सहयोग।<br>२. निजी तथा व्यक्तिगत फर्म/कृषकहरुलाइ बिउमा पचास प्रतिशत सहयोग ।<br>३. बिउ उत्पादन गर्ने कृषक समुह/सहकारी तथा निजी फर्महरुलाइ मुल बिउ तथा प्रथम पुस्ताको उन्नत बिउमा पचासी प्रतिशत सहयोग ।<br>४. बिउ उत्पादन गर्ने कृषक समुह/सहकारी तथा निजी फर्महरुलाइ साना सिचाइ सामग्री (पाइप/हजारी/स्प्रीङकलर) मा सत्तरी प्रतिशत सहयोग र प्रति कृषक |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल



निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | सकलन गर्ने र वार्षिक प्रगति पुस्तिकामा समाबेश गर्ने)<br>५. कृषि र पशुपन्छीमा सलग्न ब्यबसायि/उद्योग/उद्यमीहरुको विवरण तथा प्रोफाइल ( वार्षिक रुपमा एक पटक प्रकाशन गर्न सकिने रु पचास हजार र तीन सय प्रति छपाइ सम्म)<br>६. बिभिन्न आयोजना तथा परियोजनासगँ सम्बन्धित प्रगति तथा तथ्याङ्क पुस्तिका ( आवश्यकता अनुसार वार्षिक रुपमा प्रकाशन रु एक लाख सम्म)<br>७. अनुदानग्राहीहरुको विवरण ( वार्षिक रुपमा प्रकाशन गर्ने रु दुइ लाख सम्म) |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१ वार्षिक प्रगति पुस्तिकामा समाबेश गर्नुपर्ने विवरण मन्त्रालयको समन्वयमा तयार गरी प्रकाशन गर्ने र एक प्रति अनिवार्य रुपमा मन्त्रालयमा पेश गर्नुपर्ने ।<br>२. जिल्लाबाट प्रकाशन हुने प्रकाशन हरु अनिवार्य रुपमा मन्त्रालयमा एक प्रति पठाउनुपर्ने |
| ९५ | **क कार्यक्रमको नामःपशु विकास कार्यदल गठन तथापरिचालन** |
| | **ख.उद्देश्यः** पशुपन्छी पालन व्यवसायको प्रभावकारीता अध्ययन र लगानीको पारदर्शिता तथा सदुपयोगको अनुगमन |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१ जिल्ला स्थित पशु विकास कार्यदल गठन बैठक र कार्यक्रम छनौटका स्थानीय विधको तयार गर्ने<br>२ कार्यालयबाट सञ्चालन भएका कार्यक्रमहरुको प्रभावकारीता अध्ययन गरी सम्बन्धित निकायमा सिपारीस<br>३ संचालित कार्यक्रमबाट लाभग्राहिको समस्या र समाधानका उपायको निर्णय गर्ने। |
| | **घ. लागत रकम र अधिकतम सीमाः**<br>१ कार्यविधिमा तोकिएको अनुदान र स्विकृत कार्यक्रम तथा वजेट अनुसार |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१ सम्बन्धित सरोकारवाला निकाय संगको समन्वय सहकार्य र सह अस्तित्वको आधारमा कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गर्ने |
| ९६ | **क कार्यक्रमको नामःपशुपन्छी रोग अन्वेशण प्रयोगशाला सेवा कार्यक्रम** |
| | **ख.उद्देश्यः** जिल्लामा लाग्न सक्ने रोगको स्थानीय स्तरमा नै रोगको पहिचालन गरी बैज्ञानिक तरीकाबाट उपचार गर्न र पशुपन्छी स्वास्थ्यको संरक्षण गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः** |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | १.प्रयोगशालामा कार्य गर्ने कर्मचारीको खाइ पाइ आएको तलबको पच्चिस प्रतिशत रकम थप। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.जोखिम भत्ता भुक्तानि लिने कर्मचारीले प्रयोगशालाको कार्यमा कम्तीमा महिनाको बिस कार्य दिन संलग्न रहेको हुनुपर्नेछ ।<br>२.प्रयोगशाला परीक्षणको मासिक न्यूनतम संख्याः<br>क.ट्राइकोडर्माः पाँच सय पाकेट<br>ख.विउ नमुना परिक्षणः दुई सय स्याम्पल<br>ग.माटोको नमूना परिक्षणः दुई सय स्याम्पल<br>घ. रोगका नमुना परिक्षणः दुई सय स्याम्पल |
| ९४ | **क.कार्यक्रमको नामः तथ्याङक सँकलन बिश्लेषण तथा प्रकाशन** |
| | **ख.उद्देश्यः**कृषि तथा पशुपन्छी संग सम्बन्धित तथ्याङहरुको संकलन प्रशोधन तथा बिश्लेषण गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१. वार्षिक कार्यक्रमको प्रगति तयारी तथा प्रकाशन<br>२. बाली नालीको उत्पादन रेकर्ड (क्रप कटिङ्ग)<br>३. मासिक बालीनालीको स्थिति विवरण सकलन<br>४. कृषि तथा पशुपन्छीको मासिक बजार मुल्य सूचना सकलन<br>५. कृषि र पशुपन्छीमा सलग्न ब्यवसायि/उद्योग/उद्यमीहरुको विवरण तथा प्रोफाइल<br>६. बिभिन्न आयोजना तथा परियोजनासगँ सम्बन्धित प्रगति तथा तथ्याङक पुस्तिका<br>७. अनुदानग्राहीहरुको विवरण<br>८. पशुरोग तथा इपिडीयोमोलिजिकल प्रतिबेदन । |
| | **घ. लागत रकम र अधिकतम सीमाः**<br>१. वार्षिक कार्यक्रमको प्रगति तयारी तथा प्रकाशन ( एकमुष्ट रु दुइ लाख र तीन सय प्रति रङगिन छपाई)<br>२. बाली नालीको उत्पादन रेकर्ड (क्रप कटिङ्ग) (प्रति क्रप कटिङ रु एक सय कृषकलाइ दिने)<br>३. मासिक बालीनालीको स्थिति विवरण सकलन (मासिक रुपमा सकलन गर्ने र वार्षिक प्रगति पुस्तिकामा समावेश गर्ने )<br>४. कृषि तथा पशुपन्छीको मासिक बजार मुल्य सूचना सकलन (मासिक रुपमा |



कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | क) अधिकृत, कृषि बिकास कार्यालय<br>ख) कृषि बिकास कार्यालयमा कार्यरत एक वडा एक कृषि प्राविधिक<br>ग) सम्बन्धित स्थानीय तह को कृषि शाखाका कृषि प्राविधिक<br>७.कृषकहको माग सकलनको आधारमा आवश्यक फलफुल बेर्ना खरिदको लागि कानुनी रुपमा दर्ता भएका नर्सरीहरु र नर्सरीमा उपलब्ध फलफुलको जात, परिमाण र मूल्यको जानकारी सहितको सूचिकृत गर्ने ।<br>८.कृषकहरुलाइ सूचिकृत भएका नर्सरीहरुबाट बेर्ना लगेको विवरण, नर्सरी धनिको सिफारिस, अनुगमन तथा सिफारिस समितिबाट खाडल खनि बेर्ना लगाएको एकिन एव सिफारिस भएमा कृषकको खातामा खाडल खन्न तथा बगैचा व्यवस्थापन बापतको एकमुष्ट रकम भुक्तानी गर्नुपर्नेछ भने बिरुवाको लागत वातको पचहत्तर प्रतिशत रकम नर्सरी धनिको खातामा वा कृषक स्वयमले पैसा दिइ खरिद गरेको अवस्थामा कृषकलाइ भुक्तानी गर्नुपर्नेछ भने कृषकको लागत स्वरुपको पच्चिस प्रतिशत रकम नर्सरीधनि स्वयमले सकलन गर्नुपर्नेछ ।<br>९.फलफुल लगाउने जग्गाको लालपुर्जा तथा सामुहिक वा समुहमा चक्लाबन्दि गरी फलफुल लगाउने निर्णयको कागजपत्र ।<br>१०.फलफुल लगाउने क्षेत्रफल हरेक ब्यक्तिको कम्तिमा एक रोपनी भएको हुनुपर्नेछ ।<br>११.यो कार्यक्रम मार्फत लाभ लिने ब्यक्तिलाइ हरेक आ.ब.को वार्षिक कार्यक्रममा बजेट र कार्यक्रम कार्यन्वयनको लागि कार्यबिधि स्वीकृत भएको हतसम्म तीन वर्ष सम्म लगातार सहूलियत अनुदान उपलब्ध गराईनेछ । |
| ९३ | **क.कार्यक्रमको नामः प्रयोगशाला जोखिम भत्ता कार्यक्रम** |
| | **ख.उद्देश्यः** जोखिम युक्त प्रविधि हरु (रसायन, जोखिमयुक्त मेशिनको प्रयोग, स्वास्थ्यलाइ असर पार्ने प्रविधि आदि) प्रयोग गरी प्रयोगशालामा कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्सहान गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. प्रयोगशालामा कार्यरत भइ जोखिमयुक्त प्रविधि हरु (रसायन, जोखिमयुक्त मेशिनको प्रयोग, स्वास्थ्यलाई असर पार्ने प्रविधि आदि) को प्रयोग तथा परिक्षण गर्ने ।<br>२. बाली सरक्षण, बिउ उत्पादन तथा माटो सगँ सम्बन्धित प्रविधि हरुको प्रयोगशाला परिक्षण गर्ने । |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः** |

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | २. फलफुल बिरुवा रोपणका लागि खाडल तयारी ।<br>३. फलफुलको बगैचा व्यवस्थापन ।<br>४. फलफुल बिरुवा लगाउनको लागि माग सकलन, खाडल तयारी तथा बिरुवा रोपणमा एक स्थानीय तह एक कृषि प्राविधिक हरुको परिचालन।<br>५. चक्लाबन्दि गरी सामुहिक रुपमा फलफुल लगाउने स्थानमा घेरबार र साना सिचाइ । |
| | **घ. लागत रकम र अधिकतम सीमाः**<br>१. फलफुल बिरुवा लगाउने कृषकलाइ बिरुवाको परल मूल्यको पचहत्तर प्रतिशत रकम ।<br>२. फलफुल बिरुवाको खाडल तयारी गरे वापतको प्रति खाडल रु दुइ सय का दरले हुन आउने रकम ।<br>३. चक्लाबन्दी भएको र सामुहिक रुपमा फलफुल लगाउने क्षेत्रमा घेरबारमा पचास प्रतिशत र साना सिचाइमा सत्तरी प्रतिशत अनुदान । |
| | **ङ.न्यूनतम मापदण्ड तथा सञ्चालन प्रक्रियाः**<br>१.यो कार्यक्रम विशेष त खाद्य सुरक्षा तथा आम्दानीको हिसाबले पछाडि परेका साविकका कर्णालीका पाँच जिल्ला (कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा जिल्ला) मा सञ्चालन हुने<br>२.जिल्लाको खाद्य सुरक्षाको हिसाबले जोखिम बस्ती, फलफुलको सम्भावना भएको, महिला सहकारी तथा समुह भएको स्थान, बाझो जग्गा भएको र फलफुल लगाउन ईच्छुक कृषक लगायतका अन्य मापदण्ड तयार गरी जिल्लाबाट स्थान छनोट गरिने ।<br>३.छनोट गरीएको स्थानमा महिला समुह तथा सहकारी वा कम्तिमा पन्ध्र जना माथिको महिला सहभागिता बढि रहने गरी समुह गठन गरी फलफुल लगाउनको लागि सूचना आव्हान गरिने<br>४.महिला समुह/सहकारीबाट चक्लाबन्दि वा जग्गा एकिकृत गरी एकै स्थानमा फलफुल लगाउने कृषकलाइ प्राथमिकता ।<br>५.फलफुल लगाउने ईच्छुक कृषकबाट बिरुवा लगाउनका लागि माग सकलन, खाडल तयारी, बिरुवा रोपण लगायतका कार्यका लागि एक वडा एक कृषि प्राविधिक लाइ लक्ष्य तोकि परिचालन गर्नुपर्ने ।<br>६.खाडल तयारी, बिरुवा रोपण भएको एकिन गर्नका लागि तपशिल अनुसारको अनुगमन तथा भुक्तानी सिफारिस समिति गठन गर्नुपर्नेछ । |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव



प्रमुख सचिव

| | |
|---|---|
| | ६.लेवलिङ्ग, प्याकेजिङ्ग, ब्राण्डिङ्ग तथा बिक्रि कक्ष/कोशेली घर सञ्चालनमा सहयोग<br>७.जैविक विविधता मेला सञ्चालन र सहभागिता<br>८.कुटानी पिसानीमा मेशिनरी सहयोग |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>निजी व्यवसायीलाई पचास प्रतिशत र समुह सहकारीलाई सत्तरी प्रतिशत अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. रैथानै वालीहरूको ब्लकमा उत्पादनको लागि न्यूनतम दुइ हेक्टर<br>२.कम्पोष्ट तथा गोवर मलको प्रयोग<br>३.घरेलु विषादीको प्रयोग<br>४.बिक्रि प्रवर्द्धन को लागि **मूल्यवान** लोगोको प्रयोग |
| ९१ | **क.कार्यक्रमको नामः सहकारी मार्फत कुटानी पिसानी मिल स्थापना कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.परम्परागत घट्टमा सुदृढीकरणगरी कार्यक्षमता बढाउने<br>२.कुटानी पिसानी मिल सञ्चालन मार्फत महिला कृषकहरूको कार्यबोझ कम गराउने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.परम्परागत घट्टमा सुधार<br>२.समुह सहकारी मार्फत कुटानी पिसानी मिल सञ्चालनमा सहयोग<br>३.कुटानी पिसानी मिलको मेशनरी सामग्रिमा सहयोग |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. समुह सहकारीलाई सत्तरी प्रतिशत अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. समुह सहकारी मार्फत मात्र सञ्चालन गरिने<br>२. परम्परागत घट्टमा सुधारको कार्यक्रमलाइ प्राथमिकता दिने<br>३. भवन निर्माण तथा सुधारमा सहयोग उपलव्ध हुने छैन |
| ९२ | **क.कार्यक्रमको नामः फलफुल क्षेत्र बिस्तार कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१. बिभिन्न स्थानीय तथा उन्नत जातका फलफुल खेतिको क्षेत्र बिस्तार गर्ने ।<br>२. फलफुलको उत्पादन तथा उत्पादकत्व बढाउने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. फलफुल बिरुवा वितरण । |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल
निमित्त सचिव
प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल
प्रमुख सचिव

| | |
|---|---|
| | सञ्चालन गर्न सकिनेछ। |
| ८९ | **क.कार्यक्रमको नामः व्यावसायिक कीट विकास कार्यक्रम** |
| | **ख.उद्देश्यः**व्यावसायिक सम्भावना भएका मौरी तथा रेशम खेती प्रवर्द्धन गरी आयआर्जन तथा रोजगारी सृजना गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.मौरीपालनः<br>क.ब्लकमा मौरीपालन कार्यक्रम सञ्चालन<br>ख.उन्नत मौरी घार तथा गोला वितरण<br>ग.मौरी सामग्री वितरण<br>घ.प्राविधिक तालीम सञ्चालन<br>ङ.उत्पादित महको लेबलिङ्ग प्याकेजिङ्गमा सहयोग<br>**२.रेशम खेतीः**<br>क.ब्लकमा रेशम खेती कार्यक्रम सञ्चालन<br>ख.रेशम पालनको लागि विउ ढुवानी र वितरण<br>ग.किम्बु खेती विस्तार<br>घ.प्राविधिक तालीम सञ्चालन |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>निजी व्यवसायीलाइ पचास प्रतिशत र समुह सहकारीलाइ सत्तरी प्रतिशत अनुदान |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.व्यबसायिक रुपमा उत्पादन तथा बजारीकरण गर्न सकिने किट (commercial insects) हरुमा कार्यक्रम सञ्चालन गर्ने । |
| ९० | **क.कार्यक्रमको नामः रैथाने वाली प्रबर्ध्दन कार्यक्रम** |
| | **ख.उद्देश्यः** रैथाने वालीहरूको संरक्षण, उपयोग र प्रवर्द्धन गरी कृषकहरूको पोषण स्थितिमा सुधार ल्याउनुका साथै आयआर्जन बृद्धि गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.ब्लकमा रैथानै वालीहरूको उत्पादन<br>२.जैविक विविधता संरक्षण प्रदर्शन<br>३.रैथाने बालीहरूको जात सूचीकरण<br>४.रैथाने बालीहरूको ब्लक उत्पादनमा साना सिंचाइ<br>५.प्रशोधन तथा परिकार विविधिकरण |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर

प्रमुख सचिव

| | |
|---|---|
| | ४.उत्पादन तथा पोष्ट हार्भेष्ट तालीममा कूल बजेटको दश प्रतिशत खर्च गर्न सकिने । |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.क्लष्टरमा वाली लगाइने न्यूनतम क्षेत्रफलः<br>क.चैते धानः पाँच हेक्टर<br>ख.मकैः दश हेक्टर<br>ग.लसुन, प्याजः पाँच हेक्टर<br>घ.भटमासः पाँच हेक्टर<br>ङ मसलाबाली/तिलः तीन हे |
| ८८ | **क.कार्यक्रमको नामः कर्णाली प्रदेश विउ क्षेत्र सहयोग कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१. उन्नत जातका बिउ उत्पादन तथा बजारीकरण मार्फत उत्पादकत्व बढाउने । |
| | **ग.प्रमुख क्रियाकलापहरुः**<br>१.उन्नत बिउ उत्पादन<br>२.बिउ सँकलन प्रशोधन भण्डारण<br>३.स्रोत बिउ तथा ढुवानी सहयोग<br>४.उत्पादन प्रोत्सहान<br>५.साना सिचाइ<br>६.बिउ प्रशोधन पूर्बाधार सहयोग<br>७.क्षमता अभिबृद्धि, बैठक र समन्वय |
| | **घ.अनुदान रकम तथा सिमा निर्धारणः**<br>१.समुह सहकारी मार्फत बिउ उत्पादन भएकोमा पूर्बाधार ( भण्डारण, प्रशोधन तथा साना सिचाइ आदि) बिकासमा सत्तरी प्रतिशत अनुदान र निजी फर्मको हकमा पचास प्रतिशत सहूलियत सहयोग ।<br>२.बिउ उत्पादनको परिमाणको आधारमा प्रति केजी सम्झौता मूल्यको तीस प्रतिशत रकम बिउ बिउ बिजन कम्पनीको सिफारिसमा उत्पादनकर्तालाइ उपलब्ध गराउने । |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**<br>१.बिउ उत्पादनको कार्य बिउ बिजन खरिदकर्ता (बिउ कम्पनि/सहकारी/एग्रोभेट आदि) सगँको समन्वय, सहकार्य तथा बिक्रि सम्झौता गराएर मात्र सञ्चालन गर्नुपर्नेछ ।<br>२.अन्य प्राविधिक विषयहरु नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत बिउ बिजन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार कार्यक्रम |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | गर्न सकिने। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. सदरमुकाम तथा आसपासका क्षेत्रका तरकारी व्यवसाय गरीरहेका वा गर्न चाहाने कृषकहरु मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने ।<br>२. व्यावसायिकरूपमा तरकारी खेती उत्पादनमा संलग्न भएको।<br>३.बजार माग अनुसार तरकारी उत्पादन गर्ने ।<br>४. कम्तीमा दुई रोपनी क्षेत्रफलमा तरकारी खेती गरेको र वेमौसमी तरकारी खेतिको लागि दुई वटा प्लाष्टिक घर भएको ।<br>५. मल व्यवस्थापनका लागि कम्पोष्ट खाडल वा भकारो सुधार भएको हुनुपर्ने । |
| ८७ | **क.कार्यक्रमको नामः उत्पादनमुखी मिशन कार्यक्रम** |
| | **ख.उद्देश्यः**व्यावसायिक रूपमा कृषिजन्य वाली वस्तुहरूको उत्पादन गरी प्रदेशको खाद्य सुरक्षा, आयआर्जन तथा रोजगारी अभिवृद्धी गर्ने । |
| | **ग. प्रमुख क्रियाकलापहरूः**<br>१.मकै, प्याज, लसुन, चैते धान, भटमास वालीमा मिसन कार्यक्रम सञ्चालन गर्ने ।<br>२.मिसन कार्यक्रम सञ्चालन गर्न प्राविधिक दृष्टिकोणले सम्भाव्य वाली र स्थानको छनौट ।<br>३.मिसन कार्यक्रममा संलगन हुन चाहने कृषक, समुह, सहकारी, निजी फर्म तथा कम्पनीहरूको छनौट ।<br>४.विउ तथा ढुवानी सहयोग ।<br>५.कृषि औजार उपकरणको सहयोग ।<br>६.प्याज भण्डारणका लागि नमुना भण्डारण घर निर्माण ।<br>७.उत्पादन तथा पोष्ट हार्भेष्ट तालीम ।<br>८.उत्पादित बस्तुहरूको विक्रि वितरणका लागि छलफल तथा अन्तरक्रिया ।<br>९.मिल तथा उद्योग सँग समन्वय ।<br>१०.उत्पादन मुखी मिसन कार्यक्रम सगँ सम्बन्धित साना सिचाइ मर्मत तथा निर्माण । |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१ समुह/सहकारी मार्फत सञ्चालित कार्यकममा सत्तरी प्रतिशत र निजी फर्मका लागि पचास प्रतिशत सहूलियत ।<br>२. उत्पादनका लागि सिचाइ योजनाहरुमा पचासी प्रतिशत सहूलियत ।<br>३. लागत अनुमान अनुसारको नमुना प्याज भण्डारण घर निर्माण । |



कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल
प्रमुख सचिव

| | |
|---|---|
| | निजी व्यवसायीलाइ पचास र समुह सहकारीलाइ सत्तरी प्रतिशत सहूलियत अनुदान । |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. सदरमुकाम तथा व्यापारिक केन्द्र भएका स्थानमा सञ्चालन गर्ने।<br>२.पुष्प खेतिमा सङलग्न वा पुष्प खेति सम्वन्धी तालीम लिएका लाइ प्राथमिकता ।<br>३. व्यबसायिक प्रयोजनका फूलहरु (गुलाब/सयपत्री/मखमली/gladiolus आदि) को खेति गर्नुपर्नेछ । |
| ८६ | **क.कार्यक्रमको नामः सदरमुकाम लक्षित तरकारी आत्मनिर्भर कार्यक्रम** |
| | **ख.उद्देश्यः** घनावस्ती भएका जिल्ला सदरमुकामको बढ्दो तरकारीको मागलाई सदरमुकाम आसपासका गाउँवाट नै उत्पादन गराई तरकारीमा आत्मनिर्भर बनाउने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.सदरमुकाम र सदरमुकामको सीमासंग जोडिएका स्थानका व्यावसायिक कृषकहरूको सूचिकरण गर्ने ।<br>२.अनुगमन तथा फिल्ड भेरिफिकेशन ।<br>३.तरकारी लगाउने कृषकको फिल्ड भेरिफिकेशन गर्न तपसिल अनुसारको समिति गठन गर्नुपर्नेछ ।<br>संयोजकः अधिकृत, कृषि विकास कार्यालय<br>सदस्यः कृषि बिकास कार्यालयमा कार्यरत एक स्थानीय तह एक कृषि प्राविधिक<br>सदस्यः सम्बन्धित स्थानीय तह को कृषि शाखाको कृषि प्राविधिक<br>४.फिल्ड भेरिफिकेशन समितिले तरकारी खेती गरीएको क्षेत्रफल र वेमौसमी तरकारी खेती भए प्लाष्टिक घरको अनुगमन गरी सिफारिस गरेमा मात्र भुक्तानी उपलव्ध गराइनेछ । |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.सूचीकृत भएका व्यावसायिक कृषकलाइ प्रति रोपनी रू पाँच हजार का दरले दुइ किस्तामा उत्पादन प्रोत्साहन रकम उपलव्ध गराइनेछ ।<br>२. वेमौसमी तरकारी उत्पादन गर्ने कृषकले प्लाष्टिक घर निर्माण (६x१२ मि.) गरेमा प्रति प्लाष्टिक घर रू बिस हजार प्रति टनेलका दरले अधिकतम दश टनेलसम्मको वार्षिक रुपमा प्रोत्साहन रकम उपलव्ध गराइनेछ ।<br>नोट. हुम्ला, डोल्पा, मुगुका जिल्लाहरुमा जिल्ला दर रेट अनुसारको लागतमा पचास प्रतिशत सम्म र कालिकोट र जुम्लामा उल्लेखित अनुदान रकमा बिस प्रतिशत थप |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | उपलव्ध गराइनेछ ।<br>८. यस कार्यक्रममा सहभागी हुन चाहाने कृषकहरुलाइ कार्यालयबाट सूचिकृत गराइ कार्य थालनी गर्न सकिनेछ।<br>९. यस कार्यक्रममा एक स्थानीय तह  एक कृषि प्राविधिक लाइ लक्ष्य तोकेर परिचालन गर्नुपर्नेछ |
| ८४ | **क.कार्यक्रमको नामः युवा कृषकहरूलाई जग्गा भाडा सहयोग कार्यक्रम** |
| | **ख.उद्देश्यः**युवा उद्यमी कृषकहरूलाई व्यावसायिक खेतीमा प्रोत्साहन गरी रोजगारी सृजना गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. जग्गाको भाडा उपलव्ध गराउने |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.प्रति रोपनी रू पाँच हजार का दरले अधिकतम रू एक लाख सम्म वार्षिक  रुपमा भाडा उपलव्ध गराउने सकिने ।<br>२.माथि उल्लेखित अनुदान रकम व्यवसायीलाइ बजेट तथा कार्यक्रम बिनियोजन भइ कार्यबिधि स्वीकृत भएको हत सम्ममा तिन वर्ष सम्म को जग्गा भाडा उपलव्ध गराइनेछ । |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.जग्गाधनि सँग लिजमा लिएको सम्झौता कागजपत्र ।<br>२. लिजमा लिएको जग्गामा कृषि व्यवसाय सञ्चालन गरेको हुनुपर्ने ।<br>३.न्यूनतम पाँच वर्षको लिज अवधी हुनुपर्ने ।<br>४. लिजमा लिएको जग्गामा उच्च मूल्य जन्य कृषि बस्तुहरुको उत्पादन गर्नुपर्नेछ ।<br>५. लिजको जग्गा भुक्तानि दिदा उत्पादित बस्तुहरुको अनुगमन गरी मात्र भुक्तानी दिनुपर्नेछ |
| ८५ | **क.कार्यक्रमको नामः पुष्पखेती प्रबर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्यः** पुष्पखेती सञ्चालन मार्फत रोजगारी सृजना गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.पुष्प नर्सरी स्थापना ।<br>२.क्षमता अभिबृद्धि कार्यक्रम ।<br>३.टनेल तथा नेट हाउस निर्माण । |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः** |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | फर्महरू छनौट गरी क्लष्टरमा तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्ने ।<br>३. तरकारीका उन्नत विउ वितरण ।<br>४. तरकारी नर्सरी स्थापना ।<br>५. वेमौसमी उत्पादनका लागि प्लाष्टिक टनेल निर्माण ।<br>६. तरकारी उत्पादन सम्बन्धी क्षमता अभिबृद्धि । |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. छनौट भएका रोड कोरिडोरमा दुइ सिजन तरकारी उत्पादन गर्ने कृषकलाइ प्रति रोपनी रू पाँच हजार का दरले खातामा उत्पादन प्रोत्साहन रकम उपलव्ध गराइनेछ ।<br>२. छनौट भएका रोड कोरिडोरमा वेमौसमी तरकारी उत्पादन गर्ने कृषकले प्लाष्टिक घर (६x१२ मि. को) निर्माण गरेमा प्रति प्लाष्टिक घर रू बिस हजार का दरले अधिकतम दश पलास्टिक घर सम्मलाइ प्रोत्साहन रकम उपलव्ध गराइनेछ । |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. रोडकोरिडोरमा तरकारी उत्पादन गरीरहेका र गर्न ईच्छुक सगँ कार्य सञ्चालन गर्ने ।<br>२. रोड कोरिडोर लक्षित तरकारी खेतीका लागि न्यूनतम क्षेत्रफल दुइ रोपनी हुनुपर्नेछ।<br>३.वेमौसमी तरकारी को लागि कम्तीमा दुइ वटा प्लाष्टिक घर निर्माण गरी खेती गरीएको हुनुपर्ने छ ।<br>४. मल व्यवस्थापनका लागि कम्तीमा दुइ वटा कम्पोष्ट खाडल तयार गरेको हुनुपर्ने छ ।<br>५.रोड कोरिडोर लक्षित तरकारी खेतीका लागि विनियोजन गरीएको कूल रकमको दश प्रतिशत नबढ्ने गरी तरकारी लगाउने कृषकहरूलाइ स्थलगत तरकारी खेती प्रविधि तालीममा खर्च गर्न सकिने छ।<br>६.तरकारी लगाउने कृषकको फिल्ड भेरिफिकेशन गर्न तपसिल अनुसारको समिति गठन गर्नुपर्नेछ ।<br>संयोजकः अधिकृत, कृषि विकास कार्यालय<br>सदस्यः कृषि बिकास कार्यालयका एक स्थानीय तह एक कृषि प्राविधिक<br>सदस्यः सम्बन्धित स्थानीय तह को कृषि शाखाको कृषि प्राविधिक<br>७. फिल्ड भेरिफिकेशन समितिले तरकारी खेती गरीएको क्षेत्रफल र वेमौसमी तरकारी खेती भए प्लाष्टिक घरको अनुगमन गरी सिफारिस गरेमा मात्र भुक्तानी |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | ३. किसानको माग अनुसार फलफुल नर्सरी उत्पादन कर्ताको सूचिकृत गरी किसान स्वयमले बिरुवा लगाएमा सिधै खातामा भुक्तानी गर्नुपर्नेछ ।<br>५. किसानहरुले कार्यालयबाट नै बिरुवा खरिद गर्ने माग आएमा कार्यालयबाट खरिद गरी किसानलाइ वितरण गर्न सकिनेछ ।<br>६. यस कार्यक्रममा एक स्थानीय तह एक कृषि प्राविधिक हरुलाइ लक्ष्य तोकि परिचालन गर्नुपर्नेछ |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.रोड कोरिडोर लक्षित फलफुल खेतीका लागि न्यूनतम बगैंचाको क्षेत्रफल दुइ रोपनी हुनुपर्ने ।<br>२.रोड कोरिडोर लक्षित फलफुल खेतीका लागि विनियोजन गरीएको कूल रकमको दश प्रतिशत नबढ्ने गरी फलफुल लगाउने कृषकहरूलाइ स्थलगत फलफुल खेति प्रविधि तालीममा खर्च गर्न सकिने।<br>३. मल व्यवस्थापनका लागि कम्तीमा दुइ वटा कम्पोष्ट खाडल तयार गरेको हुनुपर्नेछ ।<br>४.फलफुल बगैचा स्थापना गर्ने लगाउने कृषकको फिल्ड भेरिफिकेशन गर्न तपसिल अनुसारको समिति गठन गर्नुपर्नेछ ।<br>संयोजकः अधिकृत, कृषि विकास कार्यालय<br>सदस्यः कृषि बिकास कार्यालयका एक स्थानीय तह एक कृषि प्राविधिक<br>सदस्यः सम्बन्धित स्थानीय तह को कृषि शाखाको कृषि प्राविधिक<br>५.फिल्ड भेरिफिकेशन समितिले विरूवा लगाएको अनुगमन गरी सिफारिस गरेमा मात्र भुक्तानी उपलव्ध गराइनेछ । |
| ८३ | **क.कार्यक्रमको नामः रोड कोरिडोर लक्षित व्यावसायिक प्रोत्साहन कार्यकम (रोड कोरिडोर तरकारी कार्यक्रम)** |
| | **ख.उद्देश्यः**<br>१.मुख्य तथा सहायक राजमार्ग आसपासमा Cluster मा आधारीत तरकारी व्यवसाय सञ्चालन तथा प्रवर्ध्दन गर्ने ।<br>२. तरकारी खेतिको क्षेत्र बिस्तार गरी उत्पादन बृद्दि गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१. प्राविधिक दृष्टिकोणले तरकारी खेती व्यवसाय सञ्चालनका लागि सम्भावना भएका रोड कोरिडोरहरूको क्षेत्र वा खण्ड पहिचान गरी कार्यक्रम तयार गर्ने ।<br>२. छनोट भएको रोड कोरिडोरको खण्डमा कृषक, समुह, सहकारी तथा निजी |



कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | २. घाँसको नर्सरी वा स्रोत केन्द्रको रुपमा स्थापना हुनेलाइ प्राथमिकता दिने<br>३. कार्यालय हाताभित्र निर्माण भएको नर्सरिमा बिरुवा उत्पादन गरी बिरुवा वितरण गर्नुपर्ने र सोको विवरण प्रगति प्रतिबेदनमा राखी मन्त्रालयमा पठाउनु पर्नेछ। |
| ८२ | **क.कार्यक्रमको नामः रोड कोरिडोर व्यावसायिक कार्यकम (फलफुल खेती)** |
| | **ख.उद्देश्यः**<br>१.मुख्य तथा सहायक राजमार्ग आसपासमा Cluster मा आधारीत फलफुल व्यवसाय सञ्चालन तथा प्रबर्ध्दन मार्फत उत्पादनमा वृद्धि गर्ने ।<br>२. रोडकोरीडोरमा फलफुल क्षेत्र बिस्तार गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. प्राविधिक दृष्टिकोणले फलफुल व्यवसाय सञ्चालनका लागि सम्भावना भएका रोड कोरिडोरहरूको निश्चित खण्ड पहिचान गरी क्रमिक रुपमा कार्यक्रम तयार गरी कार्यन्वयनमा ल्याउने<br>२.छनोटभएका रोड कोरिडोर को क्षेत्र वा खण्डमा समुह, सहकारी तथा निजी फर्महरू छनौट गरी क्लष्टरमा फलफुल उत्पादन कार्यक्रम सञ्चालन गर्ने<br>३.फलफुलका उन्नत विरूवा वितरण<br>४.विरूवा ढुवानी सहयोग<br>५.विरूवा रोपणका लागि खाडल तयारी<br>६.गुणस्तरीय फलफुल उत्पादन सम्बन्धी क्षमता अभिबृद्धि<br>७.चक्लाबन्दी गरी फलफुल लगाएमा घेरबार खर्च । |
| | **घ. अनुदान रकम र अधिकतम सीमाः**<br>१. विरूवाको सन्दर्भ मूल्यको पचहत्तर प्रतिशत बराबरको रकम विरूवा संख्याको हिसाव गरी एकमुष्ट रकम कृषकको खातामा जम्मा गरीदिने ।<br>२. कम्तिमा बिस रोपनी भन्दा बढि क्षेत्रफल चक्लाबन्दी गरी फलफुल लगाएमा घेरबार तथा साना सिचाइको लागि पचास प्रतिशत सहूलियत दिन सकिने ।<br>३. रोडकोरिडोरका उद्यमी, कृषक वा समुदायको कुनै व्यक्ति( अगुवा कृषक/कृषि प्राविधिक ) ले कम्तिमा एक हे जग्गामा फलफुल लगाउने कृषकको माग सकलन, खाडल तयारी, बिरुवा रोपण गरी बगैचा स्थापना गरेमा सो ब्यक्ति ( फलफुल खेति प्रबर्धन स्वयमसेवक) लाइ प्रति हेक्टर रु पाँच हजार का दरले प्रोत्सहान रकम उपलब्ध गराउन सकिनेछ ।<br>४. छनोट भएको सडक खण्डको क्षेत्रमा फलफुल खेति प्रबर्धक स्वयम सेवकलाइं अभिमुखीरण दिनुपर्नेछ । |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

११ प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | १. बेरोजगार कृषि प्राविधिक (कृषि र पशुसेवा) हरुबाट नमुना फार्म स्थापना तथा सञ्चालन गरिने<br>२. कृषि प्राविधिक नभएमा ग्रामिण कृषि वा पशुसेवा तालीम प्राप्त व्यक्तिबाट पनि सञ्चालन गर्न सकिनेछ<br>३. पहिलो चरणमा दैलेख र रुकुम पश्चिम जिल्लाको सबै वडाहरुमा परिक्षण/नमुनाको रुपमा सञ्चालन गरिने<br>४.जमिनको क्षेत्रफलः कम्तीमा तीन रोपनी क्षेत्रफलमा एकिकएत कृषि तथा पशुपन्छी नमुना फार्म सञ्चालन गरेको<br>५. वर्षाको पानी सङ्कलन/कम्पोष्ट खाडल/ भर्मिकम्पोष्ट पिट/सुधारिएको गोठ/प्राङ्गारिक विषादी/पशु मूत्र सङ्कलन र उपयोगआदि गरेको वा गर्नेलाइ प्राथमिकता<br>६. नमुना फार्म स्थापना गरी स्रोत व्यक्तिको रुपमा स्थापित हुनका लागि प्रति वडा एक जनाका दरले वडाको सिफारिसमा स्थानीय तह को कृषि तथा पशुसेवा शाखामा सूचिकृत गरी जिल्ला स्थित कार्यालयबाट छनोट गरिने। |
| ८१ | **क.कार्यक्रमको नामः घाँस/ खर्क विकास कार्यकम** |
| | **ख.उद्देश्यः**<br>१.पशुपालन व्यवसायका लागि घाँसको सहज उपलव्धता गराई दुध तथा मासु जन्य उत्पादन बृद्दि गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.घाँसको विउ उत्पादन<br>२.भुईं घाँस तथा डाले घाँस नर्सरी स्थापना<br>३.भुईं घाँस तथा डाले घाँसको विरूवा उत्पादन तथा वितरण<br>४.विभिन्न उन्नत जातका भुईं घाँस तथा डाले घाँसको उत्पादन प्रदर्शन<br>५.साइलेज तथा हे निर्माण<br>६.क्षमता अभिबृद्धि कार्यक्रम<br>७.घाँसका बिरुवा ढुवानी अनुदान सहयोग<br>८.कार्यालय परिसरमा नर्सरीमा बिरुवा उत्पादन तथा वितरण। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>समूह सहकारी मार्फत सत्तरी प्रतिशत र निजी फर्मका लागि पचास प्रतिशत |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. पशुपालन व्यबसायमा सलग्न भएको हुनुपर्ने |



निमित सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२.०८.८

प्रमुख सचिव

| | |
|---|---|
| | प्रति दिनका हिसाबले मात्र उपलब्ध गराइने। |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**<br>१.कृषि वा पशु विज्ञान अध्ययन गरेको ( जेटि, जेटिए, आइ. एस्सी. एग्री, वि. एस.सी एग्री, एम. एस सि. एजी)<br>२.कर्णाली प्रदेश भित्र व्यवसाय सञ्चालन गर्न प्रतिबद्द युवा<br>३.कृषि र पशुपन्छी व्यवसाय सञ्चालन गरेकोलाई प्राथमिकता<br>४.प्रमाणपत्र धितो राखि ऋण लिई व्यवसाय सञ्चालन गर्न ईच्छुक<br>५.कुनै पनि सरकारी तथा गैह्सरकारी क्षेत्रमा कर्मचारीको रुपमा कार्यरत नभएको<br>६. प्राविधिक हरुको छनोटमा बिस देखि पचास वर्ष उमेर समुह र बिदेशबाट फर्केका प्राविधिक लाइ प्राथमिकता दिइने<br>७. प्रयोगात्मक प्रशिक्षणका लागि ब्यबसायिक कृषि तथा पशुपन्छी फर्म, निजि फर्म र कम्पनी र सरकारी फार्म को सूचि तयार गरी सकभर सरकारी फर्ममा प्रशिक्षणको ब्यबस्था मिलाउने । |
| ८० | **क.कार्यक्रमको नामः प्राङगारिक कृषि सेवा प्रदान गर्न वडास्तरमा नमुना प्रांगारिक फार्म**<br>**स्थापना** |
| | **ख.उद्देश्यः**<br>१.प्रांगारिक कृषि र पशु पालन नमूना फार्म स्थापना तथा सञ्चालन गरी प्राङ्गारिक कृषि प्रवर्द्धन गर्ने ।<br>२. स्रोत ब्यक्ति तथा सहजकर्ताको रुपमा परिचालन गरी प्राङगारिक कृषि प्रसार सेवा पुराउने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.प्रांगारिक कृषि उत्पादन र पशु पालन नमूना फार्म सञ्चालन<br>२.प्रांगारिक कृषि र पशुपालनको प्रविधि प्रदर्शन<br>३.व्यावसायिक रूपमा कृषि र पशुपन्छीजन्य वस्तुको उत्पादन तथा बजारीकरण<br>४.सिकाइ केन्द्रको रूपमा स्थापना । |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.प्रांगारिक नमुना फार्ममा स्थापना तथा सञ्चालन गर्नका लागि एकमुष्ट रकम रु पचास हजार प्रति स्रोत ब्यक्ति वा फार्म लाइ दुइ किस्तामा कार्यक्रम सम्पन्न पश्चात भुक्तानी गरिनेछ। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः** |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | १. बेरोजगार कृषि प्राविधिक (कृषि र पशुसेवा) हरुबाट नमुना फार्म स्थापना तथा सञ्चालन गरिने<br>२. कृषि प्राविधिक नभएमा ग्रामिण कृषि वा पशुसेवा तालीम प्राप्त व्यक्तिबाट पनि सञ्चालन गर्न सकिनेछ<br>३. पहिलो चरणमा दैलेख र रुकुम पश्चिम जिल्लाको सबै वडाहरुमा परिक्षण/नमुनाको रुपमा सञ्चालन गरिने<br>४.जमिनको क्षेत्रफलः कम्तीमा तीन रोपनी क्षेत्रफलमा एकिकएत कृषि तथा पशुपन्छी नमुना फार्म सञ्चालन गरेको<br>५. वर्षाको पानी सङ्कलन/कम्पोष्ट खाडल/ भर्मिकम्पोष्ट पिट/सुधारिएको गोठ/प्राङ्गारिक विषादी/पशु मूत्र सङ्कलन र उपयोगआदि गरेको वा गर्नेलाइ प्राथमिकता<br>६. नमुना फार्म स्थापना गरी स्रोत व्यक्तिको रुपमा स्थापित हुनका लागि प्रति वडा एक जनाका दरले वडाको सिफारिसमा स्थानीय तह को कृषि तथा पशुसेवा शाखामा सूचिकृत गरी जिल्ला स्थित कार्यालयबाट छनोट गरिने। |
| ८१ | **क.कार्यक्रमको नामः घाँस/ खर्क विकास कार्यकम** |
| | **ख.उद्देश्यः**<br>१.पशुपालन व्यवसायका लागि घाँसको सहज उपलव्धता गराई दुध तथा मासु जन्य उत्पादन बृद्दि गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.घाँसको विउ उत्पादन<br>२.भुईं घाँस तथा डाले घाँस नर्सरी स्थापना<br>३.भुईं घाँस तथा डाले घाँसको विरूवा उत्पादन तथा वितरण<br>४.विभिन्न उन्नत जातका भुईं घाँस तथा डाले घाँसको उत्पादन प्रदर्शन<br>५.साइलेज तथा हे निर्माण<br>६.क्षमता अभिबृद्धि कार्यक्रम<br>७.घाँसका बिरुवा ढुवानी अनुदान सहयोग<br>८.कार्यालय परिसरमा नर्सरीमा बिरुवा उत्पादन तथा वितरण। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>समूह सहकारी मार्फत सत्तरी प्रतिशत र निजी फर्मका लागि पचास प्रतिशत |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. पशुपालन व्यबसायमा संलग्न भएको हुनुपर्ने |

निमित्त सचिव



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | प्रति दिनका हिसाबले मात्र उपलब्ध गराइने। |
| | **ङ.न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**<br>१.कृषि वा पशु विज्ञान अध्ययन गरेको ( जेटि, जेटिए, आइ. एस्सी. एग्री, वि. एस.सी एग्री, एम. एस सि. एजी)<br>२.कर्णाली प्रदेश भित्र व्यवसाय सञ्चालन गर्न प्रतिबद्ध युवा<br>३.कृषि र पशुपन्छी व्यवसाय सञ्चालन गरेकोलाई प्राथमिकता<br>४.प्रमाणपत्र धितो राखि ऋण लिई व्यवसाय सञ्चालन गर्न ईच्छुक<br>५.कुनै पनि सरकारी तथा गैह्सरकारी क्षेत्रमा कर्मचारीको रुपमा कार्यरत नभएको<br>६. प्राविधिक हरुको छनोटमा बिस देखि पचास वर्ष उमेर समुह र बिदेशबाट फर्केका प्राविधिक लाइ प्राथमिकता दिइने<br>७. प्रयोगात्मक प्रशिक्षणका लागि ब्यबसायिक कृषि तथा पशुपन्छी फर्म, निजि फर्म र कम्पनी र सरकारी फार्म को सूचि तयार गरी सकभर सरकारी फर्ममा प्रशिक्षणको ब्यबस्था मिलाउने । |
| ८० | **क.कार्यक्रमको नामः प्राङगारिक कृषि सेवा प्रदान गर्न वडास्तरमा नमुना प्रांगारिक फार्म<br>स्थापना** |
| | **ख.उद्देश्यः**<br>१.प्रांगारिक कृषि र पशु पालन नमूना फार्म स्थापना तथा सञ्चालन गरी प्राङ्गारिक कृषि प्रवर्द्धन गर्ने ।<br>२. स्रोत ब्यक्ति तथा सहजकर्ताको रुपमा परिचालन गरी प्राङगारिक कृषि प्रसार सेवा पुराउने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.प्रांगारिक कृषि उत्पादन र पशु पालन नमूना फार्म सञ्चालन<br>२.प्रांगारिक कृषि र पशुपालनको प्रविधि प्रदर्शन<br>३.व्यावसायिक रूपमा कृषि र पशुपन्छीजन्य वस्तुको उत्पादन तथा बजारीकरण<br>४.सिकाइ केन्द्रको रूपमा स्थापना । |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.प्रांगारिक नमुना फार्ममा स्थापना तथा सञ्चालन गर्नका लागि एकमुष्ट रकम रु पचास हजार प्रति स्रोत ब्यक्ति वा फार्म लाइ दुइ किस्तामा कार्यक्रम सम्पन्न पश्चात भुक्तानी गरिनेछ। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः** |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | **ग. प्रमुख क्रियाकलापहरू:**<br>१.कृषि तथा पशु विज्ञान विषय अध्ययन गरेका प्राविधिकहरूको सूचीकरण (जिल्ला स्थित कृषि विकास कार्यालय पशु अस्पताल तथा पशु सेवा कार्यालयले गर्ने)<br>२.मापदण्ड अनुसार युवा प्राविधिकहरूको छनौट (जिल्ला स्थित कृषि विकास कार्यालय र पशु अस्पताल तथा पशु सेवा कार्यालयले गर्ने)<br>३.जिल्लामा प्रारम्भिक अभिमुखीकरण कार्यक्रम सञ्चालन<br>४. जिल्ला स्थित कार्यालयहरुबाट सूचिकृत तथा प्रारम्भिक छनोट गरीएका प्राविधिक हरुको मन्त्रालयको समन्वयमा कृषि तथा पशुपन्छी व्यबसाय प्रबर्धन तथा प्रशिक्षण केन्द्रले अभिमुखिकरण गोष्ठी सञ्चालन गर्ने<br>५.छनौट भएका युवा प्राविधिकहरूको लागि व्यावसायिक तालीम ( कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन तथा प्रशिक्षण केन्द्र, सुर्खेतमा )<br>६.एक महिने स्थलगत तालीमका लागि फार्म केन्द्रहरूको छनौट (प्रशिक्षण केन्द्रबाट गरिने)<br>७.युवा प्राविधिकहरूले छनौट गरेको व्यवसाय अनुसारको फार्म केन्द्रहरूमा एक महिने स्थलगत तालीम सञ्चालन<br>८.व्यवसाय विकास योजना तयारी<br>९.बैंक संगको समन्वय र वित्तीय पहुँच विस्तार<br>१०.व्यवसाय सञ्चालन<br>११. तालीम सम्पन्न गरी व्यवसाय सञ्चालन गर्ने प्राविधिक (ब्यबसायि) को जिल्ला स्थित कृषि बिकास कार्यालय र पशु अस्पताल तथा पशुसेवा कार्यालय , मन्त्रालय र प्रशिक्षण केन्द्रले अनुगमन गर्ने। |
| | **घ.अनुदान रकम र अधिकतम सीमा:**<br>१.व्यवसाय सञ्चालनको लागि व्यावसायिक योजना अनुसारको लागतमा पचास प्रतिशत वा बढिमा रु तीन लाख सम्म कृषि तथा पशुपन्छी ब्यबसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र र बाँकी लागत साझेदारीमा बैंक मार्फत ऋण परिचालनका लागि सहजीकरण गर्ने<br>२. स्थलगत प्रयोगात्मक तालीम आयोजना (होस्ट) गर्ने फार्मलाइ एक महिना होस्ट तथा प्रयोगात्मक सिकाइ बापत प्रति सहभागी रु दश हजार उपलब्ध गरिने<br>३. सहभागी प्रशिक्षार्थिलाइ एक महिनाको खाना तथा आवास खर्च बापत एकमुष्ट रकम रु पच्चिस हजार उपलब्ध गरिने । साथै सुर्खेतमा प्रयोगात्मक सिकाइ गर्ने प्राविधिक ले आफ्नो घरबाट सहभागी हुने भएमा खाजा नास्ता स्वरुप एक सय पचास |



निमित्त सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | १.प्रांगारिक कृषि प्रबर्ध्दनको लागि स्थानीय तह ले प्राङ्गारिक स्थानीय तह को स्वघोषणा गर्ने।<br>२.घोषित स्थानीय तह संग प्रांगारिक कृषि प्रवर्द्धन को लागि सहयोग गर्ने<br>३.प्रांगारिक कृषि प्रवर्द्धन का लागि स्थानीय तह लाइ उपलव्ध गराइने रकमबाट तपसिल अनुसारको क्रियाकलाप सञ्चालन गर्न सकिने<br>४.प्रांगारिक कृषि सम्बन्धी जनचेतनामूलक तथा प्राङगारिक स्थानीय तह घोषणा सभा कार्यक्रम<br>५.प्रांगारिक कृषि प्रविधि को नमुना प्रदर्शन<br>६.प्रांगारिक कृषि/रैथाने वालीको उत्पादन ब्लक<br>७.क्षमता अभिवृद्धी<br>८. रैथाने वाली/प्रांगारिक कृषिबस्तुहरूको मूल्यवान लोगो सहितको लेबलिङ्ग प्याकेजिङ्ग तथा बिक्रि केन्द्र सञ्चालन सहयोग । यस्ता बिक्रि केन्द्रहरु स्थानीय तह को पहिचानको लागि स्थानीय तह बाहिरका बजारहरुमा पनि गर्न सकिने<br>९. नमुना फार्म प्रदर्शन। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. समुह सहकारी लाइ सत्तरी प्रतिशत सहूलियत सहयोग र निजी फर्मलाइ पचास प्रतिशत सहूलियत । |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. प्राङ्गारिक स्थानीय तह घोषणा पश्चात प्राङ्गारिक कृषि प्रबर्ध्दनका लागि प्राप्त कूल बजेट को खर्च प्रतिशत तपसिल अनुसार गर्नुपर्नेछः<br>क.प्रांगारिक कृषि सम्बन्धी घोषणा तथा जनचेतनामूलक कार्यक्रम- दश प्रतिशत<br>ख.प्रांगारिक कृषिको नमुना प्रदर्शन तथा नमुना फार्म स्थापना- तीस प्रतिशत ।<br>ग.प्रांगारिक कृषि/रैथाने वालीको साना सिंचाइ मर्मत तथा निर्माण सहितको उत्पादन ब्लक -चालिस प्रतिशत<br>घ. रैथाने वाली/प्रांगारिक कृषिबस्तु हरूको लेबलिङ्ग प्याकेजिङ्ग सहयोगः बीस प्रतिशत |
| ७९ | **क.कार्यक्रमको नामः युवा प्राविधिक स्वरोजगार कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.युवा प्राविधिकहरूलाई कृषि व्यवसायमा लाग्न उत्प्रेरित गरी स्वरोजगारको अवसर सृजना गर्ने। |



निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः<br>१.उन्नत मुर्रा राँगो पालन गरेको<br>२.उन्नत मुर्रा राँगो मार्फत प्रजनन् सेवा दिएको हुनुपर्ने<br>३.राँगोको नियमित स्वस्थ परिक्षण गराएको हुनुपर्ने<br>४.सेवा ग्राहि र सेवादाताको स्पष्ट विवरण र सेवा दिएको प्रमाण हुनुपर्ने। |
| ७७ | **क.कार्यक्रमको नामः भेंडा पालक कृषकलाई भेडाको औषधोपचार (प्रोत्साहन) सहयोग कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.भेंडा पालक कृषकहरूको व्यवसायलाइ निरन्तरता दिन सहजीकरण गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.पचास भन्दा बढी भेंडा पालन गर्ने कृषकको सूचिकरण ।<br>२.भेंडाको रोग नियन्त्रणका लागि औषधोपचार सहयोग ।<br>३.व्यवसाय सम्बन्धी अभिमूखीकरण कार्यक्रम ।<br>४.घुम्ति गोठ व्यवस्थापनका लागि आवश्यक सामग्री सहयोग । |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.पचास भन्दा बढी भेंडा पालन गर्ने कृषकहरूलाइ मासिक रू एक हजार पाचँ सय का दरले बाह्र महिनाको कुल हुन आउने रकमलाइ दुइ किस्तामा उपलब्ध गराउने<br>२. भेडा पालक कृषकहरुको विवरण अध्यावधिक गरी निरन्तर सहयोग दिने। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.पचास भन्दा बढी भेंडा पालन गरेको कृषक<br>२.बैंक खाता खोलेको हुनुपर्ने<br>३.भेंडा पालन व्यवसायलाइ निरन्तरता दिनुपर्ने<br>४.वडा र गाउँ स्थानीय तह को सिफारिस हुनुपर्ने<br>५.भुक्तानीको लागि निवेदन र सिफारिसा प्राप्त भएमा रकम सिधै खातामा उपलब्ध गराउनु पर्ने। |
| ७८ | **क.कार्यक्रमको नामः प्राङ्गारिक स्थानीय तह घोषणा तथा सहयोग कार्यकम** |
| | **ख.उद्देश्यः**<br>१.प्राङ्गारिक कृषिको आधार तयार गरी प्राङ्गारिक कृषि प्रबर्धन मार्फत प्राङ्गारिक कर्णाली बनाउने अभियानलाइ सहयोग गर्ने । |
| | **ग.प्रमुख क्रियाकलापहरूः** |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | २. बिनियोजित बजेटको कुल रकम मध्ये कम्तिमा असी प्रतिशत उत्पादनका क्रियाकलापहरु (नश्ल सुधार/सामग्रि/भौतिक पूर्वाधार आदि) र बाँकी बीस प्रतिशत क्षमता अभिबृद्धस/ आहारा व्यवस्थापन आदि क्रियाकलापहरुमा खर्च गर्न सकिने। |
| ७५ | **क.कार्यक्रमको नामः लोपोन्मुख तथा पिछडावर्ग विशेष कार्यकम** |
| | **ख.उद्देश्यः**<br>१.समाजमा रहेका लोपोन्मुख अवस्थाका जातजातीहरू (राजी, बादी, राउटे, गाइने आदि) को आयआर्जन मा टेवा पुर्याइ उनीहरूलाई समाजमा स्थापित गराउन सहयोग गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. लोपोन्मुख अवस्थाका जातजातीहरूको बस्ति पहिचान<br>२.सहभागितात्मक आवश्यकता पहिचान गरी योजना तर्जुमा गर्ने<br>३.कृषि र पशुपन्छीमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन<br>४.क्षमता अभिवृद्धी कार्यक्रम<br>५.उत्पादन सामग्री वितरण<br>६.सीपमूलक कार्यक्रम। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.शत प्रतिशत सहयोग। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.व्यक्तिगत तथा सामुहिकरूपमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन<br>२.सकभर बस्तिका सबै परिवार समेटेर क्लष्टरमा उत्पादन व्यवसाय सञ्चालन गर्ने। |
| ७६ | **क.कार्यक्रमको नामः मुर्रा राँगो पाल्ने फार्म कृषकलाइ सहयोग कार्यकम** |
| | **ख.उद्देश्यः**<br>१.उन्नत भैंसी पालन व्यवसायको लागि उन्नत नश्लको प्रजनन सुविधा स्थानीयस्तरमा नै उपलव्ध गराइ दुध र मासुको उत्पादन तथा उत्पादकत्व वृध्दि गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.उन्नत मुर्रा राँगो पालन गर्ने कृषकको सूचिकरण। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.उन्नत मुर्रा राँगो मार्फत प्रजनन सुविधा उपलव्ध गराउने कृषकलाइ राँगो खरिदका लागि रु तीस हजार प्रति राँगो र प्रजनन सेवा उपलब्ध गराए बापत प्रति सेवा रु एक हजारका दरले प्रोत्साहन सहयोग उपलब्ध गराउने । |



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | भएको हुनुपर्ने<br>२.६ कृषिजन्य सामान ढुवानी साधनहरुको हकमा यातायात कार्यालयमा ढुवानी साधनको रुपमा दर्ता भएको हुनुपर्ने<br>२.७ कृषिजन्य ढुवानी साधान र दुग्ध ट्याङकर खरिद गरेको वा खरिद गर्ने इच्छुक समुह/सहकारी/निजी फर्महरुलाइ चालु आबको बिनियोजित बजेटले अपुग भएमा त्यस्ता ब्यक्तिहरुलाइ आउने आबमा प्राथमिकता दिने गरी प्रतिक्षा सूचि (waiting list) मा राखे। |
| ७४ | **क.कार्यक्रमको नामः रोड कोरिडोर व्यावसायिक कार्यकम (पशुपन्छी पालन)** |
| | **ख.उद्देश्यः**<br>१.मुख्य तथा सहायक राजमार्ग आसपासमा Cluster मा आधारीत पशुपन्छी व्यवसाय सञ्चालन तथा प्रबर्ध्दन मार्फत उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने<br>२.गुणस्तरीय वस्तु उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१.प्राविधिक दृष्टिकोणले पशुपन्छी पालन व्यवसाय सञ्चालनका लागि सम्भावना भएका रोड कोरिडोरहरूमा निश्चित खण्डहरुको पहिचान गरी क्रमिक रुपमा कार्यक्रम तयार गरी लागु गर्ने<br>२.छनोट गरीएको रोड कोरिडोरको क्षेत्र वा खण्डमा समुह, सहकारी तथा निजी फर्महरू छनौट गरी क्लष्टरमा पशुपालन उत्पादन कार्यक्रम सञ्चालन<br>३.पशुपन्छीका उन्नत नश्ल वितरण<br>४.माछा पालन व्यवसायका लागि पोखरी निर्माण, भुरा तथा भुराको ढुवानी सहयोग।<br>५.पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी क्षमता अभिबृद्धि<br>६.पशुपन्छी पालनमा सामग्री सहयोग<br>७.माछा र कुखराको ह्याचरी स्थापना<br>८.पशुपन्छी पालनमा गोठ खोर सुधार<br>९. घाँस स्रोत केन्द्र तथा आहारा व्यवस्थापन । |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.समुह सहकारीमा सत्तरी प्रतिशत र निजी फर्ममा पचास प्रतिशत सहयोग। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. बाहै महिना गाडी चल्ने रोड देखि पाँच किमि दायाँ बायाँका क्षेत्रहरुमा सञ्चालन हुने। |

ब्यबसायि भएमा चालीस प्रतिशत आयात गरीएको मेशिनको लागतमा जडान पश्चात सहयोग गर्न सकिने

८. कृषि तथा पशुपन्छीजन्य उद्योगमा लागेको बिद्धुत महशुलको सत्तरी प्रतिशत सम्म (समुह/सहकारी/निजि फर्म सबै) खर्च।

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१. उत्पादन मापदण्ड

१.१ पशुपन्छी जन्य उत्पादनः

| | | |
|---|---|---|
| दुध उत्पादन परिमाण | दैनिक दुई हजार लिटर भन्दा माथि दुध उत्पादन तथा संकलन | साविकका कर्णाली जिल्लाहरुमा दैनिक तीन सय लिटर भन्दा माथि दुध उत्पादन तथा सकलन हुनुपर्ने |

१.१ कृषि वाली उत्पादनः

| तरकारी/मसाल/आलु/फलफुल लगायतका बालीबस्तुहरु | कैफियत |
|---|---|
| दैनिक पाँच हजार केजी भन्दा माथि उत्पादन तथा सँकलन | सिँगल क्याबको गाडीमा मात्र वातावरण अनूकुलित जडान सुबिधि उपलब्ध हुने |

२. **प्रबर्ध्दनात्मक मापदण्ड**

२.१ कृषि र पशुपन्छीजन्य उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको व्लकमा उत्पादनको लागि उत्पादनकर्ता (कृषक, समुह, सहकारी, फर्म) र उद्योगी बिच उत्पादन अघि उत्पादन र खरिद विक्रिको सम्झौता हुनुपर्ने र ठाउँ छनोट गर्दा उद्योग सगँको समन्वयमा गर्नुपर्ने

२.२ विद्युत महशुस सहुलियत प्राप्त गर्नका लागि उद्योगमा जडान भएको विद्युतको खर्च भुक्तानीको लागि नेपाल विद्युत प्राधिकरणको खर्च विल हुनुपर्ने

२.३ दुग्ध ट्याङ्करको लागि ट्याङ्कर खरिद गरेको विल वा आयात गरेको भए भन्सार कर तिरेको रसिद

२.४ कृषि वस्तु ढुवानीको लागि वातावरण अनुकूलित सुविधा जडान गरेको विल भरपाइ

२.५ दुग्ध टयाङकरको हकमा दुग्ध टयाङकरको रुपमा यातायात कार्यालयमा दर्ता

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | १.१ कृषि तथा पशुपन्छीजन्य उद्योगहरूलाइ आवश्यक पर्ने कच्चा पदार्थ अनुसार वाली वा पशुपन्छीहरूको ब्लकमा उत्पादन<br>१.२ कृषकहरूको क्षमता अभिबृद्धि<br>१.३ कृषि तथा पशुपन्छी उत्पादन सामग्री सहयोग<br>१.४. कृषि तथा पशुपन्छी प्रशोधन सामग्रीहरु।<br>**२. प्रबर्द्धनात्मक कृयाकलापहरूः**<br>२.१ कृषि उद्योगहरू (बिउ उत्पादन तथा प्रशोधन सहित) लाइ विद्यूत महशुलमा सहुलियत<br>२.२ उत्पादित कृषि तथा पशुपन्छीजन्य सामग्रीहरूको ढुवानी साधनमा सहुलियत (दुग्ध टयाङ्कर, कृषि बस्तुहरुको ढुवानी साधनमा वातावरण अनुकूलित सुविधा जडान खर्च)<br>२.३. कृषि तथा पशुजन्य प्रशोधन तथा भण्डारण सामग्रीहरुमा सहूलियत<br>२.४ कृषि तथा पशुजन्य बस्तुहरुको भण्डारणको लागि कोल्ड च्याम्बर जडान<br>२.५. रिफ्रीजेरेटेड माछा ढुवानी साधन तथा कोल्ड रुम<br>२.६. कृषि तथा पशुपन्छी जन्य बस्तुहरुको निर्यात गर्ने उद्योगहरुले मेशिनरी औजार आयात गरेमा लागत सहयोग गर्ने सकिने<br>२.७ कोल्ड रुम निर्माण ( कृषि तथा पशुपन्छी जन्य बस्तुहरुको बजारीकरण गरीरहेका सकलन केन्द्र/सहकारी/निजी ब्यापारीहरु मार्फत सञ्चालन गरिने)। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. निजी ब्यबसायीहरुलाइ दुग्ध टयाङ्करको हकमा खरिद मूल्यको तीस प्रतिशत अनुदान सहुलियत हुनेछ भने सहकारी सस्थाहरुलाइ सत्तरी प्रतिशत सहूलियत<br>२. कार्यालयबाट सरकारी निकायलाइ सहयोग गरिने साधनमा यो प्राबधान लागु नहुने<br>३. कृषिजन्य ढुवानी साधनमा वातावरण अनुकूलित सुविधा जडान भएको लागत खर्च वा एकमुष्ट रकम रू पाँच लाख सम्मको लागत खर्च सहयोग<br>४. दश टन क्षमता सम्मका कोल्ड च्याम्बर जडानका लागि लागत मूल्यको तीस प्रतिशतसम्म  सहूलियत उपलब्ध गराउन सकिने<br>६. रिफ्रीजेरेटेड माछा ढुवानी साधन तथा कोल्ड रुममा लागत मूल्यको तीस प्रतिशत<br>७. कृषि तथा पशुपन्छी जन्य बस्तुहरुको निर्यात गर्ने उद्योगहरुले क्षमता बिस्तार गर्नका लागि मेशिनरी औजार आयात गरेमासहकारी भएमा साठीं प्रतिशत र निजी |



निमित्त सचिव

प्रमुख सचिव

सञ्चालन गर्ने ।

३. ब्लकमा उत्पादन कार्यक्रमका लागि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको परियोजना कार्यन्वयन म्यानुअल २०७७ अनुसार गर्ने तथापि कर्णाली प्रदेशको अवस्थालाइ मध्यनजर गर्दै पशुपन्छीको सख्यामा तपशिल अनुसार न्यूनतम सख्याबाट शुरुवात गरी कार्यक्रम अबधिमा म्यानुअलमा तोकिएको लक्ष्य हासिल गर्ने

४. पशुपन्छीहरूको ब्लक स्थापना गर्नका लागि न्यूनतम संख्याः

| | | | | |
|---|---|---|---|---|
| गाइः पचास | भैंसी ७५ | भेंडाः १००० | बाखाः १००० | बंगुरः १०० |
| कुखुराः १०००० | माछा (हे) ३ | | | |

५. अघिल्लो आर्थिक वर्षमा सञ्चालन भएको एक स्थानीय तह एक कृषि/पशु पकेट कार्यक्रमलाइ आबश्यकता अनुसार केहि रकम बिनियोजन गरी निरन्तरता दिन सकिने।

**घ.अनुदान रकम र अधिकतम सीमाः**

१. समुह सहकारीमा सत्तरी प्रतिशत सम्म सहूलियत र निजी फर्मको हकमा पचास प्रतिशत सम्म सहूलियत।

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१. स्थानीय तहबाट पकेट सञ्चालन भएका स्थानमा लाभान्वित समुदायको क्षमता अनुसार ब्लकमा जाने सम्भावना भएमा प्रदेशको ब्लक कार्यक्रम सोहि समुदायमा लैजान प्राथमिकता दिने।

२. सकभर समुह/सहकारी मार्फत ब्लकको मापदण्ड पुग्ने सक्ने सम्भावना भएमा सोहि अनुसार कार्य गर्ने र ब्लक सञ्चालन गरिने स्थानमा निजी फर्महरु भएमा सकेंसम्म सहकारी/समुहमा आबद्ध गरी वा कार्यक्रममा लाभान्वित बर्गको रुपमा समाबेश गरी कार्य सञ्चालन गर्न सकिने।

७३ **क. कार्यक्रमको नामः कृषिजन्य उद्योगको प्रबर्द्धनात्मक कार्यकम**

**ख.उद्देश्यः**

१.कृषि तथा पशुपन्छीजन्य उद्योगको लागि चाहिने कच्चा पदार्थको गुणस्तरिय उत्पादन र सुनिश्चित आपूर्तिको लागि उद्योगहरूसंगको समन्वयमा कृषि तथा पशुपन्छीजन्य वस्तुहरूको ब्लकमा उत्पादन गर्ने

२. कृषि तथा पशुपन्छीजन्य उद्योगको प्रवर्द्धन गर्ने।

**ग. प्रमुख क्रियाकलापहरूः**

**१.उत्पादनका क्रियाकलापहरूः**



निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | समरसियल पम्प, वोरिङ्ग, सून्य शक्ति सिंचाइ प्रविधि आदि)<br>३.उच्च मूल्यजन्य कृषि वस्तुहरूको विउ उत्पादन कार्यक्रम (वर्णशंकर विउ उत्पादन कार्यमा)<br>४.प्रयोगशाला सञ्चालन (डिएनए फिङ्गर प्रिण्ट, ट्राइकोडर्मा/एन पि भि/किरानाषक ढुशी उत्पादन, विषादी अवशेष द्रूत विक्षेषण (RBPR), च्याउ स्पोन उत्पादन आदि<br>५.माटो स्वास्थ्य जाँच<br>६.सुन्तलाजात फलफुलको पिसिआर टेष्ट ।<br>७.कृषि तथा पशुपन्छी उत्पादन संग सम्बन्धी प्राविधिक सेवा र पूर्वाधारहरू ( भवन, शित भण्डार, प्रशोधन उद्योग, टिस्यू कल्चर प्रयोगशाला, चिज/पनिर/आइसक्रिम/छुर्पी/सुकुटी उद्योग, ट्राउट लगायतका अन्य माछाको भुरा उत्पादन आदि)<br>८. जोखिमयुक्त तथा क्षमता भन्दा बाहिरको पशु रोग व्यवस्थापनमा विज्ञ सेवा<br>९. बिशिष्ट जन्य पशुपन्छी तथा मत्स्य पालन ।<br>१०. कृषि तथा पशुपन्छी जन्य मेशिनहरुको प्रयोग तथा सञ्चालन। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. नियमानुसारको विज्ञ सेवा परामर्शबाट सञ्चालन गरिने। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. सेवा परामर्श कार्यको लागत इष्टिमेट<br>२. सेवा परामर्श कार्यमा सेवा लिनुपर्ने परामर्शदाताको कार्य विवरण (Terms of Reference)<br>३. प्राविधिक विषय तथा कार्यको लागत इष्टिमेट र कार्य विवरण सम्बन्धित निर्देशनालय तथा मन्त्रालय सगँको समन्वयमा तयार गरी एक प्रति निर्देशनालय तथा मन्त्रालयमा पठाउनु पर्नेछ। |
| ७२ | **क.कार्यक्रमको नामः ब्लकमा पशुपन्छी उत्पादन कार्यकम** |
| | **ख.उद्देश्यः**<br>१.पशुजन्य वस्तुहरूको व्यावसायिकरणको लागि व्लकमा पशुपन्छीहरूको उत्पादन तथा प्रवर्धन गरी कृपकहरूको आयआर्जन तथा रोजगारी सृजना गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.प्राविधिक दृष्टिकोणले जिल्ला तथा स्थान विशेष पशुपन्छीहरूको व्लक उत्पादन पहिचान गर्ने<br>२.छनोट भएको स्थानमा समुह तथा सहकारी छनौट गरी ब्लक उत्पादन कार्यक्रम |



कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल
प्रमुख सचिव

| | |
|---|---|
| | ६.साना तथा मझौला कृषि सिँचाई ( पोखरी, कूलो, लिफ्ट, बर्षा र हिउँ संकलन, ट्यूब वेल, डिप बोरिङ्ग, सोलार पम्प लगायतका अन्य)<br>७. विगत वर्षहरूमा सञ्चालित प्रमुख कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गर्ने<br>८. आउंदो आबमा सञ्चालन हुन सक्नेवा गरिने कार्यक्रमहरुको सम्भाव्यता अध्ययन<br>९. नयाँ प्रविधि हरुको सम्भाब्यता अध्ययन<br>१०. भुईं तथा डाले घाँस खेतीको अध्ययन अनुसन्धान। |
| | **घ. लागत तथा खर्चः**<br>१. सम्भाव्यता तथा प्रभावकारिता अध्ययनका लागि आन्तरिक जनशक्ति तथा परामर्शदाताबाट सञ्चालन गरिनेछ<br>२. आबधिक रुपमा स्वतन्त्र मूल्याङकनकर्ताबाट गरिने र प्राविधिक रुपमा आन्तरिक जनशक्तिबाट नसकिने जटिल किसिमका नयाँ प्रविधि सम्बन्धी बिषयबस्तुहरु परामर्शदाताबाट गरिने।<br>३. वार्षिक कार्यक्रममा स्वीकृत भए अनुसार सार्बजनिक खरिद ऐन र नियमावली अनुसार गर्ने। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. अध्ययन कार्य गरिने बिषयवस्तुको लागत इष्टिमेट<br>२. अध्ययन कार्यमा सेवा लिनुपर्ने परामर्शदाताको कार्य विवरण (Terms of Reference) तयार गर्दा मन्त्रालय सगँको समन्वयमा गर्नु पर्नेछ<br>३. अध्ययन कार्य गर्नु अघि अध्ययनको अपेक्षित उपलव्धी, सूचक, अध्ययनको प्रश्नावली, अध्ययन कार्यमा संलग्न टिमको वनावट लगायतका प्राविधिक विषयवस्तुहरूको तयारी मन्त्रालय सँगको समन्वयमा गर्नु पर्नेछ। |
| ७१ | **क.कार्यक्रमको नामः प्राविधिक सेवा परामर्श कार्यकम** |
| | **ख.उद्देश्यः**<br>१.कृषि तथा पशुपन्छीजन्य प्रबर्ध्दन कार्यमा आवश्यक पर्ने बिशिष्टीकृत तथा कार्यालयको क्षमता भन्दा बाहिरको प्राविधिक सेवा लिइ कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउने। |
| | **ग.सेवा लिन सकिने प्रमुख क्रियाकलापहरूः**<br>१.निर्माण सम्पन्न भएका हाई टेक नर्सरीहरूमा उच्च मूल्यजन्य वस्तुहरूको उत्पादन र बजारिकरण गरी प्रभाबकारी उपयोग गर्ने (फलफुल, तरकारी, पुष्प खेती, कट फ्लावर, टिस्यूकल्चर प्रविधि, आदि)<br>२.नयाँ प्रविधिका साना तथा मझौला सिंचाइ योजनाहरू (लिफ्ट, सोलार, पम्प, |



कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः** प्रति जिल्ला रू सात लाख |

| सि नं | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | माटोको उर्वराशक्ति नक्शा सम्बन्धी अभिमुखीकरण गोष्ठी | एक लाख | |
| २ | माटोको नमूना संकलन | एक लाख पचास हजार | |
| ३ | माटोको नमूना विश्लेषण | दुई लाख | सरकारी दर रेट |
| ४ | अन्य व्यवस्थापन | चालीस हजार | |
| ५ | जि आइ एस विधि बाट नक्शा तयारी | साठी हजार | |
| ६ | नक्शा सहितको प्रतिवेदन प्रकाशन | एक लाख पचास हजार | |
| | **प्रति जिल्ला जम्मा** | **सात लाख** | |

| | |
|---|---|
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. सुर्खेत र रूकुम पश्चिम जिल्लामा सञ्चालित तरकारी जोनको क्षेत्र<br>२. विज्ञ सेवा करारमा लिने। |
| ७० | **क.कार्यक्रमको नामः सम्भाव्यता तथा प्रभावकारिता अध्ययन कार्यकम** |
| | **ख.उद्देश्यः**<br>१. प्रदेशमा सम्भावना भएका कृषि तथा पशुपन्छीजन्य वालीवस्तु र सो सम्बन्धी व्यवसायको सम्भाव्यता र विगतमा सञ्चालन गरीएका कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.कृषि तथा पशुपन्छीजन्य वस्तुहरूको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण<br>२.सामुहिक/सहकारी/करारखेती/प्रागारिक खेति/ब्लक, पकेट आदिको प्रभाव अध्ययन<br>३.कृषि तथा पशुपन्छीजन्य उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन<br>४.बिउ विजन उत्पादन तथा बिक्रि वितरण<br>५.कृषिजन्य भौतिक पूर्वाधार निर्माण (संकलन केन्द्र, हाटबजार, शितभण्डार, रष्टिक स्टोर, प्रशोधन भवन, दुग्ध चिस्यान केन्द्र, वधशाला लगायतका अन्य भौतिक पूर्वाधार निर्माणका कार्यहरू ) |



प्रमुख सचिव

| | |
|---|---|
| | **ख.उद्देश्यः**बिरूवालाई आवश्यक पर्ने सबै खाद्यतत्वहरू आवश्यकता अनुरूप, न्यायोचित रूपमा उपलव्ध गराउन, रासायनिक मल सहित प्रांगारिक मलहरूको सबै सम्भाव्य श्रोतहरूलाई अधिकतम उपयोगमा ल्याई वाली व्यवस्थापन, माटो व्यवस्थापन र खाद्यतत्व व्यवस्थापनलाई टेवा दिंदै वातावरणमा न्यून असर पार्दै माटोको दिगो उर्वराशक्ति व्यवस्थापन गर्दै जाने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.अन्तरक्रिया गोष्ठि<br>२.स्थलगत पाठशाला सञ्चालन<br>३.माटो र मलखाद विश्लेषण<br>४.कृषक दिवस सञ्चालन<br>५.प्रतिवेदन तयारी । |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>**अधिकतम बजेट सीमाः रू एक लाख** |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहित गर्ने कृयाकलापहरू सञ्चालन गरिने छन्। |
| ६९ | **कार्यक्रमकोनामः तरकारी जोनको माटोको उर्वराशक्ति सर्भे तथा नक्शा प्रकाशन कार्यक्रम** |
| | **ख.उद्देश्यः** तरकारीको जोन सञ्चालन गरीएको क्षेत्रको सर्भे गरी माटोको उर्वराशक्ति सम्बन्धी नक्शा तयार गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.माटोको उर्वराशक्ति नक्शा सम्बन्धी अभिमुखीकरण गोष्ठी<br>२.माटोको नमूना संकलन<br>३.माटोको नमूना विश्लेषण<br>४.जि आइ एस विधि बाट नक्शा तयारी<br>५.नक्शा सहितको प्रतिवेदन प्रकाशन। |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः

| क.स | क्रियाकलाप | कैफियत |
|---|---|---|
| १ | कम्पोष्ट मल तयार गर्ने प्रविधि प्रर्दशन | १.(कम्पोष्ट खाडल १.५ मि." १ मि " १ मि. को लागि ज्यामी २ जना<br>२.कृषि चुन ५ केजी<br>३.रासायनीक मल : युरीया ३ केजी , डि.ए.पी २ केजी<br>४.प्लाष्टिक सिट :३ व. मी (२००)गेज<br>५.साईन बोर्ड :२..५ फिट र २ फिट<br>तयारी कम्पोष्ट मलको नमुना परिक्षण (२ नमुना) |
| २ | हरियो मल प्रदर्शन | १.पहाड १ रोपनी , तराई १.५ कठ्ठा<br>२.हरियो मल बनाउने बालीको बिउ (ढैचा ,सनही ,मुंग अदी) ३ केजी<br>३.रासायनीक मल नाईट्रोजन १ केजी ,फस्फोरस १ केजी ,पोटास १ केजी<br>४.साईनबोर्ड २..५ फिट र २ फिट<br>माटो परिक्षण ४ नमुना (२नमुना बाली अघि,२ बाली पछी) |
| ३ | सुक्ष्मतत्व प्रयोग प्रदर्शन | १. पहाड १ रोपनी , तराई १..५ कठ्ठा<br>२.सुक्ष्मतत्व ( जिंक सल्फेट, कपर सल्फेट, फेरस सल्फेट, सोडियम मोलिमव्डेट आदि) बढीमा १.५ के.जी<br>३ साईनबोर्ड २..५ फिट र २ फिट<br>माटो परिक्षण ४ नमुना (२नमुना बाली अघि,२ बाली पछी) |
| ४ | सुक्ष्म जैविक मल प्रदर्शन | १.पहाड १ रोपनी , तराई १..५ कठ्ठा<br>२.कोशेवालीको विउ २.५ के.जी<br>३.सुक्ष्म जैविक मल ( राइजोवियम लगायत) २०० ग्राम<br>४.चिनी अथवा शखखर बढीमा १ के.जी<br>५. साईनबोर्ड २..५ फिट र २ फिट |

६८ क.कार्यक्रमको नामः एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला कार्यक्रम

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| ४ | दैनिक भ्रमण भत्ता | | पच्चीस हजार | नपुग भएमा भ्रमण खर्चबाट भुक्तानी हुने |
| ५ | विविध खर्च ( जेनेरेटर तथा मेसिनलाई इन्धन खर्च र मसलन्द समेत) तथा अन्य | | दश हजार दुई सय | |
| | | **जम्मा** | **सत्तरी हजार** | |

| | |
|---|---|
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.माटो तथा रसायनिक मलको प्रयोगशाला विश्लेषण दर अनुसार राजश्व संकलन गरिनेछ ।<br>२.कृषक आफैले ल्याएको वा प्रदेश स्तरीय कृषक सगँ सम्बन्धित कुनै सरकारी कार्यालय वा सरकारी स्वामित्व रहेका स्थानहरुबाट आएका नमुना विश्लेषण शुल्कमा पचहत्तर प्रतिशत छुट<br>३.अध्ययन अनुसन्धान कार्यका लागि विद्यार्थी वा विश्वविद्यालयका सम्बन्धित अध्येताले अध्ययन केन्द्र विद्यालयको सम्बन्धित विभागले सिफारिस पत्र पेश गरेमा नमुनाको विश्लेषण शुल्कमा पचास प्रतिशत छुट<br>४.प्रयोगशाला बाट जम्मा भएको राजस्व रकम केन्द्रिय राजस्व खातामा जम्मा गर्नु पर्नेछ। |
| ६७ | **क.कार्यक्रमको नामः माटोको गुणस्तर सुधार सम्बन्धी प्रदर्शन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१. स्वस्थ माटोको लागि विभिन्न माटो सम्बन्धी प्रविधि प्रदर्शन गराई माटोको उर्वराशक्ति बढाउन कृषकहरूलाई प्रेरित गर्ने<br>२. कृषकहरूको वातावरणमा प्रविधिहरू प्रयोग गरी ग्रहणयोग्य छ भन्ने कुराको विश्वास दिलाउने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. प्रदर्शन कार्यक्रम सञ्चालन गर्ने |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>**अधिकतम बजेट सीमाः रू.** |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल



प्रमुख सचिव

निमित सचिव

| | | | |
|---|---|---|---|
| | | पोटास (फ्लेम फोटोमिटर तरिका) | चार सय |
| | ३ | ग) प्राङ्गारिक मल विश्लेषण | |
| | | कुल नाइटोजन विश्लेषण | चार सय पचास |
| | | कुल फोस्फरस विश्लेषण | पाँच सय |
| | | पोटास फ्लेम फोटोमिटर तरिका | चार सय |
| | | चिस्यान विश्लेषण | बीस |
| | | पि .एच .विश्लेषण | बाह्र |

| | |
|---|---|
| ६६ | **क.कार्यक्रमको नामः घुम्ती प्रयोगशाला (मोवाईल भ्यान) मार्फत माटो शिवीर सञ्चालन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१. कृषकहरुको सहभागीतामा स्तलगत रुपमा माटो विश्लेषण गरी माटोको उर्वरा शक्तिको जानकारी लिने<br>२.बाली उत्पादन क्षेत्रमा मोवाईल भ्यानबाट स्थलगत माटो विश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधि हरु कृषकहरुलाई सिफारीस गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. नमुना संकलन तथा माटो व्यवस्थापन सम्बन्धी डकुमेन्ट्री प्रर्दशन तथा सहजिकरण र तालीम<br>२. माटो परिक्षण जाँच<br>३. माटो परिक्षणको रिपोर्टको कृषकहरुलाई जानकारी। |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>**अधिकतम बजेट सीमाः रू पैसठ्ठी हजार** |

| | | | | |
|---|---|---|---|---|
| १ | बढीमा पचास नमुनाको लागि रसायन खर्च | प्रति नमुना ४०० | बीस हजार | नमुना थप भएमा रसायन खर्च थप |
| २ | प्रशिक्षण भत्ता | कर्णाली प्रदेश खर्च मापदण्ड अनुसार | | |
| ३ | चिया तथा खाजा खर्च (२५ जना सहभागी कृषक २ जना प्रशिक्षक र ३ जना अन्य सहजकर्ता समेत जम्मा ३० ) | | | |

निमित सचिव

प्रमुख सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| १ | रिएजेन्ट खरिद | वटा | एक सय | एक सय | दश हजार |
| २ | चिया तथा खाजा खर्च (२५ जना सहभागी कृषक २ जना प्रशिक्षक र ३ जना अन्य सहजकर्ता समेत जम्मा ३०) | संख्या | कर्णाली प्रदेश खर्च मापदण्ड अनुसार | | |
| ३ | प्रशिक्षक भत्ता | पिरियड | चार | कर्णाली प्रदेश खर्च मापदण्ड अनुसार | |
| ४ | ब्यानर | संख्या | एक | | |
| ५ | स्टेशनरी | संख्या | पच्चीस | एक सय | दुई हजार पाँच सय |
| ६ | अन्य मसलन्द खर्च | एकमुष्ट | | | दुई हजार पाँच सय |
| ७ | दैनिक भ्रमण भत्ता खर्च (नपुग भएमा दै.भ्र.भ.बाट व्यहोरिने) | | | | |
| | | | | जम्मा | पचास हजार |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१.माटो तथा रसायनिक मलको प्रयोगशाला विश्लेषण दर

| सि.न. | विश्लेषण गरिने कार्य बिवरण | दर |
|---|---|---|
| १ | क)माटो विश्लेषण प्राङगारीक पदार्थ विश्लेषण | एक सय |
| | माटोको पि.एच.विश्लेशण | दश |
| | नाइट्रोजन विश्लेशण | असी |
| | विरुवाले प्राप्त गर्ने फोस्फरस विश्लेषण | एक सय |
| | विरुवाले प्राप्त गर्ने पोटासिम विश्लेषण | असी |
| | बोरन | चार सय |
| | जिङ्क | दुई सय पचास |
| | टेक्स्चर विश्लेषण | तीस |
| २ | ख) रासायनिक मल विश्लेषण | |
| | कुल नाइटोजन विश्लेषण | तीन सय |
| | कुल फस्फोरस विश्लेषण | पाँच सय |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>१. रू पन्ध्र हजार प्रति होर्डिङ्ग बोर्ड<br>२. ढुवानी तथा कामदार खर्च एकमुष्ट रू पाँच हजार। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.होर्डीङ बोर्ड मानब चहल पहल बढी हुने स्थानमा राख्नु पर्नेछ<br>२.होर्डीङ बोर्डमा लेखिएका अक्षरहरु सहज रुपमा पढ्न सक्ने वा बुझिने हुनुपर्नेछ<br>३. न्यूनतम साइजः लम्वाई ६ फुट र चौडाई ४ फुट। |
| ६४ | **क.कार्यक्रमको नामः च्याउको स्पन उत्पादन कार्यक्रम** |
| | ख.उद्देश्यः<br>१.प्रयोगशालामा च्याउको स्पन उत्पादन गरी कृषकलाई उपलव्ध गराउने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. मदर कल्चर खरिद<br>२. गहुं खरिद<br>३. अन्य सामग्री खरिद<br>४. अनुदानमा कृषकहरूलाइ वितरण। |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>बजेट सीमाः पचास प्रतिशत अनुदान ( अधिकतम रू एक लाख सम्म)। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. अनुभवी, व्यावसायिक योजना र न्यूनतम पूर्वाधार भएको। |

| | |
|---|---|
| ६५ | **क.कार्यक्रमको नामः किटवक्स विधिद्धारा माटो परिक्षण शिवीर सञ्चालन तथा माटो व्यवस्थापन तालीम कार्यक्रम** |
| | ख.उद्देश्यः<br>१.कृषक सहभागीतामा उर्वराशक्तिको जानकारी लिनु को साथै स्थलगत रुपमा माटो बिश्लेषण गर्ने<br>२.बाली उत्पादन क्षेत्रमा स्थलगत माटो बिश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधि हरु सिफारीस गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. माटो परिक्षण शिवीर सञ्चालन<br>२. माटो व्यवस्थापन तालीम सञ्चालन। |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>**अधिकतम बजेट सीमाः रू पचास हजार।** |

प्रदर्शन
७. रोगकीराको नमुना प्रदर्शन
८. खेतबारीको सरसफाई तरिका प्रदर्शन
९. कीरा भगाउने खालको बालीसंग मिश्रित खेती बाली प्रदर्शन आदि)।

घ. कार्यक्रम बजेट र अधिकतम सीमाः

अधिकतमः रु एक लाख

| क्र. स | क्रियाकलाप | ईकाइ | परिमाण | दर रु. | रकम |
|---|---|---|---|---|---|
| १ | एकीकृत पासो ( मोहनि पासो, रंगिन पासो, टांसिने पासो, बत्ती पासो, ट्राप बाली आदि) | वटा | पाँच | छ सय | तीन हजार |
| २ | वनस्पतिजन्य विषादी तयार ( गिती मल, रक्षा झोल) | पटक | एक | पाँच हजार | पाँच हजार |
| ३ | जैविक विषादी ( ट्राइकोडर्मा, मेटारेजियम, व्यूभेरिया) प्रदर्शन | पटक | एक | चार हजार | चार हजार |
| ४ | जाली घर र बट्टामा कीरापालन (कीराको जीवन चक्र र खानेवानीको अध्ययन प्रदर्शन) | पटक | एक | पाँच हजार | पाँच हजार |
| ५ | आइ पि एम प्रविधि सम्बन्धी स्थलगत तालीम | पटक | एक | पैचालीस हजार | पैचालीस हजार |
| ६ | कर्मचारीको दैनिक भ्रमण भत्ता (३ जना को ३ दिन) | दिन | नौ | चार हजार | छत्तीस हजार |
| ७ | विविध खर्च | | | | दुई हजार |
| | जम्मा | | | | एक लाख |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

६३ **क.कार्यक्रमको नामः विषादीको नकारात्मक प्रभाव सम्बन्धी होर्डीङ बोर्ड स्थापना कार्यक्रम**

**ख.उद्देश्यः**

१.बालीनालीमा प्रयोग हुने रासायनिक विषादीको बढ्दो असर लाई न्युनिकरण गर्नका लागि जनचेतना फैलाउने।

**ग.प्रमुख क्रियाकलापहरूः**

१. होर्डिङ्ग वोर्ड डिजाइन, आर्ट र निर्माण

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| स | | | | | |
| १ | कीरा जम्मा गर्ने बाकस | वटा | दस | चार हजार | चालीस हजार |
| २ | विउ जम्मा गर्ने भाँडा र सोको लेवलिङ्ग र विउ नमूना समेत | आ.अ. | | तीन सय पचास | |
| ३ | विविध सामाग्रीहरु | एकमुष्ट | - | - | दश हजार |
| ४ | दैनिक भ्रमण भत्ता | जना | दुई | दश हजार | बीस हजार |
| ५ | शो केश (विउको हकमा) | | | | तीस हजार |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

६२ **क.कार्यक्रमको नामः आइ.पि.एम. प्रविधि प्रदर्शन कार्यक्रम**

**ख.उद्देश्यः**

१.बाली संरक्षणमा कृषकहरुको ज्ञान र सीपमा अभिवृद्धि र जागरुक गराउने ।

२.कृषकहरुलाई स्वस्थ्य बाली उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोग पुऱ्याउने ।

३.रसायनिक विषादी न्युनिकरण र बनस्पतिजन्य र जैविक विषादीको प्रयोग कृषकहरुमा जनचेतना अभिवृद्धि गराउने ।

**ग.प्रमुख क्रियाकलापहरूः**

१. प्रविधि प्रदर्शन

(बालीका शत्रुजीवहरुको मोहनी पासो, रंगिन पासो, टासिने पासो, पानी पासो, बत्ति पासो, ट्र्याप बाली आदीको प्रदर्शन

२. रोगकिराका प्राकृतिक शत्रुजीवहरुको चित्रण (सम्भव भए नमुना सहित)

३. कीट तथा रोगनाशक गुण भएका बोटविरुवाहरु जस्तैः निम, बकाइनो, केतुकी आदी

४. जैविक विषादीहरु जस्तैः ट्राइकोडर्मा, मेटाराइजिएम, विउभेरीया आदीको प्रदर्शन

५. बनस्पतिजन्य विषादीहरु तयार जस्तैः गितिमल, रक्षा झोल आदीको प्रदर्शन

६. जालीघर र बट्टामा कीरापालन (कीराको जीवन चक्र र खानेबानीको अध्ययन

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | अधिकतम बजेट सीमाः रू एक लाख<br>अनुदानः सामग्रीमा असी प्रतिशत (सामुहिक प्रयोगमा सत्तरी प्रतिशत र फर्म, व्यक्ति तथा कम्पनीमा पचास प्रतिशत)<br>१. ड्रम वितरण (२ वटा अधिकतम रू दुई हजारका दरले) चार हजार<br>२. हजारी वितरण रू पाँच सय<br>३. अन्य एकमुष्ठ रू एक हजार<br>४. जम्माः रू पाँच हजार पाँच सय<br>५. प्याकेज अनुसार एक कार्यक्रममा २५ जना अगुवा/इच्छुक कृषकहरुमा वितरण गरिने छ। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. विगतका आई.पि.एम. कार्यक्रम सञ्चालन भएर उपज उत्पादनमा क्रियाशिल समुह भएका र कृषि उत्पादनका दृष्टिले क्षमतावान पकेट क्षेत्र र आई.पि.एम. उत्पादनलाई बजारीकरणमा समावेश गर्न सकिने क्षेत्रलाई छनौट गरिनेछ<br>२.कम्तिमा बाली अवधिभरको कृषक पाठशालामा सफलतापूर्वक सहभागी रहेका कृषक र आई.पि.एम. पद्धति अवलम्वन गरेर समुहमा आवद्ध कृषकहरुलाई आधार बनाइनेछ<br>३. समुह/ संस्था छनौटः आई.पी.एम. कार्यक्रम सञ्चालन गरी समुहको रुपमा दर्ता भएको वा आई.पि.एम कृषक समुहको वैधानिक पहिचान प्राप्त गरेको संस्था छनौट गरिनेछ<br>४.न्यूनतम घरधुरी संख्याः पच्चीस<br>५. कम्पनी तथा फर्मको हकमाः रजिष्टर्ड तथा व्यावसायिक फर्म। |
| ६१ | **क.कार्यक्रमको नामः म्युजियम व्यवस्थापन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.कृषि क्षेत्रका अध्ययन अनुसन्धानलाई सहज बनाउने हेतुले रोग तथा कीरा, विउका नमुनाहरुलाई सुरक्षित तवरले राख्न। |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१. बालीनाली, विउ तिनमा देखा पर्ने रोग कीराका नमूनाहरु संकलन गर्ने<br>२. संकलित नमूनाहरुको सुरक्षित तवरले म्यूजियम बनाएर राखे। |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>**अधिकतम बजेट सीमाः रू एक लाख** |

| क. | क्रियाकलाप | ईकाइ | परिमाण | दर रु. | रकम |
|---|---|---|---|---|---|

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | २०७४, बिउ बिजन प्रयोगशाला सञ्चालन सम्बन्धी निर्देशिका २०७४, बिउ विजनको प्रयोगबाट हुने हानी नोक्सानीको क्षतिपूर्ती सम्बन्धी निर्देशिका २०७३, जफत गरीएको बिउ विजन मूल्याङ्कन तथा नष्ट गर्ने निर्देशिका २०७३, बिउ विजन प्रमाणिकरण निर्देशिका २०७४ लगायतका अन्तर्रराष्ट्रिय तथा राष्ट्रिय मापदण्डलाई आधारमानी तयार पारिएका संघीय कार्यविधि र निर्देशिकाहरू प्रयोगगरी सञ्चालन गरिने कार्यक्रमहरू सोहि बमोजिम गरिने। |
| ५९ | **क.कार्यक्रमको नामः घुम्ती तालीम कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.कृषकलाई रोग कीरा पहिचान एवम् व्यवस्थापनमा सहज बनाउने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. तालीम सञ्चालन र व्यवस्थापन गर्ने। |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>**अधिकतम बजेट सीमाः रू पैचालीस हजार**<br>१.प्रशिक्षक भत्ता र खाजा खर्च कर्णाली प्रदेश खर्च मापदण्ड अनुसार<br>२.सहभागी यातायात खर्च ( अधिकतम रू पाँच सयका दरले २५ जना) रू बाह हजार पाँच सय<br>४.स्टेशनरी (रु एक सयका दरले २५ जना) रू दुई हजार पाँच सय<br>५.व्यवस्थापन खर्च रू तीन हजार दुई सय<br>६.दैनिक भ्रमण भत्ता (२ जना कर्मचारी) बाह हजार (नपुग भएको अवस्थामा दैनिक भ्रमणभत्ता शीर्षकबाट खर्च व्यहोरिने)। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.रोगकीराको प्रकोप बढी भएको स्थान यकिन गर्ने। |
| ६० | **क.कार्यक्रमको नामः जैविक विषादी उत्पादन सामग्री वितरण कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.वाली संरक्षणमा वैकल्पिक प्रविधिको प्रवर्द्धन तथा रासायनिक विषादीको प्रयोगलाई न्यूनिकरण गर्ने<br>२. आई.पि.एम. कार्यक्रमको संस्थागत विकासमा टेवा पुर्याउने<br>३. स्वस्थ वालीको क्षेत्रफल, उत्पादन तथा बजार विस्तारमा सुधार गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. जैविक विषादी उत्पादन सामग्री वितरण। |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः** |



प्रमुख सचिव

| | |
|---|---|
| | विषय विज्ञ, ढुवानी, यातायात लगायतका शीर्षकमा खर्च गरिने एक दिनेमा अधिकतम रू एक लाख पचास हजार<br>ख.कृषि सम्बन्धी शिवीरः रसायन, औषधी, सामग्री, प्रचार प्रसार व्यवस्थापन खर्च, विषय विज्ञ, ढुवानी, यातायात लगायतका शीर्षकमा खर्च गरिने एक दिनेमा अधिकतम रू पच्चीस हजार र तीन दिनेमा रू पचास हजार सम्म |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.संघीय तथा प्रदेश सरकारबाट दिवस, सप्ताह मनाउनको लागि गरीएको पत्राचार<br>२.सम्पन्न भएको रिपोर्ट। |
| ५७ | **क.कार्यक्रमको नामः कृषि सूचना प्रवाह** |
| | **ख.उद्देश्यः** कार्यालयबाट सम्पादित प्रमुख क्रियाकलापहरू, उत्प्रेरणा जगाउने खालका अडियो सन्देशमूलक सामग्रीहरू, प्रविधिहरूको प्रकाशन र प्रशारण गर्ने |
| | **ग. प्रमुख क्रियाकलापहरूः**<br>१. सूचना प्रकाशन<br>२. जिंगल निर्माण<br>३. छोटो अवधीका भिडियो डकुमेन्ट्रि निर्माण। |
| | **घ. बजेट रकम र सीमाः**<br>१. पत्र पत्रिकामा विज्ञापनमा बढीमा रू पाँच हजार प्रति सूचना<br>२. स्मारिका विशेष मा विज्ञापनमा बढीमा रू दश हजार प्रति सूचना<br>३. रेडियो/एफ एम मा ५ मिनेट सम्मको लागि रू पाँच हजार र ५ मिनेट देखि बढीको अवधीको लागि रू दश हजार<br>४. रेडियो/एफ एम मा २ मिनेट सम्मको सूचना रू सात सय पचास प्रति पटक<br>५. भिडियो सन्देशः बढीमा २ मिनेट सम्मको रू एक हजार दुई सय प्रति पटक<br>६. रेडियो/एफ एम र भिडियो सन्देश निर्माण सम्झौता अनुसार<br>७. १५ पटक भन्दा बढी प्रशारण गर्न सम्झौता अनुसार गर्ने<br>८. कार्यालयको वुलेटिन प्रकाशन ( अधिकतम रूः श्याम श्वेतमा पचास हजार र रङ्गिनमा एक लाख प्रति पटक) |
| | **ङ.न्यूनतम मापदण्ड र अन्य प्रासङ्गिक विषयः**<br>१.प्रकाशन र प्रशारण गर्नु अघि दररेट, समय अवधी, प्रकाशन प्रशारण संख्या, सन्देशको विवरण उल्लेख गरीएको सम्झौता पत्र। |
| ५८ | बिउ विजनको नमुना संकलन गर्ने कार्यविधि २०७३, बिउ विजन परीक्षण निर्देशिका |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | **ख.उदेश्य**<br>१.माटोमा रहेको बिद्यमान खाद्यतत्व पहिचान गर्दै समस्या समाधानको उपाय मार्फत उत्पादनन तथा उत्पादकत्व बढाउने ।<br>२.माटोको गुणस्तर कायम गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.माटो स्वास्थय जाचँ शिबिर<br>२.माटो व्यवस्थापन सम्बन्धी जानकारी तथा तालीम<br>३.माटो स्वास्थय कार्ड तयारी तथा वितरण<br>४.माटोको खाद्यतत्व तथा गुणस्तर व्यवस्थापन सम्बन्धित कार्यहरु । |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>समुह तथा सहकारी मार्फत सञ्चालन भएमा सत्तरी प्रतिशत र कृषक वा निजी फर्म तथा कम्पनीलाइ पचास प्रतिशत सहूलियत अनुदान सहयोग हुने । |
| ५६ | **क.कार्यक्रमको नामः दिवस/सप्ताह/शिवीर कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.खाद्य उत्पादन तथा खाद्य पहुँच बढाउन हौसला प्रदान गर्दै भोकमरी र कुपोषणको अन्त्य गर्नका लागि जनचेतना अभिवृद्धी गर्ने<br>२.सहकारी, रेविज रोग, विषादी, माटो परीक्षण, सुरक्षितविषादी प्रयोग जस्ता अत्याबश्यक बिषयमा बिद्यमान समस्या, महत्व, प्रभाव लगायतका पक्षहरूमा अवगत गराई जनसमुदायमा चेतना जगाउने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.विश्व खाद्य दिवस, धान दिवस, वातावरण दिवस, सहकारी दिवस, रेविज विरूद्धको दिवस, विषादी विरूद्धको सप्ताह, माटो दिवस, पशुपन्छी दिवस, दुध दिवस, पोल्ट्रि दिवस, फार्म डे, माटो परीक्षण शिवीर,विषादी प्रयोग र वातावरण संरक्षण आदि<br>२.निवन्ध प्रतियोगिता, र्याली, सांस्कृतिक कार्यक्रम, प्रवचन, प्ले कार्ड सहितको झाँकी, पुरस्कार, कार्यक्रम व्यवस्थापन। |
| | **घ. बजेट रकम र सीमाः**<br>प्रदेश स्तरः प्रति दिवस तथा सप्ताह सञ्चालनमा रू. एक लाख<br>जिल्ला स्तरः रू. प्रति दिवस तथा सप्ताह सञ्चालनमा रू. पचास हजार<br>**शिवीर सञ्चालनमाः**<br>क.पशु स्वास्थ्य शिवीरः रसायन, औषधी, सामग्री, प्रचार प्रसार व्यवस्थापन खर्च, |



प्रदेश सरकार कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| ५४ | क.कार्यक्रमको नामः प्लाण्ट क्लिनिक |
| | **ख.उद्देश्यः**<br>१.कृषकको बालीमा लागेका रोग, किरा तथा अन्य समस्याहरुको विशेष ज्ञहरुबाट सहि पहिचान गरी समयमै उपयुक्त व्यवस्थापनका उपायहरु बारे सल्लाह प्रदान गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१. नियमित वाली उपचार शिवीर<br>२. घुम्ती वाली उपचार शिवीर । |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>प्रावधिकबाट सञ्चालन गरीनेः रू तीस हजार,<br>कृषक सहजकर्ताबाट सञ्चालन गरीनेः रू बाह्र हजार,<br>१.बाली उपचार शिवीर मा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता, होटल बास खर्च र खाजा खर्च पाउने छैनन् साथै यस कार्यक्रममा कृषकबाट शुल्क लिने व्यवस्था पनि हुने छैन<br>२. प्राविधिकबाट सञ्चालनहुने बाली उपचार शिविरः प्रचार प्रसार, एफ एम. तथा पत्रपत्रिका, बाली उपचार शिवीर सञ्चालन सामग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, व्यानर), सुझाव पर्चा, फ्याक्ट सिट छपाई, स्टेशनरी (रजिष्टर, कलम आदी), सहजकर्ता पारिश्रमिक र जैविक/वानस्पतिक विषादी वितरण खर्चगरी प्रति शिवीर अधिकतम रू बीस हजार<br>३. कृषक सहजकर्ताबाट सञ्चालनहुने बाली उपचार शिविरः प्रचार प्रसार, एफ एम. तथा पत्रपत्रिका, बाली उपचार शिवीर सञ्चालन सामग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, व्यानर), सुझाव पर्चा, फ्याक्ट सिट छपाई, स्टेशनरी (रजिष्टर, कलम आदी), सहजकर्ता पारिश्रमिक र जैविक/वानस्पतिक विषादी वितरण खर्चगरी प्रति शिवीर अधिकतम रू दश हजार। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.नियमित वाली उपचार शिविरः निश्चित स्थानमा नियमित रुपमा आवश्यकता अनुसार एक हप्ता वा पन्ध्र दिन वा महिनाको एक पटक वा खास बालीहरुको समस्यायूक्त समयमा<br>२.घुम्ती बाली उपचार शिविरः जिल्लाको विभिन्न क्षेत्रहरुको समस्याको आधारमा घुम्ती रुपमा सञ्चालन गरिने<br>३.बाली उपचार शिवीर सञ्चालन अवधि एक दिनको हुनेछ। |
| ५५ | क.कार्यक्रमः माटो परिक्षण मार्फत माटो स्वास्थय कार्ड वितरण कार्यक्रम |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | | |
|---|---|---|
| | | बाख्रा/भेंडा/ बंगुरको हकमा चार हजार |
| ३ | दुग्ध उत्पादनको बजारीकरणमा समस्या भएमा क्षतीपूर्ती | रेकर्ड भएको हकमा बजारीकरण हुन नसकेको निश्चित अवधीको लागि प्रति लिटर रू पाँच |
| ४ | श्रोतकेन्द्रमा भएको क्षतीमा राहत | क्षतीको बीस प्रतिशत |
| ५ | उत्पादन क्षेत्रमा भएको सामुहिक क्षतीमा राहत | आगामी सिजनको वालीको लागि चाहिने बिउको मूल्यमा पचास प्रतिशत अनुदान |
| ६ | व्याजमा राहत | १. रू एक लाख सम्मको कृषि ऋणमा आठ प्रतिशत सम्म<br>२. रू पाँच लाख देखि पन्ध्र लाख सम्मको कृषि ऋणमा छ प्रतिशत वा व्याजदरको पचास प्रतिशत जुन कम हुन्छ<br>३.रू पन्ध्र लाख देखि तीस लाख सम्मको ऋणमा चार प्रतिशत वा व्याजदरको चालीस प्रतिशत जुन कम हुन्छ<br>४.राहतमा व्याज अनुदानको अवधी खुलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रीपरिषदको निर्णय अनिवार्य। |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१.व्यावसायिक फलफूल तथा तरकारी दुई रोपनी भन्दा बढी भएको हुनुपर्ने

२.पशु विमालेख नभएको हकमा मात्र पशुपन्छी र माछाको लागि राहत दिइनेछ

३.स्थानीय तहको जनप्रतिनिधीको रोहवरको मुचल्का र प्रहरी प्रतिवेदन अनिवार्य

४.प्राविधिक प्रतिवेदन

५.बजेट व्यवस्था भएमा मात्र राहत उपलव्ध गरिनेछ । साना किसानलाई प्राथमिकता दिइनेछ

६. राहत कार्यलाइ छिटो छरितो र प्रभाबकारीरूपमा कार्यान्वयन गर्नका लागि रू पाँच लाख सम्मको क्षतिलाई प्राविधिक मापदण्डमा व्यवस्था गरीएको जिल्लास्तरको समितिबाट नै निर्णय गरी भुक्तानी गर्न सकिनेछ।

निमित सचिव

प्रमुख सचिव

| | | |
|---|---|---|
| ४ | अन्य महामारी ( कृषि, पशुपन्छी र मत्स्य) | प्राविधिक समितिको सिफारिसमा मन्त्रालयको स्वीकृतीलिई हरेक जिल्लामा एक पटकमा बढीमा रू पाँच लाख सम्म |
| ५ | पूर्व तयारी र सूचना प्रवाह | आवश्यकता र औचित्यको आधारमा एक पटकमा बढीमा रू पचास हजार सम्म |
| ६ | इपिडेमिक रोग नियन्त्रण | प्राविधिक समितिको सिफारिसमा मन्त्रालयको स्वीकृतीलिई हरेक जिल्लामा एक पटकमा बढीमा रू एक लाख सम्म |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१.सिल्पोलिन प्लाष्टिक ९० जि.एस.एम.को हुनुपर्ने।

५३ **क.कार्यक्रमको नामः राहत वितरण कार्यक्रम**

**ख.उद्देश्यः** असिना, सुख्खा, आगजनी, वाढी, पैहो, चटयाङ्ग, रोगकीरा जस्ता प्राकृतिक प्रकोपबाट भएको क्षतीमा राहत उपलव्ध गराउने।

**ग.प्रमुख क्रियाकलापहरूः**

१.व्यावसायिक फलफूल तथा तरकारीको क्षतीमा राहत

२.पशुपन्छी र माछाको क्षतीमा राहत

३.दुग्ध उत्पादनको बजारीकरणमा समस्या भएमा क्षतीपूर्ती

४.श्रोतकेन्द्रमा भएको क्षतीमा राहत

५.उत्पादन क्षेत्रमा भएको सामुहिक क्षतीमा राहत

६.कृषि ऋणको व्याजमा राहत।

**घ.अनुदान रकम र अधिकतम सीमाः**

| सि नं | कार्य्रकम | राहत र अधिकतम अनुदान सीमा |
|---|---|---|
| १ | व्यावसायिक फलफूल तथा तरकारीको क्षतीमा राहत | अनुमानित क्षतीको बीस प्रतिशत वा बगैंचाको हकमा विरूवाको मूल्यमा शत प्रतिशत राहत (आयातित विरूवा बाहेक) |
| २ | पशुपन्छी र माछाको क्षतीमा राहत | प्रति गाई/भैंसी/चौंरीको वीस हजार, माछाको हकमा क्षतीको आधारमा, गोठ मा दश हजार, पोखरीमा क्षतीको वीस प्रतिशत, दुई हप्ता भन्दा बढी उमेरको कुखुराको हकमा प्रति गोटा रू एक सय र चल्ला रू पन्ध्र प्रति गोटा, |

निमित्त सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | पत्र<br>३.सोधपत्र मुख्य सल्लाहकारको सिफारिसपत्र<br>४.सोधकार्य प्रस्ताव स्वीकृत भएको विषयमा सम्बन्धित विभाग/कलेज/विश्वविद्यालयको सिफारिस पत्र<br>५.भुक्तानीमा शोधपत्र अन्तिम प्रतिवेदन स्वीकृत भएको सिफारिस।( बिद्यावारिधिको हकमा सोहि आर्थिक वर्षमा प्रस्तावमा उल्लेख भएको अनुसन्धान कार्य सम्पन्न गरेको प्रमाण तथा विश्वविद्यालयको सिफारिस) |
| ५२ | **क.कार्यक्रमको नामः कृषिजन्य वाली वस्तुहरूमा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम** |
| | **ख.उद्देश्यः** असिना, सुख्खा, वाढी, पैह्रो जस्ता प्राकृतिक प्रकोपबाट हुनसक्ने सम्भावित क्षतीको न्यूनीकरण गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.बाक्लो प्लाष्टिक, ग्रिन नेट वा सिल्भर नेट को प्रयोग<br>२.आकष्मिक वालीवस्तु संरक्षण कार्यक्रम<br>३.पूर्व तयारी र सूचना प्रवाह<br>४.इपिडिमियोलोजिकल रोग नियन्त्रण<br>५.अन्य महामारी (कृषि, पशुपन्छी र मत्स्य) |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः** |

| सि नं | कार्यक्रम | अनुदान रकम र अधिकतम सीमा |
|---|---|---|
| १ | बाक्लो प्लाष्टिकको प्रयोग ( नर्सरीको लागि) | ९० जि एस एमको सिल्पोलिन प्लाष्टिक सिटमा बढीमा रू पन्ध्र हजार |
| २ | सिल्भर नेट | अधिकतम रू पन्ध्र हजार |
| ३ | ग्रिन नेट | प्रति वर्ग मीटर रू एक सय का दरले अधिकतम रू दश हजार सम्म |
| ३ | आकष्मिक वाली संरक्षणका लागि जैविक विषादीको प्रयोग | प्राविधिक समितिको सिफारिसमा मन्त्रालयको स्वीकृतीलिई हरेक जिल्लामा एक पटकमा बढीमा रू तीन लाख सम्म |

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | अनुदान र नीजि फार्म भएमा पचास प्रतिशत अनुदान र अधिकतम रु दश लाख अनुदान प्रति कार्यक्रम। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.ग्रीन नेटयुक्त प्लाष्टिक घर निर्माण भएको हुनुपर्ने<br>२.आफ्नो जग्गा वा कम्तिमा तीस वर्षको लिजमा लिएको जग्गाको विवरण हुनुपर्ने<br>३.बजारीकरणको व्यवस्थापन भएको हुनुपर्ने<br>४.प्राविधिक रुपले दक्ष कामदारको सुनिश्चित भएको हुनुपर्ने<br>५.कम्तिमा १ रोपनी क्षेत्रफलमा प्लाष्टिक घर सहित ग्रीन नेटमा पुष्प खेती गर्नलाई सुनिश्चित हुनुपर्ने<br>६.उपयुक्त सिँचाई प्रणालीको व्यवस्थापन भएको हुनुपर्ने। |
| ५१ | **क.कार्यक्रमको नामः अर्गानिक कृषि सम्बन्धी शोधपत्र अनुसन्धान सहयोग कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.कर्णाली प्रदेशको अर्गानिक कृषि, प्रविधि र विकासका विविध पक्षमा कलेजका विद्यार्थीहरूबाट कम लागतमा अनुसन्धानमा आधारित सोधपत्रमा सहयोग गर्ने<br>२.अर्गानिक कृषि, प्रविधि र विकासमा देखिएका समस्याको अनुसन्धान गरी समस्याको पहिचान गर्ने र पृष्ठपोषण लिने<br>३.प्रदेश सरकारको अर्गानिक कृषि अभियानमा शैक्षिक संस्थाहरूलाई पनि संलग्न गराउंदै लैजाने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. शोधपत्र अनुसन्धान कार्यको लागि बिषयवस्तु र क्षेत्रको यकिन गर्ने<br>२. उत्कृष्ट प्रस्तावमा आधारित अनुसन्धान कार्य तथा शोधपत्र तयारी। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.उच्च हिमाली जिल्ला (जुम्ला, हुम्ला, मुगु, कालीकोट र डोल्पा) अधिकतम रू एक लाख पचास हजार सम्म<br>२.पहाडी जिल्ला (दैलेख, जाजरकोट, सल्यान, रूकुम पश्चिम र सुर्खेत) अधिकतम रू एक लाख सम्म। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी तथा स्नातकोत्तर अध्ययनरत रहेको प्रमाण ( बिद्याबारिधिको हकमा स्नातकोत्तर अध्ययन गरेको प्रमाण पत्र र सोध पत्रको प्रस्ताव)<br>२.अन्य स्रोतबाट सोधकार्यको लागि कुनै आर्थिक सहयोग प्राप्त नगरेको स्वघोषणा |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | १.डालेघाँसको नर्सरी स्थापना तथा सो सम्बन्धी स्ट्रक्चर निर्माण<br>२.फलफूल, जडिवुटी जन्य, बहुउपयोगी छहारी रूख, हावा रोक्ने विरूवा रोपण<br>३.नगदेवाली, दलहन, मसलावाली खेती<br>४.जैविक वार तथा तारवार<br>५.वायो इञ्जिनियरिंग कार्य। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. कूल लागत सहभागिताः पचास प्रतिशत (अधिकतम रू दश लाख)<br>१.१ नर्सरी स्थापना तथा प्रवर्द्धन पचास प्रतिशतः नयाँ नर्सरी स्थापना ( अधिकतम रू दुई लाख पचास हजार) तथा सुदृढीकरण ( अधिकतम रू एक लाख)<br>१.२ विरूवाको मूल्य, नगदेवाली, दलहन तथा मसलावालीको बिउमा पचास प्रतिशत<br>१.३. आयातित जैतुन तथा एभोकाडोको विरूवाको मूल्यमा पचहत्तर प्रतिशत<br>१.४ जैविक वार तथा तारवार र वायो इञ्जिनियरिंग कार्यमा इष्टिमेटको आधारमा पचास प्रतिशत |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. न्यूनतम एक हेक्टर (बीस रोपनी)<br>२. व्यक्तिको हकमा स्थानीय तहको चौकिल्ला प्रमाणपत्र<br>३. पर्ती जग्गा र वन अन्तर्गत को जग्गाको हकमा सम्बन्धित वन कार्यालयको सहमति तथा सामुदायिक वनको हकमा फेकोफनको सहमती<br>४. आयातित विरूवाको हकमा आयात गरीएको प्रमाण। |
| ५० | **क.कार्यक्रमको नामः कृषि पर्यटन क्षेत्रका लागि पुष्पखेती सुदृढीकरण कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>पुष्पखेति प्रवर्द्धन गरी कृषि पर्यटनको विकास मार्फत आयआर्जनमा वृद्धि गरी ग्रामीण अर्थतन्त्रमा टेवा पूर्याउने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. पुष्प खेतीका लागि स्थायी प्लाष्टिक घर निर्माण गर्ने<br>२. सिजन अनुसार पुष्प नर्सरी बनाउने<br>३. गमला लगातय अन्य आवश्यक सामाग्री तथा औजार उपकरणहरु खरिद गर्ने<br>४. पुष्प खेतीमा प्रयोग हुने मलखाद ब्यवस्थापन<br>५. ग्लाडिलोस लगायत अन्य फूलहरुको आयु बढाउने खाद्य पदार्थहरुको व्यवस्थापन गर्ने। |
| | **घ. कार्यक्रम बजेट र अधिकतम सीमाः**<br>वुँदा नं "ग" मा उल्लेखित सामाग्रीहरुका लागि समुह/सहकारी भएमा सत्तरी प्रतिशत |

सचिव



प्रमुख सचिव

| | |
|---|---|
| | लागि कम्तीमा सात वर्ष र प्लाष्टिक घर तथा टनेलको लागि कम्तिमा दुई वर्ष)<br>३.प्राथमिकता वाली (टमाटर, क्याप्सिकम, काँक्रो, हरियो साग, स्ट्रबेरी), उत्पादन पकेट क्षेत्र, उपयुक्त सिजन र बजार क्षेत्र/ पायक पर्ने स्थानका कृषक समूह/सहकारी/कृषक/ कृषि उद्यमी/फर्म/कम्पनीहरूबाट उत्पादन सम्भाव्यता, बजारीकरण, आर्थिक साझेदारी तथा कृषकको क्षमताका आधारमा छनौट गर्ने<br>४.निजी फर्म तथा कम्पनीको हकमा संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, करचुक्ता र नवीकरण गरेको प्रमाणपत्र<br>५.सार्वजनिक खरिद ऐन, २०६३ को प्रावधान बमोजिम। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः** |
| **ङ** | **कृषि सम्बन्धी अन्य विविध कार्यक्रमहरू** |
| ४७ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार सञ्चालन गरिने कार्यक्रमहरू |
| | १.सबै प्रकारका तालीम, गोष्ठी, वैठक, सेमिनार, कार्यशाला सञ्चालनसम्बन्धी खर्चको मापदण्द सम्बन्धमा (२.४ र २.५), सहभागिता भत्ता (२.६), ईन्धन सुविधा (२.८) र लेख रचना पारिश्रमिक (२.९)<br>२.आवासीय तालीममा तालीम अवधीभर कृषकलाई सहभागी भत्ता प्रतिदिन रू सात सय र सो अबधी बाहेकको तथा अन्य कुनैपनि भ्रमण खर्चमा अधिकृत स्तर आठौं स्तर सरहको भ्रमण खर्च । |
| ४८ | पशु स्वास्थ्य सेवा कार्यक्रम (पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६, पशु वधशाला र मासु जाँच ऐन २०५५, पशु वधशाला र मासु जाँच नियमावली २०५७ अनुसार तोकिएका कार्यक्रम र विश्व पशु स्वास्थ्य संगठन OIE र नेपाल राजपत्रमा उल्लेखित भएका शंक्रामक रोग पहिचान, नियन्त्रण, रोकथाम र पुर्व तयारीका लागि सञ्चालन गरिने सम्बन्धित कार्यक्रमहरू) |
| ४९ | **क.कार्यक्रमको नामःकृषि वन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.एकीकृत कृषि वन प्रणालीको माध्यमबाट कृषि उपज तथा वनजन्य पैदावरको उत्पादन एवं उत्पादकत्व बृद्धि गरी हरियाली तथा जैविक विविधता प्रवर्द्धन , वातावरण संरक्षण तथा भू-संरक्षणकार्य गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः** |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | १.अधिकतम सीमाः पचास प्रतिशत (रू. पचास लाख सम्म)।<br>२.औजार उपकरण, प्रशोधन केन्द्र परिसरमा सञ्चय घर टहरा निर्माण.फेन्सिङ्ग र प्याकेजिंग सामग्री खरिद तथा प्याकेजिंग कार्यका लागि पचास प्रतिशत<br>३.सवारी साधनका लागि पच्चीस प्रतिशतमात्र। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन<br>२. विषादी उत्सर्जन तथा फोहर व्यवस्थापन प्रणाली हुनुपर्ने<br>३. व्यवसाय दर्ता प्रमाणपत्र, प्यान वा भ्याट दर्ता<br>४. व्यावसायिक योजना<br>५. वस्तु ढुवानीको लागि एसेक्सरीज जडित सवारी साधनको लागि मात्र। |
| ४६ | **क.कार्यक्रमको नामः उच्च प्रविधियुक्त नर्सरी स्थापना सञ्चालन विस्तार र सुदृढीकरण** |
| | **ख.उद्देश्यः** स्वस्थ र गुणस्तरीय विरूवा उत्पादन गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. हाइटेक ग्रिन हाउस निर्माण<br>२. नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस / एग्रिनेट हाउस निर्माण<br>३. प्लाष्टिक घर तथा टनेल निर्माण<br>४. बजारमुखी उत्पादन योजना<br>५. उच्च प्रविधियुक्त खेती प्रविधी। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>**१.अनुदान प्रतिशतः**<br>कृषक समूह तथा सहकारी सत्तरी प्रतिशत<br>कृषक/ कृषि उद्यमी/फर्म/कम्पनी पचास प्रतिशत<br>२.अधिकतम **अनुदान रकमः**<br>क.हाइटेक ग्रिन हाउस रू चालीस लाख<br>ख.नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस / एग्रिनेट हाउस रू. दश लाख<br>ग.प्लाष्टिक घर तथा टनेल रू साठी हजार। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.प्राविधिक डिजाइन तथा लागत इष्टिमेट<br>२.जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र वा लिजमा लिएको भए करारनामा (हाइटेक ग्रिन हाउस, नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस, एग्रीनेट हाउसका |

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | ४.मागमा आधारित साना सिंचाइ मर्मत तथा निर्माण<br>५.अधुरा सिंचाइ योजनाको निर्माण सम्पन्न। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. बढीमा पचासी प्रतिशत |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.सम्बन्धित प्राविधिकबाट तयार पारिएको संक्षिप्त इञ्जिनियरिङ्ग डिजाइन सहितको लागत इष्टिमेट<br>२.सम्बन्धित समूह/सहकारी/उपभोक्ताको आयोजना माग सम्बन्धी निर्णय<br>३.स्थानीय तहको सिफारिस तथा प्रदेश सभा सदस्यबाट सिफारिस<br>४.आयोजनाको औचित्य र अनुदानग्राही/सिंचाइ सुविधापुग्ने क्षेत्रफल तथा सम्भाव्य वाली वस्तुको विवरण<br>५.पानीको मुहान र कूलो पास हुने जग्गामा कुनै विवाद नभएको सम्वन्धमा वडा/स्थानीय तहको सिफारिस<br>६.मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयका प्रतिनिधीहरू, सरोकारवालाहरू, जननिर्वाचित प्रतिनिधहरूद्वारा गरिने अनुगमनको क्रममा अति आवश्यक मर्मत सम्भार तथा स-साना सिंचाइ सामग्रीहरूको समुदायमा आवश्यकता देखिएको खण्डमा अधिकतम रू एक लाख नबढ्ने गरी प्रति सिंचाइ योजना सम्बोधन गर्न सकिने<br>७.हालको जलवायू परिवर्तनबाट परेको प्रभावलाइ न्यूनिकरण गर्न हिउँ तथा बर्षादको पानी संकलन, मुहान संरक्षण सहितको सिंचाइ योजना, थोपा सिंचाइ आदि प्रविधिलाइ प्राथमिकता दिने। |
| ४५ | **क.कार्यक्रमको नामः कृषिजन्य बस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन** |
| | **ख.उद्देश्यः**<br>१. कृषिजन्य बस्तुको प्रारम्भिक प्रशोधन गरी उत्पादन विविधिकरण गर्ने<br>२. मूल्य अभिवृद्धि तथा बजारीकरण मार्फत कृषकको आय बढाउने<br>३. व्यावसायिक रण र आय-आर्जनका दृष्टिले सम्भावना भएका वाली वस्तुको निकासी प्रवर्द्धन गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.औजार उपकरण<br>२.प्रशोधन केन्द्र परिसरमा सञ्चय घर टहरा निर्माण<br>३.फेन्सिङ्ग<br>४.प्याकेजिंग सामग्री खरिद तथा प्याकेजिंग कार्य<br>५.ढुवानी साधन र एसेक्सरीज। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः** |



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
निमित्त सचिव
प्रमुख सचिव

| | |
|---|---|
| | ४.खानेपानी सुविधा सम्बन्धी पूर्वाधार, पालोपहरा कक्ष, शौचालय निर्माण<br>५.कृषि हाट बजार तथा कृषि उपज संकलन केन्द्र निर्माण एवम् सञ्चालनका लागि आवश्यक अन्य सुविधा तयार। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.संकलन केन्द्र पचासी प्रतिशत (अधिकतम रू सत्र लाख)<br>२.कृषि हाट बजारमा शत प्रतिशत। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. समूह, सहकारी र बजार सञ्चालक समिति मार्फत मात्र कार्यक्रम सञ्चालन हुने<br>२. संकलन केन्द्रको हकमा औचित्य, सम्भाव्यता, संक्षिप्त डिजाइन, जग्गाको स्वामित्व (सामुहिक प्रयोजनको लागि दश वर्षको करारनामा), लाभाग्राही सम्बन्धी जानकारी<br>३. कृषि हाटबजारको हकमा सम्भाव्यता प्रतिवेदन सहितको विस्तृत डिजाइन, जग्गाको सुनिश्चितता (सामुहिक प्रयोजनको लागि पच्चीस वर्षको करारनामा)<br>४. स्थानीय तहको सिफारिस<br>५. प्रारम्भिक वातावरण परीक्षण/वातावरण प्रभाव मूल्यांकन प्रतिवेदन। |
| ४४ | **क.कार्यक्रमको नामः कृषि सिँचाई** |
| | **ख.उद्देश्यः**<br>१. सतह तथा भूमिगत श्रोतको पानी कृषि योग्य भूमिमा पुर्याइ सिंचाइ सुविधा विस्तार गर्ने<br>२. नयाँ प्रविधि (पोखरी, स्प्रिंक्लर, प्लाष्टिक पोखरी, थोपा सिँचाई , लिफ्ट प्रणाली, सोलार सिंचाइ, फेरोसिमेण्ट टेङ्क, पम्प, बोरिङ्ग आदि) मा आधारित सिँचाई को प्रयोग गरी पानीको प्रभावकारिता वढाउने<br>३. सिँचाई आयोजनाको मर्मत सम्भार गर्ने<br>४. सतह तथा भूमिगत सिँचाई , नयाँ प्रविधी तथा सिंचाइ आयोजनाको मर्मत सम्भार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१. सतह तथा भूमिगत जलश्रोतमा आधारित सिँचाई योजना निर्माण<br>२.नयाँ प्रविधि (पोखरी, स्प्रिंक्लर, प्लाष्टिक पोखरी, थोपा सिँचाई , लिफ्ट सिंचाइ, सोलार सिंचाइ, फेरोसिमेण्ट टेङ्क,पम्प, बोरिङ्ग आदि) मा आधारित सिँचाई योजना निर्माण<br>३. सिँचाई आयोजनाको मर्मत सम्भार |

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | ४.प्राविधिक डिजाइन, लेआउट तथा लागत इष्टिमेट<br>५.संकलन केन्द्रको न्यूनतम क्षेत्रफल २ रोपनी<br>६.जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र वा लिजमा लिएको भए करारनामा<br>७.घना बजार तथा आवास क्षेत्रभन्दा बाहिरको उपयुक्त स्थान<br>८.निजी फर्म तथा कम्पनीको हकमा संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, करचुक्ता र नवीकरण गरेको प्रमाणपत्र। |
| ४२ | **क.कार्यक्रमको नामः सिँचाई मर्मत तथा सम्भार कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.सिँचाई सुविधा विस्तारगरी कृषि उत्पादन वृध्दि गर्ने<br>२.कृषि उत्पादनका पकेटहरूलाई बजारसंग जोडी कृषि उपजको बजारीकरणमा सहयोग पुर्याउने<br>३.निर्मित सिँचाई को मर्मत सम्भार गरी प्रयोगमा ल्याउन सहयोग गर्ने<br>४. चालु आ.व. भन्दा अगाडि निर्माण भई अधुरा रहेका कृषि सिँचाई आयोजना सम्पन्न गर्ने। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.लागत अनुमानको बढीमा पचासी प्रतिशत रकम। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. कार्यालयबाट चालु आ.ब. भन्दा अगाडी निर्माण भइ अधुरो रहेको विवरण।<br>२. अधुरो सिचाइ योजना सम्पन्न गर्न लाग्ने लागत इष्टिमेट ।<br>३. अन्य मापदण्ड तथा प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नियमावली आकर्षित हुनेछ। |
| ४३ | **क.कार्यक्रमको नामः कृषि हाटबजार तथा कृषि उपज संकलन केन्द्र निर्माण तथा सञ्चालन** |
| | **ख.उद्देश्यः**<br>१. कृषि उपजको बजारीकरणमा सहजीकरण गर्ने<br>२. कृषिबजारसंग कृषि उत्पादन पकेट क्षेत्रको सम्बन्ध स्थापित गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.कृषि उपज बिक्रि वितरणको लागि बजार सेड वा भवन निर्माण<br>२.कम्पाउण्ड वाल, तारवार, रिटेनिंग वाल निर्माण<br>३.भण्डारण कोठा, कार्यालय कोठा, सूचना कक्ष, कोसेबार स्थान निर्माण |



कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

| | |
|---|---|
| | सम्म) |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन<br>२.सम्बन्धित स्थानीय तहको सिफारिस<br>३.स्थानीय तहका जनप्रतिनिधिको रोहवरमा संधियारहरूको मुचुल्का<br>४.प्राविधिक डिजाइन, लेआउट तथा लागत इष्टिमेट<br>५.जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र वा लिजमा लिएको भए करारनामा (न्यूनतम पाँच वर्षको)<br>६.घना बजार तथा आवास क्षेत्रभन्दा बाहिरको उपयुक्त स्थान<br>७.निजी फर्म तथा कम्पनीको हकमा संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, करचुक्ता र नवीकरण गरेको प्रमाणपत्र। |
| ४१ | **क.कार्यक्रमको नामः पशु/पशुपंछी संकलन केन्द्र निर्माण तथा सञ्चालन** |
| | **ख.उद्देश्यः**<br>१.एकीकृत रूपले पशु विक्रि वितरणको व्यवस्था मिलाई पशुको बजारीकरण कार्यमा सहयोग गर्ने<br>२.पशु स्वास्थ्यको न्यूनतम मापदण्ड कायम गरी पशुवस्तु र मानव स्वास्थ्यको जोखिम न्यूनीकरण गर्ने<br>३.पशु निर्यात प्रवर्द्धन गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.पशु/पशुपन्छी संकलन केन्द्र निर्माण<br>२.पशु खोर तथा गोठ निर्माण<br>३.संकलन केन्द्रको लागि आवश्यक डुँड, नाली र पशुवस्तु अनुसारको खानेपानीको व्यवस्था<br>४. घेरावार/तारवार<br>५. फोहर व्यवस्थापन। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>पचासी प्रतिशत सम्म ( अधिकतम रू बीस लाख सम्म)। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन<br>२.सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>३.स्थानीय तहका जनप्रतिनिधिहरूको रोहवरमा संधियारहरूको मुचुल्का |

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | अन्वेषण तथा प्रयोगशाला सेवा प्रवाह गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१.आलु, केरा, सुन्तलाजात फलफूल,आलंकारिक फूलको टिस्युकल्चर प्रयोगशाला निर्माण तथा सञ्चालन<br>२.पशुपंछी तथा मत्स्य सम्बन्धी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह<br>३.बुंदा नं (१) र (२) बाहेकको वाली वस्तुको हकमा औचित्य र आधार सहितको प्रस्तावकको प्राविधिक प्रतिवेदन |
| | **घ.अनुदान रकम र अधिकतम सिमा:**<br>१. टिस्युकल्चर ल्याव, पशुपंछी तथा मत्स्य उत्पादन सम्बन्धी प्रयोगशाला (निजी फर्म) अधिकतम पचास प्रतिशत (रू एक करोड सम्म)<br>२. निर्माण तथा मेशिनरीको हकमा पचास प्रतिशत |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय:**<br>१.प्रमाणित/स्वीकृत विस्तृत डिजाइन तथा लागत इष्टिमेट<br>२.जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र वा लिजमा लिएको भए दश वर्षको करारनामा<br>३.उत्पादन पकेट क्षेत्र वा बजार क्षेत्र वा पायक पर्ने उपयुक्त स्थान<br>४.प्रयोगशाला सञ्चालन गर्न सक्ने प्राविधिक क्षमता सहितको पुस्ट्याईं। |
| ४० | **क.कार्यक्रमको नाम:मासु पसल, पशु वधशाला तथा वधस्थल स्थापना तथा सञ्चालन** |
| | **ख.उद्देश्य:**<br>१ उपभोक्ताको माग र स्वास्थ्यलाई ध्यानमा राखी स्वच्छ र स्वस्थ मासुको व्यवस्थित बजारीकरण गर्ने<br>२ गुणस्तरीय मासुको आपूर्ति गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१.पशु वधशाला निर्माण<br>२.पशु बधस्थल निर्माण सुधार<br>३.मेशीनरी तथा औजार उपकरण खरीद<br>४.फोहर व्यवस्थापन<br>५. वातावरणीय स्वच्छता तथा श्रमिक र उपभोक्ताको व्यवसायजन्य स्वास्थ्य सुरक्षा सम्बन्धी कृयाकलाप। |
| | **घ.अनुदान रकम र अधिकतम सीमा:** पचास प्रतिशत (अधिकतम रू पचास लाख |



निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | ४.मुलुक बाहिर निकासीको हकमा निर्यात प्रमाण र अर्गानिक प्रमाणीकरण खर्चको रसिद |
| **घ** | **कृषि पूर्वाधार विकास लक्षित कार्यक्रमहरु** |
| ३८ | **क.कार्यक्रमःशित भण्डार, सेलारस्टोर, रष्टिक स्टोर निर्माण तथा सञ्चालन** |
| | **ख.उद्देश्यः** कृषि उपजको भण्डारण गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१. शित भण्डार निर्माण(सिमेन्टेड र प्रि फयाब)<br>२. सेलारस्टोर र रष्टिक स्टोर निर्माण<br>३. कोल्ड बुट निर्माण तथा सञ्चालन |
| | **घ.अनुदान रकम र अधिकतम सिमाः**<br>१.शित भण्डार (समुह/सहकारी) अधिकतम सत्तरी प्रतिशत (रू एक करोड पचास लाख सम्म)<br>२.शित भण्डार (कम्पनि/ फार्महरु) अधिकतम पचास प्रतिशत (रू एक करोड सम्म)<br>३.न्यूनतम १० मे.टन क्षमताको सेलारस्टोर, रष्टिक स्टोर (समुह/सहकारी) अधिकतम सत्तरीप्रतिशत (रू दश लाख सम्म)<br>४.न्यूनतम १० मे.टन क्षमताको सेलारस्टोर, रष्टिक स्टोर (निजी फर्म) अधिकतम पचासप्रतिशत (रू सात लाख सम्म)<br>५.मेशिनरीको हकमा पचास प्रतिशत |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.प्रमाणित/स्वीकृत विस्तृत डिजाइन तथा लागत इष्टिमेट<br>२.जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र वा लिजमा लिएको भए करारनामा ( ५०० मे.टन भन्दा बढीको शित भण्डारलाई बीस वर्ष र अन्यको हकमा दश वर्ष)<br>३.उत्पादन पकेट क्षेत्र वा बजार क्षेत्र वा पायक पर्ने उपयुक्त स्थान<br>४.पाँचसय मे.टन वा सो भन्दा ठूला क्षमताका शित भण्डारको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन तथा मन्त्रालयबाट स्वीकृति। |
| ३९ | **क.कार्यक्रमः प्रयोगशाला निर्माण तथा सञ्चालन** |
| | **ख.उद्देश्यः**<br>१. स्वस्थ तथा गुणस्तरीय बिउ तथा विरुवा उत्पादन, पशुपन्छी तथा मत्स्य रोग |

प्रदेश सरकार, कर्णाली प्रदेश, कृषि तथा सहकारी मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार, मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत नेपाल

२.००.८

प्रमुख सचिव

| | | | |
|---|---|---|---|
| | २ | ब्राण्ड निर्माण | स्याउ, सिमी, मार्सी, रैथाने बालीहरू, आलु, मह, अदुवा लगायतका प्रदेशका विशिष्ट बाली वस्तुहरूको एकीकृतरूपमा ब्राण्ड निर्माण गर्ने कार्यमा बढीमा रू एक लाख ( प्राविधिक अध्ययनटोलीको प्रतिवेदनको आधारमा) |
| | ३ | प्याकेजिंग सामग्रि | प्रांगारिक उत्पादनमा पचास प्रतिशत र अन्यमा पच्चीस प्रतिशत (बढीमा छ लाख सम्म) |
| | ४ | ढुवानी सहयोग | प्रांगारिक उत्पादनमा पचास प्रतिशत र अन्यमा पच्चीस प्रतिशत (बढीमा रू तीन लाख)<br>हवाइ सेवा मार्फत ढुवानी भएमाः सम्बन्धित जिल्लाबाट सुर्खेत वा नेपालगञ्जसम्म<br>अन्य तरिकाबाट ढुवानी भएमाः वीरेन्द्रनगर सुर्खेत, नेपालगञ्ज र दाङ्ग तुलसीपुर सम्मको मात्र । |
| | ५ | निर्यात सहयोग | मुलुक बाहिर निकासीको हकमा अर्गानिक प्रमाणीकरण र रेकर्डको आधारमा निर्यातकर्तालाई प्रमाणीकरणको खर्च पचास प्रतिशत (वार्षिक रू सात लाख पचास हजारसम्म) |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१.नेपाल अर्गानिक मापदण्डसंग सामञ्जस्य हुनेगरी कर्णालीको मापदण्ड तयार पार्ने

२. लोगो र ब्राण्ड स्वीकृत नभएसम्म कृषि/पशु अस्पताल/जिल्ला सहकारी संघ/अनुसन्धान केन्द्र/प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना/फार्मकेन्द्र/उद्योग वाणिज्य संघ/जिल्ला प्रशासन कार्यालयको प्रतिनिधी सम्मिलित समितिले निर्धारण गरे बमोजिम प्याकेजिंग र ढुवानी सहयोग उपलव्ध गराउन सकिनेछ ।

३.ढुवानीगर्दा प्रस्थान विन्दुको चलानी र गन्तव्य विन्दुको प्राप्तीको प्रमाणित विवरण तोकिएको निकायबाट गरीएको हुनुपर्ने

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | सकिने<br>३.रैथाने बाली बिउ संरक्षण तथा प्रोत्साहन कार्यक्रमः सत्तरी प्रतिशत अनुदान<br>४.अर्गानिक तथा जैविक मल डेमोः  सत्तरी प्रतिशत अनुदान<br>५.अर्गानिक होमस्टे प्रबर्द्धनः सत्तरी प्रतिशत अनुदान<br>६.अर्गानिक एकिकृत मोडेल कृषि फार्ममा प्रति उद्यमी अधिकतम रू पाँच लाख<br>७.अन्य कृयाकलापको हकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रांगारिक मिसन कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ ले निर्धारण गरे बमोजिम हुनेछ। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.संस्था दर्ता प्रमाणपत्र<br>२.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्र<br>३.अर्गानिक प्रमाणीकरण गरीएको प्रमाणित कागजपत्र। |
| ३७ | **क. कार्यक्रमको नामः कर्णाली ब्राण्ड निर्माण तथा प्रांगारिक वस्तु बजारीकरण सहयोग कार्यकम / कर्णालीको पहिचान निर्यातयोग्य वालीहरू ( स्याउ, सिमी, आलु, मह लगायतका निर्यातयोग्य बाली) को लागि बजारीकरण तथा निर्यातमा अनुदान** |
| | **ख.उद्देश्यः**<br>कर्णाली ब्राण्डको माध्यमबाट यस प्रदेशमा उत्पादित कर्णालीको पहिचान दिने विशिष्ट वस्तु ,रैथाने वाली तथा प्रांगारिक वाली वस्तुको बजार प्रवर्द्धन  गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.कर्णालीको प्रांगारिक लोगो डिजाइन<br>२.कर्णालीको प्रांगारिक ब्राण्ड निर्माण<br>३.प्याकेजिंग (बजारीकरण र निकासीयोग्य कृषि उपज)<br>४.ढुवानी सहयोग<br>५.निर्यात सहयोग |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः** |

| सि नं | कार्यक्रम | विवरण |
|---|---|---|
| १ | कर्णालीको लोगो डिजाइन | प्रदेशस्तरमा एक पटक प्रतिस्पर्धा गराई लोगो डिजाइन गराउने |

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | ३.क्षमता अभिबृद्धि कार्यक्रम<br>४.संस्थागत विकास, जनचेतना तथा प्रचार प्रसार कार्यक्रमः विश्व खाद्य दिवस, प्रंगारिक कृषि दिवस, अर्गानिक कृषि मेला प्रदर्शनी, जैविक विविधता र रैथाने वाली संरक्षण<br>५.अर्गानिक कृषि उपज बजारीकरण |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रममा साठी प्रतिशत<br>२.अर्गानिक कृषि प्रविधि तथा उत्पादन सामग्री सहयोग कार्यक्रममा पन्ध्र प्रतिशत<br>३.क्षमता अभिवृद्धी कार्यक्रममा दश प्रतिशत<br>४.संस्थागत विकास, जनचेतना तथा प्रचार प्रसार कार्यक्रममा पाँच प्रतिशत<br>५.अर्गानिक कृषि उपज बजारीकरण सम्बन्धी कार्यक्रममा दश प्रतिशत। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१. संस्थाको हकमा दर्ता प्रमाणपत्र<br>२. कार्यक्रम सञ्चालनगर्ने संस्थागत निर्णय प्रतिलिपी<br>३. स्थानीय तहको सिफारिस<br>४.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण |
| ३६ | **क.कार्यक्रमको नामः प्राङ्गारिक मिसन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.अर्गानिक कृषि उत्पादनको प्रवर्द्धन गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.रैथाने वाली वस्तुको प्रवर्द्धन<br>२.अर्गानिक तथा जैविक मल प्रदर्शन<br>३.अर्गानिक होमस्टे प्रवर्द्धन<br>४.अर्गानिक एकिकृत मोडेल कृषि फार्म<br>५.कम्पोष्ट मल तथा गोठ सुधार कार्यक्रम। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.लागत साझेदारीः<br>क.कृषक समुह र सहकारीः सत्तरी प्रतिशत (अधिकतम रकम रू आठ लाख सम्म)<br>ख.कृषि उद्यमी कृषि फर्म र कम्पनीः पचास प्रतिशत (अधिकतम रकम रू पाँच लाख सम्म)<br>२.सिंचाइ कार्य गर्नुपर्ने भएमा कूल लागतको चालीस प्रतिशत नबढ्ने गरी गर्न |

निमित्त सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | २.व्यावसायिक तालीम कार्यक्रम<br>३.एकीकृत कृषि तथा पशुपंछी पालन तथा सो सम्बन्धी संरचना निर्माण<br>४.भर्मिकम्पोष्ट, जैविक मल, वानस्पतिक विषादी उत्पादन तथा परीक्षण कार्यक्रम<br>५.प्रयोगशाला सुदृढीकरण<br>६.प्राविधिक विद्यालय सञ्चालन भएको स्थान वरपरको समुदायमा कृषि पशु सेवा प्रसारको लागि समुदायसंगै मिलेर प्रविधिहरूको उत्पादन प्रदर्शन<br>७.सिक्दै कमाउंदै कार्यक्रमको लागि विद्यार्थीहरूले विद्यालय भित्र वा वाहिर कृषि तथा पशु व्यवसाय सञ्चालनगरी आयआर्जन। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. कूल लागत सहभागिताः  सामुदायिक विद्यालयलाई सत्तरी र निजी विद्यालयलाई पचास प्रतिशत (अधिकतम रू दस लाख सम्म)। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.कृषि र पशुपालन विषय अध्यापन गराउनका लागि प्राप्त अनुमतिपत्र<br>२.विद्यालयको कार्यक्रम सञ्चालन गर्ने संस्थागत निर्णय<br>३.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्र वा करारमा लिइने जग्गाको करारनामा पत्र<br>४.कार्ययोजना सहितको व्यावसायिक योजना<br>५.सिक्दै कमाउंदै कार्यक्रममा व्याचका सबै विद्यार्थीहरू संलग्न हुनुपर्ने<br>६. यो कार्यक्रम कृषि र पशुबिज्ञान अध्ययन गराउने सामुदायिक बिद्यालय मार्फत निरन्तर वा नयाँ बिस्तार गरी गर्न सकिने । |
| ३५ | **क.कार्यक्रमको नामः अर्गानिक मोडेल कृषि कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.अर्गानिक कृषि प्रविधिको अनुशरण तथा विस्तारको लागि कृषकहरूलाई स्थान विशेष  प्रविधिको अवलम्वनमा सहजीकरण गर्दै विषादी रहित कृषि उत्पादन वृध्दि गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.अर्गानिक मोडेल कृषि फार्म विकास कार्यक्रम<br>२.गोठ सुधार, भर्मिकम्पोष्ट, कम्पोष्ट मल, हरियो मल, जैविक मल, वानस्पतिक विषादी, शुक्ष्म जैविक मल, कोसेवाली, भिरालो जग्गा खेती प्रविधि, माटो निर्मलीकरण, आइ पि एम प्रविधि जस्ता अर्गानिक कृषि प्रविधि तथा उत्पादन सामग्री सहयोग कार्यक्रम |

निमित्त सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | प्रांगारिक खेतीको प्रवर्द्धन गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१.गोठ सुधार<br>२.गोठेमल सुधार<br>३.कम्पोष्ट मल<br>४.हरेक गोठ प्रांगारिक मलको श्रोत अभियान<br>५. साना तथा मध्यम स्तरको प्राङगारिक मल उत्पादन उद्योग (गोबर/गहुँत लगायत अन्य बनस्पतिमा आधारित) |
| | **घ.अनुदान रकम र अधिकतम सीमा:**<br>१. गोठ सुधार, गोठेमल सुधार र कम्पोष्ट मलको लागि प्रति परिवार अधिकतम रू दश हजार मात्र<br>२. हरेक गोठ प्रांगारिक मलको श्रोत अभियान सञ्चालनका लागि वर्षमा एक पटकका लागि रू तीस हजार (प्रति घर गोठ सुधार/पिसाब सकलन/भकारो सुधार लगायतका क्रियाकलाप) |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय:**<br>१.क्लष्टरमा सञ्चालन (न्यूनतम २५ कृषक घरधुरी)<br>२.कम्तीमा दुई वटा ठूला पशु भएको हुनुपर्ने<br>३.निर्धारण गरीएको डिजाइन इष्टिमेट अनुसार गोठ सुधार गर्नुपर्ने। |
| ३४ | **क.कार्यक्रमको नाम: प्राविधिक विद्यालय मार्फत प्रविधि प्रसार तथा सिक्दै कमाउंदै कार्यक्रम** |
| | **ख.उद्देश्य:**<br>१. अर्गानिक कृषि / पशु उत्पादनका बिषयमा प्राविधिक विद्यालयको क्षमता अभिवृद्धी गर्ने<br>२. विद्यालय क्षेत्रमा अर्गानिक कृषि / पशु उत्पादनका लागि आधारभूत पूर्वाधार विकास गर्ने<br>३. विद्यार्थीहरूमा अर्गानिक कृषि / पशु उत्पादन क्रियाकलापहरूमा संलग्न गराई त्यस प्रति रूची जगाई अध्ययनकै क्रममा आय आर्जन गराउने<br>४.प्राविधिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाइ सिक्दै कमाउंदै गर्ने वातावरण सृजना गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरू:**<br>१.अर्गानिक कृषिमा आधारित प्रदर्शन कार्यक्रम |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| | जातका पशुपन्छी, दाना, घांसको श्रोत केन्द्र विकास तथा सुदृढीकरण<br>२.पूर्वाधार निर्माण<br>३.मेशिनरी औजार तथा उपकरण<br>४.रजिष्ट्रेशन कार्य सहजीकरण तथा क्षमता अभिबृद्धि<br>५.नक्ष्ल, चल्ला, प्यारेण्ट स्टक, भुरा, आदि वितरण |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. व्यावसायिक योजनको आधारमा अधिकतम रू एक करोड सम्म |

| सि नं | विवरण | निजी | सामुदायिक / सहकारी |
|---|---|---|---|
| १ | **प्रजननको लागि नक्ष्ल** | पचास | सत्तरी |
| | भेंडा/बाख्रा/च्याङ्ग्रा/थुमा/बोका | | |
| | भैंसी/राँगा, गाई/साँढे | | |
| | नाक/ याक | | |
| | रेन्वो ट्राउट माछा | | |
| | कुखुरा/भाले | | |
| | वंगुर | | |
| २ | पूर्वाधार निर्माण | पचास | सत्तरी |
| ३ | मेशिनरी औजार तथा उपकरण | पचास | सत्तरी |
| ४ | क्षमता अभिवृद्धी | पच्चीस | पचास |
| ५ | आयातित ब्रिड | पचासी | |
| ६ | नक्ष्ल सुधारको लागि कृत्रिम गर्भाधान र एककालिक कृत्रिम गर्भाधान शिवीर | पचहत्तर | पचासी |

| | |
|---|---|
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.दर्ता प्रमाणपत्र<br>२.रेकर्ड प्रणाली लागु गरीएको (नक्ष्लको जातीय गुण, विक्रि वितरण, स्टक आदि)<br>३.मन्त्रालयले परिभाषित गरेको जातीय गुणको नक्ष्ल हुनुपर्ने<br>४.श्रोतकेन्द्रको न्यूनतम मापदण्ड पूरा गरेको<br>५.उत्पादित श्रोतको मूल्य निर्धारणगर्दा तोकिएको अवधी सम्म सरकारी दर रेटमा उपलव्ध गराउने प्रतिबद्धता |
| ३३ | **क.कार्यक्रमको नामः प्रांगारिक मल उत्पादन प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्यः** प्रदेशलाई आवश्यक पर्ने प्रांगारिक मल प्रदेश भित्र नै उत्पादन गराई |

निमित सचिव

२०८०.८ प्रमुख सचिव

**घ.अनुदान रकम र अधिकतम सीमाः**

१.कूल योजनाको लागतको बढीमा पचास प्रतिशत

| सि नं | पहाडी क्षेत्र | | हिमाली क्षेत्र | |
|---|---|---|---|---|
| | क्षेत्रफल (रोपनी) | अधिकतम अनुदान रकम | क्षेत्रफल (रोपनी) | अधिकतम अनुदान रकम |
| १ | ५० देखि ७५ | रू पन्ध्र लाख | २० देखि ५० | रू पन्ध्र लाख |
| २ | >७५ देखि १०० | रू वीस लाख | >५० देखि ७५ | रू वीस लाख |
| ३ | >१०० देखि २०० | रू पच्चीस लाख | >७५ देखि १०० | रू पच्चीस लाख |
| ४ | २०० भन्दा माथी अतिरिक्त क्षेत्रफल | रू दश हजार प्रति रोपनी | १०० भन्दा माथी अतिरिक्त क्षेत्रफल | रू दश हजार प्रति रोपनी |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१.कम्तीमा दुई वा दुई भन्दा बढी व्यक्ति/समुह /सहकारी/ फर्म वा कम्पनी हुनुपर्ने

२.दुई वा दुई भन्दा बढी कित्ता

३.वार्षिक रूपमा कम्तीमा दुई वाली लगाउने वाली योजना

४.हिमालमा न्यूनतम २० रोपनी र पहाडमा न्यूनतम ५० रोपनी जमिन

५.कृषि उत्पादन योग्य जमिन

६.खेती योजना कम्तीमा ५ वर्ष सम्मको हुनुपर्ने

७.स्थानीय तहको सिफारिस

८.ऐलानी जग्गाको हकमा स्थानीय तहको सिफारिस तथा पर्ति/डांडा लगायत स्वामित्व नखुलेको हकमा वन सम्बन्धी निकायको सिफारिस

३२ **क.कार्यक्रमको नामः पशुपन्छी तथा मत्स्य श्रोतकेन्द्र विकास (निजी/सामुदायिक/सहकारी)**

**ख.उद्देश्यः**

१.घरायसी तथा व्यावसायिक पशुपन्छी पालनको लागि चाहिने गुणस्तरीय विउ, नश्ल, चल्ला, प्यारेण्ट स्टक, भुरा, दाना, पशु औषधी जैविकी आदि आपूर्ती सहजीकरण गर्ने

२.प्रदेशभित्र आबश्यकपर्ने श्रोतमा आत्मनिर्भर हुने।

**ग.प्रमुख क्रियाकलापहरूः**

१. गाई, भैंसी, चौरी, भेंडा/बाखा/च्यांग्रा, रेन्बो ट्राउट माछा, वंगुर, कुखुरा, विशिष्ट

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | | | |
|---|---|---|---|
| २ | तालीम कार्यक्रम | शत प्रतिशत | शत प्रतिशत |
| ३ | पूंजिगत खर्च/यन्त्र औजार उपकरण मर्मत केन्द्र स्थापना/ पोष्टहार्भेष्ट उपकरण/च्याउ घर /प्लाष्टिक घर/बाख्राको खोर/माछा पोखरी निर्माण | पचास प्रतिशत | सत्तरी प्रतिशत |
| ४ | सिंचाइ तथा पूर्वाधार निर्माण/ साना शुक्ष्म सिँचाई सम्बन्धी उपकरण खरिद तथा दक्ष मिस्त्रीबाट जडान | पचासी प्रतिशत | पचासी प्रतिशत |
| ५ | ढुवानीका सवारी साधन तथा ट्र्याक्टर खरीद | तीस प्रतिशत | पचास प्रतिशत |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१.व्यक्तिको हकमा वडा कार्यालयको सिफारिस तथा फर्मको हकमा संस्था दर्ता प्रमाणपत्र

२.व्यावसायिक योजना

३.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्र वा करारमा लिइने जग्गाको करारनामापत्र

३१ **क.कार्यक्रमको नामः चक्लावन्दी खेती प्रोत्साहन कार्यक्रम**

**ख.उद्देश्यः**

१.खेतीयोग्य भूमिको अन्य प्रयोजनका लागि अतिक्रमण हुन नदिई भूमिको जगेर्ना गर्ने

२.जमिन बाँझो राख्ने र खण्डिकरण गर्ने प्रवृत्तिलाई निरूत्साहन गर्ने

३.कृषि व्यवसायीकरणका लागि यान्त्रीकरण मार्फत कृषिको उत्पादकत्व अभिवृद्धी गर्ने

**ग.प्रमुख क्रियाकलापहरूः**

१.जग्गा सम्याउने तथा प्लट सुधार

२.कृषि, पशुपंछीजन्य तथा मत्स्य उत्पादन कृयाकलाप सञ्चालन

३.बिउ, वेर्ना, मल, जैविक विषादी, कृषिँ औजार

४.पूर्वाधार निर्माण विकास (फार्म रोड, सिँचाई कूलो निर्माण/मरम्मत, पोखरी, बोरिंग, गोठ, व्यवसाय अनुरूपका अन्य स्ट्रक्चरहरू)

५.कृषि मेशिनरी/उपकरण खरीद

निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | १.तातोपानीको मत्स्य व्यवसायलाई कम्तीमा पाँच वर्ष र रेन्वो ट्राउटका लागि दश वर्ष अनिवार्य व्यवसाय गर्ने प्रतिबद्धता पत्र पेश भएको हुनुपर्ने ।<br>२.माछा तथा मत्स्य पदार्थ पसल निर्माण सुधार कार्यक्रममा दैनिक कम्तीमा १५० देखि २०० के.जि र उच्च हिमाली क्षेत्रको हकमा २५ के.जि माछा वा मत्स्यजन्य पदार्थ बिक्रिवितरण गरेको हुनुपर्नेछ।<br>३.करेसाबारी मत्स्य फार्मको लागि २०० बर्ग मि को पोखरी र डिलमा तरकारी तथा फलफुल लगाइएको र तरकारीबारीमा सिँचाई गरी आफ्नो परिवारमा मत्स्य प्रोटिन आपूर्ति गरेकोलाई मात्र मानिनेछ ।<br>४.ठूला मत्स्य व्यावसायिक फार्म अन्तर्गत तातोपानीको माछामा १ हेक्टर र चिसोपानिको माछामा ०.५ हेक्टर भन्दा माथिको जमिनमा कम्प्लिट मत्स्य पालन गरी मत्स्य बिउ र खाने माछा उत्पादन गरी वेचविखन गर्ने फार्महरुलाई मानिनेछ ।<br>५.लागत इष्टिमेट तयारी गर्नुपर्ने<br>६.समुह सहकारी मार्फत मत्स्य पालन गर्दा कम्तीमा पाँच वटा पोखरी र निजी फर्म मार्फत मत्स्य पालन गर्दा कम्तीमा तीन वटा पोखरीमा व्यवसाय सञ्चालन गर्नुपर्ने<br>७.प्रति रोपनी जलाशयमा रु पचास हजार । |
| ३० | **क.कार्यक्रमको नामः लागत सहभागितामा आधारित अनुदान कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.कृषकहरूको लगानी अभिबृद्धि गरी कृषकहरूलाई स्वरोजगार बनाउने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.युवा लक्षित कृषि कार्यक्रम<br>२.रोड कोरिडोर कृषि कार्यक्रम<br>३.कम्तीमा १०० दिनको रोजगार दिन युवा वेरोजगारहरूलाई युवा लक्षित विशेष कार्यक्रम<br>४.मत्स्य पालन, पशुपन्छी, मौरी, जडिवुटी सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम। |
| | घ.अनुदान रकम र अधिकतम सीमाः |

| सि नं | क्रियाकलापहरू | कृषक/ कृषक उद्यमी | समुह/ सहकारी |
|---|---|---|---|
| १ | उत्पादन सामग्री (विउ, मल, माछा भुरा, चल्ला, मौरीगोला, च्याउ स्पन) | पचास प्रतिशत | सत्तरी प्रतिशत |

निमित्त सचिव

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| | ३ | माछा तथा मत्स्य पदार्थ संकलन र प्रशोधन निर्माण/सुधार | सत्तरी प्रतिशत | पचास प्रतिशत |
| | ४ | मत्स्यजन्य पदार्थ उद्योग प्रवर्द्धन | सत्तरी प्रतिशत | पचासप्रतिशत |
| | ५ | व्यावसायिक अक्वाकल्चर फार्म प्रवर्द्धन | सत्तरी प्रतिशत | साना व्यावसायिक माछा फर्मको हकमा रू दुई लाख सम्म र अन्यको हकमा पचास प्रतिशत ( रू दश लाख सम्म) |
| | ६ | करेसाबारी वा बायोफ्लक मत्स्य पालन | प्रविधि विस्तार गर्नको लागि भएमा पुरै स्थापनामा आर्थिक सहयोग | |
| | ७ | अक्वारियम माछा पालन | सत्तरी प्रतिशत | साना व्यावसायिक माछा फर्मको हकमा रू दुई लाख सम्म र अन्यको हकमा पचास प्रतिशत ( रू सात लाख पचास हजार सम्म) |
| | ८ | व्यावसायिक बायो फ्लक माछा पालन | सत्तरी प्रतिशत | साना व्यावसायिक माछा फर्मको हकमा रू दुई लाख सम्म र अन्यको हकमा पचास प्रतिशत ( रू पाँच लाख सम्म) |
| | ९ | घेरबार (तारजाली) | सत्तरी र निजी फार्ममा चालीस प्रतिशत अनुदान | घेरबार कार्यको अधिकतम पाँच लाख सम्म सहयोग गर्न सकिने । |
| | उपरोक्त कार्यक्रम बाहेक अन्य कार्यक्रमहरू सञ्चालन गर्दा समुह सहकारीमा सत्तरी प्रतिशत र निजी फर्ममा पचास प्रतिशत सहयोग। | | | |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः** | | | |

निमित सचिव

प्रमुख सचिव

तथा मत्स्यजन्य पदार्थको उत्पादनले व्यावसायिक रणमा टेवा पुर्याउने

३.वाताबरण मैत्री माछा तथा मत्स्यजन्य पदार्थ उत्पादनको सुनिश्चत गरी जलचर संरक्षण सम्बर्धनमा सेवा पुर्याउने

४.कर्णालीका कृषकहरूको आयआर्जन तथा पोषण सुरक्षामा सहयोग गर्ने

५.मत्स्य पालन व्यवसाय तर्फ युवाहरूलाई आकर्षण गरी रोजगारी सृजना गर्ने

६. ताल तथा सामुदायिक पोखरीमा माछाका भूरा छोड्ने तथा सरक्षण गर्ने।

**ग.प्रमुख क्रियाकलापहरूः**

१.व्यावसायिक मत्स्य तथा मत्स्यजन्य पदार्थ पकेट प्रवर्द्धन कार्यक्रम

२.व्यावसायिक मत्स्य फार्म प्रवर्द्धन कार्यक्रम

३.माछा तथा मत्स्य जन्य पदार्थ संकलन केन्द्र निर्माण/सुधार कार्यक्रम

४.माछा तथा मत्स्य पदार्थ पसल निर्माण/सुधार कार्यक्रम

५.माछा सप्ताह

६.नयाँ पोखरी निर्माण

७.भुरा तथा भुरा ढुवानीमा सहयोग

८.क्षमता अभिवृद्धी

९.उत्पादन सामग्रिमा सहयोग ( एरिएटर, जाल, पम्प)

१०.माछा पोखरीमा प्रयोग हुने बिद्युत शुल्क

११.माछाको ह्याचरी स्थापना

१२.माछाको सुकाउने ड्रायर सहयोग

१३. पोखरीमा हुनेसक्ने मानविय क्षेति हटाउन तथा माछाको सरक्षणका लागि घेरबार कार्य

**घ.अनुदान रकम र अधिकतम सीमाः**

| सि नं | कार्यक्रम विवरण | समूह/सहकारी | निजी उद्यमी/व्यवसायी |
|---|---|---|---|
| १ | माछा तथा मत्स्य पदार्थ पसल निर्माण/सुधार कार्यक्रम | सत्तरी प्रतिशत | साना व्यावसायिक माछा फर्मको हकमा रू दुई लाख सम्म र अन्यको हकमा पचास प्रतिशत ( रू पाँच लाख सम्म) |
| २ | ताजा माछा तथा मत्स्य पदार्थ डेलीभरि | सत्तरी प्रतिशत | पचास प्रतिशत |



निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | **ख.उद्देश्यः**<br>१.देखेपछि विश्वास बढ्छ भन्ने आधारमा कृषि मेला महोत्सवमा कृषक/ समुह/ सहकारी/ उद्यमीहरूबाट उत्पादित कृषि उपजको प्रदर्शन गराउने<br>२.नयाँ उन्नत कृषि प्रविधबारे जानकारी गराउने र अपनाउन प्रोत्साहित गर्ने<br>३.उत्कृष्ट कृषक/ समुह/ सहकारी/ उद्यमीहरूलाइ सार्वजनिक रूपमा पुरस्कार र सम्मान गरी सकारात्मक प्रतिस्पर्धाको भावनाको विकास गराउने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.प्रविधि प्रदर्शन<br>२.तालीम, भ्रमण, गोष्ठी, सेमिनार<br>३.समन्वय<br>४.सहभागिता<br>५.बजारीकरण बजार प्रवर्द्धन<br>६.नेटवर्किङ्ग |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>क.स्थानीय तह  स्तरःरु. एक लाख<br>ख.जिल्लास्तरः रु. दुई लाख<br>ग.प्रदेश स्तर : रु. पाँच लाख (सहभागिताका लागि)<br>घ.स्वआयोजनाः रू. पच्चीस लाख |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.आधिकारिक निकायको अनुरोधपत्र<br>२.स्टल, कृषक पुरस्कार, कृषकको आतेजाते खर्च, कृषि सम्बन्धी प्रचार प्रसार लगायत कृषि सम्बन्धी प्रवर्द्धन  कार्यक्रममा मात्र खर्च गर्नेगरी<br>३.मन्त्रालय स्वयं आयोजम भई प्रदेशभित्र विशेष मेला/महोत्सव आयोजना गर्नुपर्ने हकमा साझेदार संस्थाहरू संगको सहभागितामा रू पच्चीस लाख सम्म खर्च गर्न सक्नेछ। |
| २९ | **क. कार्यक्रमः अक्वाकल्चर एण्ड फिसरिज व्यवसाय तथा प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.स्वच्छ एवं गुणस्तरिय माछा तथा मत्स्यजन्य पदार्थको उत्पादन, प्रशोधन, उद्योग, विविधिकरण र उपलव्धता सुनिश्चत गर्नमा सघाउ पुर्याउने<br>२.माछा पालन उत्पादन पकेटहरुलाई व्यवसायसंगको आवद्धता प्रदान गर्दै माछा |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| | अण्डा विक्रि (संस्थागत) | वार्षिक ५०००० गोटा | रू दश हजार | थप उत्पादनमा प्रति गोटा रू एकका दरले बढीमा रू एक लाख साठी हजार सम्म |
| | अण्डा विक्रि (व्यक्तिगत) | वार्षिक २५०० गोटा | रू पाँच हजार | थप उत्पादनमा प्रति गोटा रू एकका दरले बढीमा रू दश हजार सम्म |
| | फलफुलका कलमी विरूवा | विभिन्न जातका फलफुलका कलमी विरूवाहरू | प्रति विरूवा रू पन्ध्र मात्र | दर्ता भएका नर्सरीहरूलाइ संख्या र गुणस्तरका आधारमा नगद प्रोत्साहन अनुदान दिने र प्रति नर्सरी अधिकतम रु एक लाख सम्म दिन सकिने । |
| | दुध बिक्रि व्यक्तिगतः | | | |
| | क.हिमाली ५ जिल्ला | | रू दश प्रति लिटर | जुम्ला/कालिकोट/हुम्ला/ डोल्पा र मुगु |
| | ख.हिमाली बाहेकका अन्य ५ जिल्ला | | रू पाँच प्रति लिटर (रु तीन प्रदेश मन्त्रालय र रु दुई स्थानीय तह) | दैलेख/सल्यान/सुर्खेत/ जाजरकोट र रुकुम पश्चिम |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.रोजगारी सिर्जना गरेको आधिकारिक प्रमाण<br>२.उत्पादनमा आधारित अनुदानका लागि गत वर्षको उत्पादन रेकर्ड<br>३.स्थानीय तहको सिफारिस<br>४.संस्थागत हकमा संस्था दर्ताको प्रमाणपत्र तथा उत्पादन रेकर्ड<br>५.प्रोत्साहन अनुदान प्राप्त गर्नका लागि अन्य कुनैपनि कार्यक्रमबाट सेवा प्राप्त नगरेका हरूलाइ मात्र उपलव्ध गराइनेछ<br>६.दुग्ध उत्पादनमा प्रोत्साहन सहयोग लिनका लागि औपचारिक रूपमा दुग्ध संकलन केन्द्रमा दुध बिक्रि गरेको हुनुपर्नेछ। | | | |
| २८ | **क.कार्यक्रमको नामः कृषि मेला महोत्सव प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन** | | | |



कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
निमित सचिव
प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत
प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| | वट्टाइ,कालिज , टर्की | १००, टर्कीः ५० वटा | | पचास हजार सम्म |
| | मसला वाली ( अदुवा, वेसार, अलैंची, लसुन, खुर्सानी, प्याज) | ५ रोपनी | रू वीस हजार | ५ रोपनी भन्दा बढीमा प्रति रोपनी रू दुई हजारका दरले बढीमा रू पचास हजार सम्म |
| | खाद्यान्न वाली विउ उत्पादन | ५ रोपनी | रू वीस हजार | ५ रोपनी भन्दा बढीमा प्रति रोपनी रू एक हजार पाँच सयका दरले बढीमा रू पचास हजार सम्म |
| | माछापालन | क.तातोपानीः २ रोपनी ख.चिसोपानीः २०० वर्गमीटर रेस वे | रू पच्चीस हजार | क.२ रोपनी भन्दा बढीमा प्रति रोपनी रू तीन हजारका दरले बढीमा रू पचास हजार सम्म ख.२०० व.मी. भन्दा बढीमा प्रति व.मी. रु एक सयका दरले बढीमा रू पचास हजार सम्म |
| | मौरीपालन | पचास घार | रू वीस हजार | पचास घार भन्दा बढीमा प्रति घार रू एक हजारका दरले बढीमा रू पचास हजार सम्म |
| | दुध विक्रि (संस्थागत) | वार्षिक ३०००० लिटर | रू पचास हजार | थप उत्पादनमा प्रति लिटर रू दुई रुपैया पैसा पचासका दरले बढीमा रू एक लाख पचास हजार सम्म |



निमित सचिव

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| | फलफुल | आँप/लिची/ ओखर/ एभोकाडोपचास स्याउ सुन्तलाजात १०० अन्य (किवी, केरा, ड्रागन फ्रुट) फलफूल ५ रोपनी | रू वीस हजार | यस भन्दा बढी फल्ने विरूवामा प्रति विरूवा रु एक सय पचासका दरले थप गरी प्रति कृषक अधिकतम रू पचास हजार सम्म । ५ रोपनी बढी क्षेत्रफलका लागि प्रति रोपनी रू दुई हजारले रू पचास हजार सम्म । |
| | रैथाने वाली वस्तु (फापर, कोदो, चिनो, कागुनो, लट्टे,) | रैथाने वालीहरू लगाइएको जम्मा क्षेत्रफलः १० रोपनी हिमाली जिल्लाको हकमाः ५ रोपनी | रू वीस हजार | १० रोपनी भन्दा बढीमा प्रति रोपनी रू दुई हजारका दरले बढीमा रू पचास हजार सम्म |
| | गाई भैंसी चौंरी | ५ वटा | रू तीस हजार | ५ वटा भन्दा बढीमा प्रति गाई भैंसी चौंरी रू दुई हजारका दरले बढीमा रू पचास हजार सम्म |
| | बाखा, भेंडा तथा च्यांग्रा | पचास वटा | रू तीस हजार | पचास वटा भन्दा बढीमा प्रति गोटा रू एक हजारका दरले बढीमा रू पचास हजार सम्म |
| | वयस्क स्थानीय कुखुरा, | स्थानीय कुखुराः १५०, वट्टाइः २५०, कालिजः | रू दश हजार | तोकिएको संख्याभन्दा बढीमा प्रति संख्या रू एक सयका दरले बढीमा रू |

| | |
|---|---|
| | वितरण गरीनुपर्ने ( हिमाली क्षेत्रको हकमा ३० लिटर)<br>३.चिस्यान केन्द्रमा चिलिंग भ्याट अनिवार्य हुनुपर्ने<br>४.चिलिंग भ्याटको हकमा कूल क्षमताको कम्तीमा ६० प्रतिशत दुध संकलन तथा विक्रि वितरण हुनुपर्ने<br>५. अनुदानमा खरिद गरिने गाई भैसीहरुको मापदण्ड ,मूल्य सुची तयार तथा स्रोत केन्द्रको सुनिस्चितता गरी अनुसूचि ९ अनुसारको सन्दर्भ मुल्यलाइ आधार मानेर अनुदान प्रवाहा गर्नुपर्ने छ। |
| २७ | **क.कार्यक्रमको नामः व्यावसायिक  कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन** |
| | **ख.उद्देश्यः**<br>१.व्यावसायिक  कृषकहरूमा सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जनागरी उत्पादन वृध्दि  गराउने<br>२.कृषि, पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा लाग्न प्रोत्साहन दिने<br>३.कृषि, पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा स्थानीय रोजगारीको अवसर बढाउन उत्प्रेरित गर्ने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.खेती (खाद्यान्न, तरकारी, फलफूल, मसलावाली, च्याउ, मौरी, रैथानेवाली वस्तु)<br>२.पशुपंछी तथा मत्स्यपालन<br>३.डेरी व्यवसाय<br>४.प्रोत्साहन अनुदान उपलव्ध। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>**१.रोजगारी सिर्जनाः(कृषि तथा पशुजन्य उद्योगको हकमा पारिवारको सदस्य वाहेक)**<br>क. ३ जना सम्म पूर्णकालीन रोजगारीः रु. पन्ध्र हजार<br>ख. ४ देखि माथिः प्रति रोजगारी संख्याको रू पाँच हजार<br>२. उत्पादनः . |

| वाली वस्तु | न्यूनतम क्षेत्रफल र संख्या | प्रोत्साहन अनुदान रकम | कैफियत |
|---|---|---|---|
| तरकारी प्याज समेत | ५ रोपनी | रू वीस हजार | ५ रोपनी भन्दा बढीमा प्रति रोपनी रू दुई हजारका दरले बढीमा रू पचास हजार सम्म |

प्रमुख सचिव

| | |
|---|---|
| | ६.जिल्लास्तरमा पुरस्कृत कृषकले प्रदेश स्तरमा सोझै आवेदन गर्न पाउने। |
| २६ | **क.कार्यक्रमको नामः दुग्ध व्यवसाय प्रवर्द्धन तथा चिस्यानकेन्द्र स्थापना कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१. स्वच्छ एवं गुणस्तरीय दुध तथा दुग्धजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र बजारीकरणमा सघाउ पुर्याउने<br>२. दुग्ध उत्पादन पकेटलाई दुध तथा दुग्धजन्य व्यवसायसंग आवध्दता गराई दुग्ध व्यवसायलाई व्यवस्थित बनाउने<br>३. स्वच्छ, स्वस्थ एवं गुणस्तरीय दुध र दुग्धजन्य उत्पादनहरू आम उपभोक्तामा पुर्याउने |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.डेरी पसल निर्माण सुधार<br>२.चिस्यानकेन्द्र स्थापना<br>३.दुध संकलन केन्द्र निर्माण सुधार<br>४.डेरी उद्योग प्रवर्द्धन<br>५.व्यावसायिक गाइभैंसी फार्म प्रवर्द्धन<br>६.व्यावसायिक डेरी पकेट प्रवर्द्धन . |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. साना तथा मझौला फार्ममा प्रोत्साहन स्वरूप कृषकको मागको आधारमा आवश्यक पर्ने प्रविधि, मेशिन र व्यवसाय सम्बन्धी कार्यको लागि पचास प्रतिशत ननाघ्ने गरी दश लाख सम्म अनुदान दिइनेछ<br>२.डेरी पसल निर्माण सुधार, दूध संकलन केन्द्र निर्माण सुधार र साना डेरी उद्योग प्रवर्द्धन को लागि लागतको आधारमा पचास प्रतिशत<br>३.चिस्यानकेन्द्र स्थापना, दूग्ध संकलन केन्द्र निर्माण तथा सञ्चालन र ठूला डेरी उद्योग प्रवर्द्धन को लागि लागतको आधारमा पचास प्रतिशत<br>४.समुह सहकारी मार्फत गाई भैसी खरिद तथा वितरण कार्यको हकमा अधिकतम रु एक करोड सम्म र निजिको हकमा अधिकतम रु पाँच लाख सम्म। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.साना फार्म (५ देखि १२ उन्नत गाई/भैंसी र चौंरीगाई), मझौला फार्म (१३ देखि २५ गाई/भैंसी र चौंरीगाई), ठूला फार्म (२६ देखि वा सो भन्दा बढी गाई/भैंसी र चौंरीगाई)<br>२.डेरी पसलमा दैनिक कम्तीमा १५० लिटर दुध वा दुग्धजन्य परिकार विक्रि |



निमित सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | ५. आलु<br>६. मौरीपालन<br>७. बिउ उत्पादन (तरकारी/खाद्यान्न)<br>पशुपन्छी तर्फः<br>१. दुग्ध उत्पादन (गाइ/भैसी)<br>२. बाखापालन<br>३. भेडापालन<br>४. कुखुरापालन<br>५. माछापालन<br>६. सुगुर/बँगुर<br>७. घाँस खेति<br>ख. उत्कृष्ट सहकारी (प्रति जिल्ला एक कृषि सहकारी र एक अन्य सहकारी गरी दुई वटा) लाई उत्कृष्ट पुरस्कारबाट प्रति पुरस्कार राशी रू बीस हजार मात्र।<br>**२. प्रदेशस्तर**<br>क.वाली र पशुपन्छी तर्फ सर्वोत्कृष्ट पुरस्कार एक-एक जनालाइ एक तोला बरावरको सूनको हलो अङ्कित तक्मा र प्रमाणपत्र<br>ख. सर्वोत्कृष्ट सहकारी दुई वटा ( कृषि सहकारी र अन्य) लाइ एक तोला वरावरको सूनको हलो अङ्कित तक्मा र प्रमाणपत्र। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.समारोह सञ्चालन प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार हुने<br>२.कार्यक्रममा सहभागी हुने कृषकहरूले खाद्यान्न वाली, फलफूल, तरकारी, आलु र मसलावाली तर्फ न्यूनतम ५ रोपनी तथा सघन फलफूलमा २.५ रोपनीमा खेती गरेको हुनुपर्ने। दुध उत्पादनको लागि ५ वटा दुधालु उन्नत गाई/भैंसी/, बाख्रा/च्यांग्रा/भेंडाको हकमा पचास वटा र पंछी पालन तर्फ न्यूनतम संख्या कुखुरा (लेयर्सः १०००, वार्षिक  ब्रोइलरः २५००, स्थानीय कुखुराः ५००), मौरीपालन-१०० घार, माछापालन-१ रोपनी जलाशय क्षेत्र)<br>३.उन्नत तथा सुधारिएको खेती प्रविधि अवलम्वन गरीएको<br>४.श्रोतकेन्द्रको हकमा रजिष्टर्ड हुनुपर्ने । सबै श्रोतकेन्द्रहरूलाई समेट्ने गरी मन्त्रालयले प्राविधिक मापदण्ड निर्धारण गरी सञ्चालन गर्ने<br>५.एक पटक पुरस्कृत कृपकलाई दोहोर्याएर पुरस्कृत नगरिने |

निमित्त सचिव

प्रमुख सचिव

| | |
|---|---|
| | ३.टर्की न्यूनतम परिमाण ५०० मा रू चार लाख सम्म र सो भन्दा माथि प्रति गोटा रु दुई हजारका दरले सात लाख सम्म<br>४.अष्ट्रिच न्यूनतम परिमाण २०० मा रू पाँच लाख सम्म र सो भन्दा माथि प्रति गोटा रु चार हजारका दरले नौ लाख सम्म। |
| | **ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.विषय सम्बन्धी अनुभव वा तालीम भएको<br>२.व्यवसाय सञ्चालनको अनुमति पत्र<br>३.जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र वा लिजमा लिएको भए करारनामा (न्यूनतम पाँच वर्षको) । |
| २५ | **क.कार्यक्रमको नामः मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार** |
| | **ख.उद्देश्यः**<br>१.कृषि क्षेत्रलाई उत्पादन, आम्दानी र रोजगारीको माध्यमबाट आकर्षक क्षेत्रको रूपमा विकास गर्ने<br>२.शिक्षित युवा, व्यावसायिक तथा अर्ध व्यावसायिक कृषि उद्यमीहरूलाई प्रोत्साहन दिई प्रतिस्पर्धी बनाउने<br>३.उत्कृष्ट काम गरेका कृषक उद्यमीहरूको कदर गर्दै कृषि पेशालाई आकर्षित र सम्मानित बनाउने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.नगद पुरस्कार तथा प्रमाणपत्र वितरण<br>२.कृषक सम्मान कार्यक्रम<br>३.स्वदेश तथा विदेश अवलोकन भ्रमण/तालीम। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>**१.जिल्ला स्तरः**<br>क) कृषि र पशुपन्छी तर्फतपशिल अनुसारका बिधाबाट एक एक जना उत्कृष्ट कृषक छनोट गरी प्रति बिधा/कृषक रु दश हजारका दरले नगद पुरस्कार तथा प्रमाणपत्र उपबल्ध गराउन सकिने ।<br>कृषि तर्फः<br>१. खाद्यान्न बाली<br>२. मसलाबाली<br>३. फलफूल<br>४. तरकारी |



कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | १० | प्याकेजिंग चार्ज (आवश्यकतामा मात्र) | दश | दश | दश |
| | ११ | विरूवा ढुवानी (आन्तरिक श्रोतबाट पूर्ती हुने हकमा) | शत प्रतिशत | शत प्रतिशत | |
| | १२ | विरूवा ढुवानी (आयातित) | | | शर्त अनुसार |

| | |
|---|---|
| | **ङ. न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**<br>१.सूचिकृत नर्सरीबाट विरूवा खरिद<br>२.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी<br>३.स्थानीय तहको सिफारिस पत्र तथा वन क्षेत्र प्रयोग गर्ने हकमा सम्बन्धित क्षेत्रको सहमती<br>४.आयातित विरूवाको हकमा विरूवा स्वस्थताको प्रमाणपत्र सहित नेपालको प्लाण्ट क्वारेण्टिनको प्रकृया पुरा गरेको हुनुपर्नेछ ।<br>५.आयातित विरूवाको लागि प्रचलित खरिद ऐन बमोजिम गर्नु पर्ने। |
| २४ | **क.कार्यक्रमको नामः विशिष्ट जातका पन्छीपालन (कालिज, बट्टाई, टर्की, अष्ट्रिच) प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१. विशिष्ट जातका पन्छी व्यवसायको प्रवर्द्धन गर्ने<br>२. विशिष्ट जातका पन्छी व्यवसायमा संलग्न कृषक, उद्यमी व्यवसायीहरूको आयस्तर बृद्धि गर्ने<br>३. विशिष्ट जातका पन्छीको संरक्षण (कालिज र बट्टाई) गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.विशिष्ट जातका पन्छीको अण्डा, चल्ला, माउ तथा प्यारेण्ट स्टक खरिद<br>२.खोर तथा आवश्यक संरचना निर्माण<br>३.कम्पाउण्ड र वार वन्देज<br>४.ह्याचरी मेशिन तथा उपकरण खरिद<br>५.सामग्री ढुवानी। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१.कालीज (नेपालको स्थानीय बाहेक) न्यूनतम परिमाण ५०० मा रू पाँच लाख सम्म र सो भन्दा माथि प्रति गोटा रु दुई हजारका दरले सात लाख सम्म<br>२.बट्टाई न्यूनतम परिमाण १००० मा रू तीन लाख सम्म र सो भन्दा माथि प्रति गोटा रु पाँच सयका दरले सात लाख सम्म |

निमित सचिव

प्रमुख सचिव

६.नमूना बगैंचा स्थापना

७.फलफूल खेतीमा अनुदान (विरूवाको मूल्यमा, बगैंचाको वारवन्देज, मूल्य श्रृंखला अभिबृद्धि, औजार उपकरण, फर्टिगेशन सहितको शुक्ष्म सिँचाई )

८.कृषि तथा पशु विज्ञान सम्बन्धी अध्यापन नगराएका तर विद्यालयको खाली जग्गा भएको अवस्थामा फलफुल विरूवाहरूको रोपण तथा प्रविधि प्रदर्शन पनि सञ्चालन गर्न सकिने गरी **स्कुल हर्टिकल्चर** कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

घ.अनुदान रकम र अधिकतम सीमाः (प्रतिशत)

| सि नं | विवरण | हिमाली जिल्ला | पहाडी जिल्ला | विशेष जातका आयातित फलफूल |
|---|---|---|---|---|
| १ | फलफूलको नाम | स्याउ र ओखर | सुन्तलाजात, लिची, केरा, आँप | स्याउ, ओखर, किवी, ड्रागन फ्रुट, एभोकाडो, सुनकागती |
| २ | विरूवाको मूल्यमा सहुलियतः | | | |
| | १ रोपनी भन्दा ठूलो बगैंचा (सघन) | पचासी | पचासी | पचासी |
| | १ रोपनी भन्दा ठूलो बगैंचा | पचास | पचास | पचासी |
| ३ | दुई वा दुई भन्दा बढी परिवारबाट एकै चक्लामा ५ रोपनी या बढीमा बगैंचा स्थापना भएमा | पचहत्तर | पचहत्तर | पचासी |
| ४ | हैसियत विग्रेका वा सदुपयोगमा नआएका जमिनमा खेती कार्य | पचहत्तर | पचहत्तर | ० |
| ५ | फर्टिगेशन प्रणाली /शुक्ष्म सिँचाई / साना सिँचाई | पचहत्तर | पचहत्तर | पचहत्तर |
| ६ | औजार उपकरण | पचास | पचास | पचास |
| ७ | बगैंचाको वारवन्देज | पचास | पचास | पचास |
| ८ | मूल्य श्रृंखला तथा अभिवृद्धी | पचास | पचास | पचास |
| ९ | मोर्टालिटी | दश | दश | दश |



निमित सचिव

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| | ६ | मोर्टालिटी | मेवा, लिची, रूखकटहर, अम्वा र आँपको विरूवामा पन्ध्र प्रतिशत र अन्यमा दश प्रतिशत | मेवा, लिची, रूखकटहर, अम्वा र आँपको विरूवामा पन्ध्र प्रतिशत र अन्यमा दश प्रतिशत |
| | ७ | प्याकेजिंग चार्ज | प्याकेजिंग गरी ढुवानी गर्नुपर्ने विरूवाको हकमा दश प्रतिशत | प्याकेजिंग गरी ढुवानी गर्नुपर्ने विरूवाको हकमा दश प्रतिशत |
| | ८ | बगैंचाको वारवन्देज ( औचित्यको आधारमा) | लागतमा पच्चीस प्रतिशत अनुदान | लागतमा पचास प्रतिशत अनुदान |

**ङ.न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयः**

१.खाद्यान्न, आलु, दलहन, तेलहन, मसलावाली र तरकारी तर्फ व्यक्तिगत २ रोपनी र समूह सहकारीका लागि न्यूनतम २.५ हेक्टर क्षेत्रफल

२.मौरी घार १२ वटाप्रति व्यक्ति ( समुह/सहकारी ६० घार)

३.च्याउ १० किलो बिउ प्रति व्यक्ति ( ५० किलो बिउ प्रत्येक समुह/सहकारी)

४.फलफूल तर्फ न्यूनतम क्षेत्रफलः व्यक्तिगत २ रोपनी र समुह सहकारी १ हेक्टर

५.समुहको हकमा कम से कम सत्तरी प्रतिशत जमिन एउटै व्लकमा हुनुपर्ने

६.कृषकहरू पकेट क्षेत्रको हुनुपर्ने

७.समुह सहकारीको हकमा व्यावसायिक योजना।

२३ **क.कार्यक्रमको नामः व्यावसायिक फलफूलखेती प्रवर्द्धन कार्यक्रम**

**ख.उद्देश्यः**

१.सघन फलफूल खेती मार्फत उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने

२.व्यावसायिक फलफूलको क्षेत्रफल विस्तार गर्ने

३.आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने।

**ग.प्रमुख क्रियाकलापहरूः**

१.फलफूलवाली तथा पकेट क्षेत्रको प्राथमिकिकरण

२. फलफूल खेती विस्तार

३.सघन फलफूल खेती तथा चक्लावन्दीमा फलफूल खेती प्रवर्द्धन

४.सघन फलफूल बगैंचा व्यवस्थापन

५.हैसियत विग्रेका वन तथा सदुपयोगमा नआएका जमिनमा फलफूल खेती

प्रमुख सचिव

| | |
|---|---|
| | २.निर्वाहमुखी कृषि लाई साना व्यावसायिक कृषक/उद्यमीको रूपमा विकास गर्ने<br>३.कृषि व्यावसायिकरण तर्फ आकर्षित गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.प्रमुख वालीहरू (खाद्यान्न, फलफूल, तरकारी, आलु, दलहन, तेलहन, मसलावाली, मौरी घार, च्याउ) को क्षेत्रफल विस्तार<br>२.उन्नत कृषि प्रविधि (मल, बिउ र वाली संरक्षण सामग्री) को प्रयोग<br>३. तरकारी र फलफूलमा फर्टिगेशन<br>४.प्रारम्भिक कृषि प्रशोधन र मूल्य अभिबृद्धि। |
| | घ.अनुदान रकम र अधिकतम सीमाः |

| सि नं | वाली | व्यक्तिगत | समुह सहकारी |
|---|---|---|---|
| १ | खाद्यान्न, आलु,दलहन, तेलहन, मसलावाली र तरकारी | विउ, प्रांगारिक मल र वाली संरक्षण सामग्रीमा पचास प्रतिशत अनुदान | विउ, प्रांगारिक मल र वाली संरक्षण सामग्रीमा सत्तरी प्रतिशत अनुदान |
| २ | फलफूल | विरूवा, प्रांगारिक मल, वाली संरक्षण सामग्री र उपकरणमा पचास प्रतिशत अनुदान | विरूवा, प्रांगारिक मल, वाली संरक्षण सामग्री र उपकरणमा सत्तरी प्रतिशत अनुदान |
| ३ | मौरी घार | मौरी घार, गोला तथा सामग्री र उपकरणमा पचास प्रतिशत अनुदान | मौरी घार, गोला तथा सामग्री र उपकरणमा सत्तरी प्रतिशत अनुदान |
| ४ | च्याउ | च्याउ बिउ, च्याउ घर तथा सामग्री र उपकरणमा पचास प्रतिशत अनुदान | च्याउ बिउ च्याउ घर तथा सामग्री र उपकरणमा सत्तरी प्रतिशत अनुदान |
| ५ | फर्टिगेशन प्रणाली | पचहत्तर प्रतिशत अनुदान | पचहत्तर प्रतिशत अनुदान |



कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल
निमित्त सचिव
प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल
प्रमुख सचिव

| | |
|---|---|
| | २. बजारीकरणको अग्रिम सम्झौता भएको हुनुपर्ने<br>३. संचालक समितको प्रष्ट ब्यवस्था भएको हुनुपर्ने<br>४. प्राविधिकरुपले दक्ष कामदारको सुनिश्चित भएको हुनुपर्ने<br>५. कम्तिमा बिस रोपनी क्षेत्रफलमा तरकारी खेती। |
| २१ | **क. कार्यक्रमको नामः कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम** |
| | **ख.उद्देश्यः**<br>१.लक्षित समूहलाई कृषि पेशामा आकर्षित गर्ने<br>२.निर्वाहमुखी कृषि लाई साना व्यावसायिक कृषक/उद्यमीको रूपमा विकास गर्ने। |
| | **ग.प्रमुख क्रियाकलापहरूः**<br>१.कृषि वाली खेती व्यवसाय, पशुपालन र विउ उत्पादन<br>२.कृषि तथा पशुपजन्छीजन्य उपजको बजारीकरण<br>३.प्रारम्भिक कृषि प्रशोधन र मूल्य अभिबृद्धि<br>४.वालीवस्तुको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी क्रियाकलाप। |
| | **घ.अनुदान रकम र अधिकतम सीमाः**<br>१. कूल लागतमा पचास प्रतिशत सहुलियत अनुदान सहयोग र प्रति ब्यबसाय अधिकतम रू पाँच लाख सहयोग। |
| ७ | बोयर क्रस बोका ७५ प्रतिशत जिवित प्रति के.जी. | १८०० |
| ८ | बोयर क्रस बोका ८७.५ प्रतिशत जिवित प्रति के.जी. | २५०० |

सचिव

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| ४. | हेजलनट | २ | २.५ | १०० |
| ५. | जैतुन | २ | २ | ७५ |
| ६. | भूई ऐसेलु स्ट्रबेरी | ३–६ (महिना) | १.५ | ७५ |

४. कटिङ्ग र कलमी बाहेक अन्य वानस्पतिक तरिकाबाट उत्पादन गरीएका फलफूलका बिरुवा

| क.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) | सन्दर्भ मूल्य रकम रु |
|---|---|---|---|---|
| १. | लिची (पोलिपट) | २ | २ | २५० |
| २. | अम्बा | २ | २.५ | १२५ |
| ३. | भुइकटहर | ४ महिना | १ | ५० |
| ४. | केरा (सकर्स) | ३–६ महिना | २ | ५० |
| ५. | केरा (तन्तु प्रजनन) | १ | १ | १०० |

५. स्क्रिनघर भित्र उत्पादित प्रमाणिकरण गरेको सुन्तलाजात फलफूलको कलमी बिरुवाः

| क.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) | सन्दर्भ मूल्य रकम रु |
|---|---|---|---|---|
| १. | सुन्तला लोकल | २ | १.५-२.५ | १६५ |
| | सुन्तला वन्सु | २ | १.५-२.५ | २२५ |
| | सुन्तला सिट्रेन्ज | २ | १.५-२.५ | ४३० |
| २. | जुनार | २ | १.५-२.५ | २०० |
| ३. | कागती | २ | १–१.५ | २२५ |

निमित सचिव

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| ९. | निबुवा | २ | २ | ७५ |
| १०. | चाक्सी | २ | १.५ | ७५ |
| ११. | रुखकटहर | २ | २ | १०० |
| १२. | नरिवल | २ | २ | २०० |
| १३. | मेकाडेमियानट | २ | २ | ३०० |
| १४. | एभोकाडो | २ | २ | ३०० |
| १५. | सुपारी | २ | २ | ७५ |
| १६. | काजु | २ | २.५ | ७५ |
| १७. | मेवा स्थानीय पोलिब्याग | ६ महिना | १.५ | ७५ |
| १८. | मेवा बर्णशंकर पोलिब्याग | ६ महिना | १.५ | ७५ |
| १९. | अमला | २ | २ | ५० |
| २०. | सरीफा | २ | २ | १०० |
| २१. | कफी पोलिब्याग | १ | २ | ७५ |
| २३. | अम्बा | २ | २ | १०० |
| २४. | एप्पल बयर | २ | २ | १०० |
| २५. | बेल | २ | २ | ७५ |
| २६. | जैतुन | २ | २ | ५० |

### ३. बिभिन्न फलफूलको कटिङ्ग बिरुवा मापदण्ड र सन्दर्भ मूल्य

| क्र.सं. | फलफूलको नाम | उमेर (वर्ष) | न्यूनतम उचाई (फिट) | सन्दर्भ मूल्य रकम रु |
|---|---|---|---|---|
| १. | अनार | २ | २.५ | १५० |
| २. | अंगुर | २ | २.५ | १०० |
| ३. | अंजिर | २ | २.५ | १०० |

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| १९. | भोगटे | २ | २ | ७५ |
| २०. | चाक्सी | २ | २ | ७५ |
| २१. | बिमिरो | २ | २ | ७५ |
| २२. | किन्नो (पोलिपोट) | २ | २.५ | २०० |
| २३. | मुन्तला (पोलिपोट) | २ | १.५ | १०० |
| २४. | आँप (पोलिपोट) | २ | ३ | १५० |
| २५. | सपोटा (पोलिपोट) | २ | २ | १०० |
| २६. | एभोकाडो (पोलिपोट) | २ | ३ | १००० |
| २७. | लौकाट | २ | २ | १५० |
| २८. | जैतुन | २ | २ | १५० |
| २९. | फिजुवा | २ | २ | १२५ |
| ३० | एप्पल बयर (पोलिपोट) | २ | १ | २५० |

**२. बिभिन्न फलफूलको बिजु बिरुवाको न्यूनतम मापदण्डः**

| क.सं. | फलफूलको नाम | उमेर (वर्ष) | न्यूनतम उचाई (फिट) | सन्दर्भ मूल्य रकम रु |
|---|---|---|---|---|
| १. | ओखर (दाँते) | २ | २ | १०० |
| २. | पिकानट (चुच्चे ओखर) | २ | २ | १०० |
| ३. | कागजी बदाम | २ | २.५ | २०० |
| ४. | कटुस | २ | २.५ | २०० |
| ५. | किवी | २ | २ | १०० |
| ६. | सुन्तला | २ | २.५ | ७५ |
| ७. | जुनार | २ | २.५ | ७५ |
| ८. | कागती | २ | १.५ | ७५ |



निमित सचिव

प्रमुख सचिव

<u>अनुसूची-५</u>

(दफा ९ को उपदफा (८) सँग सम्बन्धित)

<u>कृषि बाली उत्पादन सामग्रीहरुको सन्दर्भ मूल्य</u>

१. बिभिन्न फलफूलका कलमी बिरुवाहरुको न्यूनतम मापदण्ड र सन्दर्भ मूल्य :

| क.सं. | फलफूलको नाम | उमेर (वर्ष) | न्यूनतम उचाई (फिट) | सन्दर्भ मूल्य रकम रु |
|---|---|---|---|---|
| १. | ओखर (दाँते) | २ | २ | ६०० |
| २. | पिकानट (चुच्चे ओखर) | २ | २ | १००० |
| ३. | कागजी बदाम | २ | २ | ३०० |
| ४. | कटुस | २ | २ | ३०० |
| ५. | किवी | २ | २ | ४०० |
| ६. | स्याउ | २ | ३ | २०० |
| ७. | स्याउ उच्च घनत्वको लागि | २ | ३ | १००० |
| ८. | नास्पाती | २ | ३ | १५० |
| ९. | आरु | २ | ३ | १०० |
| १०. | आरुबखडा | २ | ३ | १०० |
| ११. | चेरी | २ | ३ | २०० |
| १२. | खुर्पानी | २ | २.५ | २०० |
| १३. | हलुवावेद | २ | २.५ | २०० |
| १४. | लप्सी | २ | ४ | २०० |
| १५. | सुन्तला (पोलिपोट) | २ | २.५ | २०० |
| १६. | जुनार (पोलिपोट) | २ | २.५ | २०० |
| १७. | कागती अन्य (पोलिपोट) | २ | २ | २०० |
| १८. | निबुवा (पोलिपोट) | २ | २ | ७५ |

## अनुसूची -४

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## अनुदानको लागि पेश गर्ने निवेदन तथा प्रस्तावको ढाँचा

मितिः

विषयः अनुदान उपलव्ध गराइदिनुहुन ।

श्रीमान् ......................... ज्यु

.........................................

महोदय

तहाँ मन्त्रालय/कार्यालयबाट मिति.........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ...........................कार्यक्रममा म/हामी........समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनी समावेश हुन ईच्छुक छु/छौं । उक्त कार्यक्रम सञ्चालनको लागि तपशिल अनुसारको विवरणमा छुट्टै प्रस्ताव तयार गरी यसै निवेदन साथ संलग्न गरेको हुँदा आवश्यक सहयोग उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

**तपसिलः**

अनुदानग्राहीको नामः

ठेगानाः

स्थानीय तहः

वडा नं

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

निमित सचिव

प्रमुख सचिव

अनुसूची – ३

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## ............................कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

सूचना।सूचना।।सूचना।।।

यस ........................................................................................ को आर्थिक वर्ष ............. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार...... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ............................ जिल्लाका कृषि तथा पशुपालन व्यवसाय.एवं सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, उद्यमी तथा निजी फर्म व्यवसायीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ............ दिन भित्र .................. कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरीएको छ। यस सम्बन्धी थप जानकारीका लागि .................................. मा सम्पर्क गर्न सकिने छ।

आवश्यक कागजातः

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव
३. निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखापरिक्षण भएको प्रतिवेदन फोटोकपी
४. निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी
६. प्रतिवद्धता पत्र
७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु

सचिव

प्रमुख सचिव

| | | |
|---|---|---|
| ८ | सम्भावित आयोजनाको अन्तिम सूची तयार गर्ने। | चैत्र १५ |
| ९ | सम्भाव्य आयोजनाको लागत अनुमानका आधारमा स्थानीय तह, प्रदेश र संघीय तहबाट सञ्चालन गरिने आयोजनाहरूको तहगत वर्गिकरण गर्ने र स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरू स्थानीय तहलाई र संघीय तहबाट सञ्चालन हुने आयोजनाहरू प्रदेश मन्त्रालयलाई अनुरोध गरी पठाउने। | चैत्र १५ |
| १० | संघबाट सञ्चालन गरिने कार्यक्रम/आयोजनाहरू भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले संघीय मन्त्रालयमा अनुरोध गरी पठाउने। | चैत्र १५ |
| ११ | जिल्ला तथा अन्य कार्यालयहरूले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई आयोजना/कार्यक्रमको अन्तिम सूची तयार पारी पठाउने। | चैत्र ३० |
| १२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले योजना तर्जुमा प्रकृयामा सबै सरोकारवालाहरू ( अन्य मन्त्रालयहरू, गैसस, विकास साझेदारहरू ) संग साझेदारी र समन्वय गरी नीतिगत एवं संघीय तथा प्रादेशिक प्राथमिकताको कशीमा जाँचेर आवश्यक केही परिमार्जन गर्नुपर्ने भए परिमार्जन गरी सम्बन्धित कार्यालयलाई जानकारी गराउने। | चैत्र ३० |
| १३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सबै सरोकारवालाहरूको पृष्ठपोषण लिई कार्यक्रम/आयोजनाहरूको अन्तिम सूची तयार गर्ने। | बैशाख १५ |
| १४ | संघीय र प्रादेशिक नीति तथा कार्यक्रमले लक्षित गरेका तर सूचीमा नसमेटिएका कार्यक्रम/आयोजनाहरू समावेश गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कार्यक्रम/आयोजनाहरूलाई अन्तिम रूप दिने। | जेठ १५ |
| १५ | कार्यक्रम/आयोजनाहरू PLMBIS मा प्रवृष्ट गर्ने। | जेठ २५ |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

१७ प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

| | |
|---|---|
| ९१ | सहकारी मार्फत कुटानी पिसानी मिल स्थापना कार्यक्रम |
| ९२ | फलफुल क्षेत्र विस्तार कार्यक्रम |
| ९३ | प्रयोगशाला जोखिम भत्ता कार्यक्रम |
| ९४ | तथ्याङ्क संकलन, विश्लेषण तथा प्रकाशन |
| ९५ | पशु विकास कार्यदल गठन तथापरिचालन |
| ९६ | पशुपन्छी रोग अन्वेशण प्रयोगशाला सेवा कार्यक्रम |
| ९७ | खडेरी सम्बोधनका लागि उन्नत बिउ सहयोग कार्यक्रम |
| ९८ | वागवानी बिकास केन्द्रबाट सञ्चालित उत्पादन तथा प्रविधि प्रसारण कार्यक्रम |

निमित सचिव



प्रमुख सचिव

| | |
|---|---|
| ६३ | विषादीको नकारात्मक प्रभाव सम्बन्धी होर्डीङ बोर्ड स्थापना कार्यक्रम |
| ६४ | च्याउको स्पन उत्पादन कार्यक्रम |
| ६५ | किटवक्स विधिद्धारा माटो परिक्षण शिवीर सञ्चालन तथा माटो व्यवस्थापन तालीम कार्यक्रम |
| ६६ | घुम्ती प्रयोगशाला ( मोबाईल भ्यान) मार्फत माटो शिवीर सञ्चालन कार्यक्रम |
| ६७ | माटोको गुणस्तर सुधार सम्बन्धी प्रदर्शन कार्यक्रम |
| ६८ | एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला कार्यक्रम |
| ६९ | तरकारी जोनको माटोको उर्वराशक्ति नक्शा प्रकाशन कार्यक्रम |
| ७० | सम्भाव्यता तथा प्रभावकारिता अध्ययन कार्यक्रम |
| ७१ | प्राविधिक सेवा परामर्श कार्यक्रम |
| ७२ | ब्लकमा पशुपन्छी उत्पादन कार्यक्रम |
| ७३ | कृषिजन्य उद्योगको प्रवर्द्धनात्मक कार्यक्रम |
| ७४ | रोड कोरिडोर व्यावसायिक कार्यक्रम ( पशुपन्छी पालन) |
| ७५ | लोपोन्मुख तथा पिछडावर्ग विशेष कार्यक्रम |
| ७६ | मुर्रा राँगो पाल्ने फार्म कृषकलाई सहयोग कार्यक्रम |
| ७७ | भेडापालक कृषकलाई भेडाको औषधोपचार (प्रोत्साहन) सहयोग कार्यक्रम |
| ७८ | प्राङ्गारिक स्थानीय तह घोषणा तथा सहयोग कार्यक्रम |
| ७९ | युवा प्राविधिक स्वरोजगार कार्यक्रम |
| ८० | प्राङ्गारिक कृषि सेवा प्रदान गर्न वडास्तरमा नमूना प्राङ्गारिक फार्म स्थापना |
| ८१ | घाँस/खर्क विकास कार्यक्रम |
| ८२ | रोड कोरिडोर व्यावसायिक कार्यक्रम (फलफुल खेती) |
| ८३ | रोड कोरिडोर लक्षित व्यावसायिक प्रोत्साहन कार्यक्रम (रोड कोरिडोर तरकारी कार्यक्रम) |
| ८४ | युवा कृषकलाइ जग्गा भाडा सहयोग कार्यक्रम |
| ८५ | पुष्प खेती प्रबर्ध्दन कार्यक्रम |
| ८६ | सदरमुकाम लक्षित तरकारी आत्मनिर्भर कार्यक्रम |
| ८७ | उत्पादनमुखी मिशन कार्यक्रम |
| ८८ | कर्णाली प्रदेश विउ क्षेत्र सहयोग कार्यक्रम |
| ८९ | व्यावसायिक कीट विकास कार्यक्रम |
| ९० | रैथाने बाली प्रबर्ध्दन कार्यक्रम |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

| ङ | कृषि सम्बन्धी अन्य विविध कार्यक्रमहरू |
|---|---|
| ४७ | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार सञ्चालन गरिने कार्यक्रमहरू |
| | सबै प्रकारका तालीम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड सम्बन्धमा (२.५), सहभागिता भत्ता (२.६), सहभागीको भ्रमण खर्च (२.७), ईन्धन सुविधा (२.८) र लेख रचना पारिश्रमिक (२.९) |
| ४८ | पशु स्वास्थ्य सेवा कार्यक्रम (पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६, पशु वधशाला र मासु जाँच ऐन २०५५, पशु वधशाला र मासु जाँच नियमावली २०५७ अनुसार तोकीएका कार्यक्रम र विश्व पशु स्वास्थ्य संगठन OIE र नेपाल राजपत्रमा उल्लेखित भएका सँक्रामक रोगहरु पहिचान, नियन्त्रण, रोकथाम र पूर्व तयारीका लागि सञ्चालन गरिने सम्बन्धित कार्यक्रमहरू) |
| ४९ | कृषि वन कार्यक्रम |
| ५० | कृषि पर्यटन क्षेत्रका लागि पुष्पखेती सुदृढीकरण कार्यक्रम |
| ५१ | अर्गानिक कृषि सम्बन्धी शोधपत्र अनुसन्धान सहयोग कार्यक्रम |
| ५२ | कृषिजन्य वाली वस्तुहरूमा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम |
| ५३ | राहत वितरण कार्यक्रम |
| ५४ | प्लाण्ट क्लिनिक |
| ५५ | माटो परिक्षण मार्फत स्वास्थ्य कार्ड वितरण |
| ५६ | दिवस/सप्ताह/शिवीर कार्यक्रम |
| ५७ | कृषि सूचना प्रवाह |
| ५८ | बिउ विजनको नमुना संकलन गर्ने कार्यविधि २०७३, बिउ विजन परीक्षण निर्देशिका २०७४, बिउ विजन प्रयोगशाला सञ्चालन सम्बन्धी निर्देशिका २०७४, बिउ विजनको प्रयोगबाट हुने हानी नोक्सानीको क्षतिपूर्ती सम्बन्धी निर्देशिका २०७३, जफत गरीएको बिउ विजन मूल्याङ्कन तथा नष्ट गर्ने निर्देशिका २०७३, बिउ विजन प्रमाणिकरण निर्देशिका २०७४ लगायतका अन्तर्रराष्ट्रिय तथा राष्ट्रिय मापदण्डलाई आधारमानी तयार पारिएका संघीय कार्यविधि र निर्देशिकाहरू प्रयोग गरी सञ्चालन गरिने कार्यक्रमहरू सोही बमोजिम गरिने । |
| ५९ | घुम्ती तालीम कार्यक्रम |
| ६० | जैविक विषादी उत्पादन सामग्री वितरण कार्यक्रम |
| ६१ | म्युजियम व्यवस्थापन कार्यक्रम |
| ६२ | आइ पि एम प्रविधि प्रदर्शन कार्यक्रम |

निमित सचिव



प्रमुख सचिव

| | |
|---|---|
| २० | रोड कोरिडोर तरकारी बाली प्रवर्द्धन कार्यक्रम |
| २१ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम |
| २२ | व्यावसायिक फलफुल, तरकारी, खाद्यान्न, आलु, दलहन, मौरी, च्याउ, तेलहनबाली प्रवर्द्धन कार्यक्रम |
| २३ | व्यावसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम |
| २४ | विशिष्ट जातका पन्छीपालन (कालिज, बट्टाई, टर्की, अष्ट्रिच) प्रवर्द्धन कार्य्रकम |
| २५ | मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार |
| २६ | दुग्ध व्यवसाय प्रवर्द्धन तथा चिस्यानकेन्द्र स्थापना कार्यक्रम |
| २७ | व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन |
| २८ | कृषि मेला महोत्सव प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन |
| २९ | अक्वाकल्चर एण्ड फिसरिज व्यवसाय तथा प्रवर्द्धन कार्यक्रम |
| ३० | लागत सहभागितामा आधारित अनुदान कार्यक्रम |
| ३१ | चक्लावन्दी खेती प्रोत्साहन कार्यक्रम |
| ३२ | पशुपन्छी तथा मत्स्य श्रोतकेन्द्र विकास (निजी/सामुदायिक/सहकारी) |
| ३३ | प्रांगारिक मल उत्पादन प्रवर्द्धन कार्यक्रम |
| ३४ | प्राविधिक विद्यालय मार्फत प्रविधि प्रसार तथा सिक्दै कमाउंदै कार्यक्रम |
| ३५ | अर्गानिक मोडेल कृषि कार्यक्रम |
| ३६ | प्राङ्गारिक मिसन कार्यक्रम |
| ३७ | कर्णाली ब्राण्ड निर्माण तथा प्रांगारिक वस्तु बजारीकरण सहयोग कार्यकम / कर्णालीको पहिचान निर्यातयोग्य वालीहरू ( स्याउ, सिमी, आलु, मह लगायतका निर्यातयोग्य वाली ) को लागि बजारीकरण तथा निर्यातमा अनुदान |
| **घ** | **कृषि पूर्वाधार विकास लक्षित कार्यक्रमहरु** |
| ३८ | शित भण्डार, सेलारस्टोर, रष्टिक स्टोर निर्माण तथा सञ्चालन |
| ३९ | प्रयोगशाला निर्माण तथा सञ्चालन |
| ४० | मासु पसल, पशु वधशाला तथा वधस्थल स्थापना तथा सञ्चालन |
| ४१ | पशु/पशुपंछी संकलन केन्द्र निर्माण तथा सञ्चालन |
| ४२ | कृषि सिँचाई मर्मत तथा सम्भार कार्यक्रम |
| ४३ | कृषि हाटबजार तथा कृषि उपज संकलन केन्द्र निर्माण तथा सञ्चालन |
| ४४ | कृषि सिँचाई निर्माण कार्यक्रम |
| ४५ | कृषिजन्य वस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन |
| ४६ | उच्च प्रविधियुक्त नर्सरी स्थापना सञ्चालन विस्तार र सुदृढीकरण |

निमित्त सचिव

प्रमुख सचिव

अनुसूची -१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

अनुदान परिचालन गरिने विषयगत क्षेत्र अन्तर्गतका कार्यक्रमहरू

| क. सं. | आर्थिक अनुदान प्रवाह गरिने क्षेत्रहरु |
|---|---|
| **क** | **जीविकोपार्जन तथा सीमान्तकृत कृषक लक्षित कार्यक्रमहरु** |
| १ | किसान सरकार हातेमालो कार्यक्रम |
| २ | लक्षित वर्ग अर्गानिक कृषि प्रवर्द्धन कार्यक्रम |
| **ख** | **कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरु** |
| ३ | बिउ उत्पादन कार्यक्रम (खाद्यान्न, तरकारी, मसलाबाली, आलुबाली, जरेबाली आदी) |
| ४ | रैथानै पशुपन्छी संरक्षण, सम्वर्द्धन र उपयोग कार्यक्रम |
| ५ | भकारो सुधार कार्यक्रम |
| ६ | साझेदारीमा आधारित एक स्थानीय तह एक (कृषि /पशुसेवा) वाली उत्पादन विशेष कार्यक्रम |
| ७ | सहकारी नमूना गाउँ स्थापना, सञ्चालन र व्यवस्थापन |
| ८ | महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन |
| ९ | महिला सहकारी संस्था मार्फत बिउपुँजी तथा घुम्तीकोष सञ्चालन |
| १० | एक स्थानीय तह एक कृषि/पशुसेवा प्राविधिक तथा विशेषज्ञ सेवा परामर्श |
| ११ | स्थानीय तहमा अर्गानिक कृषि उत्पादन प्रोत्साहन |
| १२ | श्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण (वाली, फलफुल, नर्सरी, च्याउ, पशुपन्छी, मत्स्य लगायत) |
| १३ | स्थानीय कुखुरा विकास कार्यक्रम (सामुदायिक) |
| १४ | कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम |
| १५ | प्राविधिकहरुको नेतृत्व तथा समुह/सहकारी/फार्म केन्द्रहरुसँग कार्यगत अनुसन्धान( Action Research)/प्रविधि प्रदर्शन/बिउ उत्पादन/नमुना प्रदर्शन/अन्वेषण क्रियाकलाप |
| १६ | कृषि व्यवसायको लागि व्याज अनुदान (सहकारी तथा बैंक मार्फत) |
| **ग** | **कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रमहरु** |
| १७ | व्यावसायिक तरकारी खेती ठूला ग्रीन नेट हाउसमा सहुलियत कार्यक्रम |
| १८ | कृषिमा आधारित साना उद्योग स्थापना तथा सञ्चालन |
| १९ | नविनतम प्रविधिमा आधारित कृषि बाली वस्तुको प्रवर्द्धन कार्यक्रम ( नयाँ प्रविधिको ठूलो क्षेत्रमा विस्तार गर्नका लागि) |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

२४. **कार्यक्रमको प्राविधिक मापदण्ड, छनौट तथा मूल्याङ्कनका आधार बनाउने:** (१) अनुसूची-१ मा उल्लेख भएका कार्यक्रमहरुको प्राविधिक मापदण्ड, कार्यक्रम छनौट तथा मूल्याङ्कनका आधार र सोसँग सम्बन्धित विषयहरु मन्त्रालयले बनाउनेछ।

२५. **ब्याख्या तथा बाधा अडकाउ फुकाउन सक्ने:** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै बिषयको ब्याख्या तथा बाधा अड्काउ परेमा कार्यविधिको उद्देश्य विपरीत नहुने गरी निर्देशक समितिको सिफारिसमा मन्त्रालयले ब्याख्या तथा बाधा अडकाउ फुकाउ गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक पक्षमा प्रभाव पर्ने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सहमति लिनुपर्नेछ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

निमित सचिव

प्रमुख सचिव

१९. **दोहोरो सुविधा लिन नपाउने:** (१) अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एकभन्दा बढी निकाय तथा एकभन्दा बढी कार्यक्रमको लागि मन्त्रालय अन्तर्गतका कार्यालयहरूबाट अनुदान प्राप्त गर्न सक्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अन्य साझेदार निकायसँग स्पष्टसँग सम्झौता भई लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरीएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन। अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरूलाई प्राथमिकता दिइनेछ।

तर वहुवर्षिय प्रकृतिका आयोजना तथा एकै कृषक/फर्म/समूह वा अन्य अनुदानग्राहीले सम्झौतामा स्पष्ट पारी फरक कार्य गर्ने गरी अनुदान प्राप्त गर्न बाधा पर्ने छैन।

२०. **जिम्मेवार हुने:** (१) प्रदेश सरकारको श्रोत सहितको अनुदान उपयोग गर्दा वित्तिय अनुशासन कायम गर्नुपर्ने एवं वित्तिय उत्तरदायित्व वहन गर्नु पर्ने छ ।

(२) अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्वन्धी वित्तीय जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।

(३) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति वाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ।

२१. **सम्झौता बमोजिम हुने:** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलाप र विकास गरीएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृति बेगर तोकिएको अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तीमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ।

२२. **कार्यक्रमको प्रभावकारिता:** (१) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित वनाउन संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजनाहरुसँग दोहोरोपना नहुने गरी आवश्यक समन्वय गरेर कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) प्रदेश अन्तर्गत सञ्चालित राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरूबाट सञ्चालित मन्त्रालयसंग सम्बन्धित कार्यक्रमहरूको प्रगति अनिवार्य रूपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) कार्य सञ्चालन भएको एक वर्ष भित्र संचालित कार्यक्रमको प्रभावकारीता अध्ययन गरी अध्ययन प्रतिवेदनको आधारमा थप कार्यक्रम सञ्चालन गर्न सकिनेछ र कार्यक्रम सञ्चालन गर्दा सम्भाव्यता अध्ययन भएका कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ।

२३. **पुरस्कृत गर्न सकिने:** सम्झौतामा तोकिएको समय भन्दा अगाडि निर्धारित मापदण्ड तथा गुणस्तरीय कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई पुरस्कृत गर्न सकिनेछ ।

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

(७) अनुदानलाई कृषकमैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार, गुणस्तर र प्रति ईकाई मूल्यको सूचना माग गरी कम्तिमा तीन आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप सबैभन्दा कम दररेटका आधारमा अनुदान रकम निर्धारण गरिनेछ। अनुदानग्राहीले सूची सार्वजनिक गरीएका आपूर्तिकर्ता मध्ये आफूले चाहेको ब्राण्डको आपूर्तिकर्ताबाट तोकेको मूल्य तिरी सामग्री वा उपकरण खरिद गर्न सक्नेछ। यसरी खरिद गरेको अवस्थामा पनि अनुदानको रकम भने कार्यालयले निर्धारण गरेको भन्दा बढी दिइने छैन। अनुदान बाहेकको रकम निजले छनौट गरेको आपूर्तिकर्ताको खातामा जम्मा गरी सामानको आपूर्तिपछि मात्र कार्यालयले अनुदानको रकम सम्बन्धित आपूर्तिकर्ताको बैंक खातामा उपलब्ध गराउनेछ।

(८) जिन्सी सामान/उपकरण/मेसिनरी/कृषि सामाग्री/पशुधन लगायतका खरिदको हकमा खरिद सम्बन्धी प्रचिलत कानुन बमोजिम हुनेछ। सम्झौता बमोजिम अनुदानग्राहीले खरिद गर्नुपर्ने हकमा समेत प्रचलित कानून बमोजिम खरिद प्रकृया अवलम्वन गर्नुपर्नेछ।

(९) मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट अनुदान प्राप्त गर्ने अनुदानग्राहीको विवरण अनुसूची-८ बमोजिमको ढाँचामा तयार गरी चौमासिक रुपमा मन्त्रालयमा पेश गर्ने तथा वार्षिक रुपमा प्रकाशित गर्नुपर्नेछ।

१२. **<u>बीमा गर्नु पर्ने</u>:** (१) दफा ३ को उपदफा (२) को खण्ड (ग) र (घ) अन्तर्गत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बीमा गर्नु पर्नेछ।

(२) दफा ३ को उपदफा (२) को खण्ड (क) र (ख) क्षेत्र अन्तर्गत व्यावसायिक रुपमा सञ्चालन हुने बाली, पशुधन र मत्स्य साथै फर्म/भौतिक पूर्वाधारको समेत बीमा गर्नु पर्नेछ।

(३) बीमालेख नभएका कृषि व्यवसाय तथा पूर्वाधारमा बीमा गर्न अनिवार्य हुने छैन।

तर त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनुपर्नेछ।

१३. **<u>सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नुपर्ने</u>:** (१) कार्यक्रमको पारदर्शिताको लागि सार्वजनिक सुनुवाई गर्नुपर्नेछ।

(२) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने प्रत्येक कार्यालयले अनुदान सम्वन्धी विवरण वेबसाइटमा (वेबसाइट नभएको हकमा सूचनापाटी वा वुलेटिन मार्फत) नियमित रूपमा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ।

(३) मन्त्रालयले अनुदानको अभिलेख राख्नुपर्नेछ र सोको विवरण अद्यावधिक समेत गर्नुपर्नेछ।

(४) सञ्चालन भएको कार्यक्रमको वारेमा अनुदानग्राहीले अनुसूची-९ बमोजिमको ढाँचामा जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ।

१४. **<u>असुल उपर र कारवाही</u>:** (१) यस कार्यविधि बमोजिम वितरण भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ। विपत् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (मुचुल्का, स्थानीय

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

(४) निर्देशक समितिले बैठक सञ्चालन तथा निर्णय सम्वन्धी आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ।

९. **अनुदान रकमको सीमा र क्षेत्र:** (१) कृषक समूह वा सहकारी वा निजी फर्म वा कृषि उद्यमीहरूलाई कार्यक्रम विशेषमा तोकिएको वा यस कार्यविधिमा तोकिएको सीमामा अनुदान प्रदान गर्नु पर्नेछ।

(२) आयातित तथा आन्तरिक फलफूलको बिरूवा, सघन फलफुल बगैंचा, डाले घाँस, आयातित पशु नश्ल, विशिष्ट जातका पशुपन्छी, माछाको भुरा लगायतका उत्पादन सामग्रीमा सन्दर्भ मूल्यको पचहत्तर प्रतिशतसम्म सहूलियत उपलब्ध गराउन सकिनेछ।

(३) सामुदायिक प्रयोगमा आउने गरी सञ्चालन गर्ने साना सिँचाई , उपभोक्ता समिति मार्फत सञ्चालन् हुने स-साना कृषि तथा पशुपन्छी एवं पशुजन्य उत्पादन् संकलन केन्द्र तथा प्रदेशस्तरका बजार पूर्वाधार, प्रयोगशाला निर्माण लगायतका अन्य पूर्वाधारमा पचासी प्रतिशत सम्म सहुलियत उपलब्ध हुनेछ।

(४) प्राविधिकहरुको नेतृत्व तथा समुह/सहकारी/फार्म केन्द्रहरुसँग कार्यगत अनुसन्धान ( Action Research)/प्रविधि प्रदर्शन/बिउ बेर्ना उत्पादन/नमुना प्रदर्शन/अन्वेषण क्रियाकलापमा लाग्ने सामग्रीहरु तथा प्राविधिकजनशक्तिको लागतमा शत प्रतिशत हुनेछ।

(५) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय बिच भएको सम्झौता बमोजिम हुनेछ।

(६) लक्षित समूहलाई तोकिएको शर्त बमोजिम व्याज अनुदान उपलव्ध गराउदा व्याज अनुदान कार्यविधि, २०७७ बमोजिम बैंक वा वित्तीय संस्था वा सहकारी संस्थासँग सम्झौता गरी व्याज अनुदान दिन सक्नेछ।

(७) अति गरीव तथा विपन्न लक्षित र बहिष्करणमा परेका समुदाय (राजी/वादी र अन्य बहिष्करणमा परेका समुदाय) लक्षित कार्यक्रममा शत प्रतिशत अनुदानको ब्यवस्था हुनेछ।

(८) कृषि तथा पशुपन्छी उत्पादन, पालन तथा व्यवसाय प्रवर्द्धनका लागि उपलब्ध गराइने अनुदानमा कृषि तथा पशुपन्छीजन्य उत्पादन सामग्री जस्तै बेर्ना, नश्ल, बिउ, भूरा, पशुपन्छी आदिको लागि अनुसूची-५ को कृषि बाली उत्पादन सामग्रीहरुको सन्दर्भ मूल्य र अनुसूची-६ को पशुपन्छीपालनको लागि सन्दर्भ मूल्यलाई आधार मानि कार्यक्रम सञ्चालन गर्न सकिनेछ र ढुवानीको हकमा स्थान विशेषको जिल्ला दररेट अनुसार हुनेछ।

(९) कार्यक्रमको लागत अनुमान तयार गर्दा मल, विउ, सामग्री खरिद, ज्याला, निर्माण कार्य, ढुवानी आदि कार्यमा जिल्ला दररेट वा स्थानीय दररेटलाई आधार मानेर गर्नुपर्नेछ। जिल्लास्थित सरोकारवाला कार्यालयहरुले कार्यक्रम सञ्चालन गर्न आवश्यक सामग्रीहरुको बजार सर्भेक्षण गरी जिल्ला दर रेटमा समावेश गर्न पहल गर्नुपर्नेछ।

(१०) समूह सहकारी तथा निजी फर्महरु सँग कार्यक्रम सञ्चालन गर्दा प्रस्तावित लागत अनुमानलाई संम्बन्धित कार्यालयले विश्लेषण गरी यथार्थपरक लागत अनुमान तयार गरी प्रचलित खरिद कानून बमोजिम स्वीकृत गराई कार्यक्रम कार्यन्वयन गर्नुपर्नेछ।

(११) अनुदान कार्यक्रमका अतिरिक्त कृषि प्रसार शिक्षा, मुख्यमन्त्री कृषक उत्थान कार्यक्रम लगायत विशेष कृषि कार्यक्रम एवं कृपकलाई प्रोत्साहन स्वरूप प्रदान गरिने पुरस्कार, राष्ट्रिय वा अन्तराष्ट्रिय भ्रमण र दिवस जस्ता विशेष कार्यक्रम खर्च र अनुदानको सीमा समेत अनुसूची-११ को कार्यक्रमहरु र खर्चको मापदण्ड बमोजिम नै हुनेछ।

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

१०. <u>अनुदानग्राही सँग सम्झौता गर्नुपर्ने :</u> (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राही सँग अनुसूची–७ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(२) सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु पर्ने वा लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि सम्झौता गर्नु अघि वा यो कार्यविधि लागू हुनु अघि सम्झौता भई कार्यान्वयन भइरहेको कार्यक्रम तथा योजनाको समेत सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूंजी प्रमाणित हुने कागजपत्र) कार्यालयमा पेश गर्नुपर्नेछ।

तर लक्षित वर्गको हकमा कार्यालयले जमानत आवश्यक नठानेको कार्यक्रमहरूका लागि भने जमानत आवश्यक पर्नेछैन।

(३) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरेपछि मात्र कार्यालयले अनुदानको रकम भुक्तानी दिनेछ।

(४) कार्यालयले तालीम सम्बन्धी कामका लागि आवश्यक परेमा कार्यालयकै कर्मचारीलाई पेश्कीको रुपमा रकम दिन सक्नेछ। पेश्की दिंदा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नुपर्ने र सम्पन्न गर्नुपर्ने समय, अनुदान भुक्तानी हुने बैङ्कको शाखा/कार्यालय, आवधिक रूपमा कार्य सम्पन्न गर्नुपर्ने विषय र सो बमोजिम अनुदान उपलव्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(६) कार्य सम्पन्न यथासम्भव जेठ महिना भित्र हुने व्यवस्था मिलाउनु पर्ने छ। जेठ महिना पछि कुनै पनि सम्झौता गरिने छैन ।

(७) सम्झौता अनुसारको कार्यक्रम सम्पन्न गरी असार पन्ध्र गते भित्र आवश्यक कागजात सहित भुक्तानीको लागि पेश गरीसक्नु पर्नेछ ।

११. <u>अनुदानको भुक्तानीः</u> (१) अनुदानग्राहीको भुक्तानी हुने रकम बैङ्क खातामा जम्मा हुने गरी उपलव्ध गराउनु पर्नेछ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ। सम्झौता पत्रमा उल्लेख नभएको हकमा कार्यालय प्रमुखले तोकेको जिम्मेवार प्राविधिक (फोकल पर्सन) ले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रमाणिकरणको आधारमा कार्यालयले अनुदानग्राहीलाई लगानी अनुपातको हिसाबले एकमुष्ट वा किस्तामा भुक्तानी दिनेछ।

(३) स्वीकृत अनुदान रकममा सूचना प्रकाशन, विज्ञ सेवा, बैठक खर्च, अनुगमनमा औचित्य र आवश्यकता अनुसार खर्च गर्ने गरी पूँजिगत तथा पूर्वाधार निर्माण कार्यको हकमा बजेट रकमको अधिकतम तीन प्रतिशत कन्टीन्जेन्सी रकम र अन्य प्रचलित कानुन बमोजिम कर कट्टी गरी भुक्तानी गर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा लागू हुनु अघी सम्झौता भइसकेको कार्यक्रमको हकमा मन्त्रालय वा कार्यालयले निर्णय गरे बमोजिम हुनेछ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीले चाहेमा शत प्रतिशत कार्य सम्पन्न गरेपछि अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्नेछैन।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सोको प्रमाणिकरण नभएसम्म अनुदान रकमको अन्तिम किस्ता भुक्तानी हुनेछैन।

निमित्त सचिव

प्रमुख सचिव

(ङ) निर्देशक, कृषि विकास निर्देशनालय — सदस्य

(च) निर्देशक, पशुपन्छी विकास निर्देशनालय — सदस्य

(छ) निर्देशक, कृषि अनुसन्धान निर्देशनालय, कर्णाली प्रदेश — सदस्य

(ज) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय — सदस्य

(झ) संयोजकले तोकेको कृषक प्रतिनिधि — सदस्य

(ञ) प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय — सदस्य

(ट) प्रमुख, योजना महाशाखा, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय — सदस्य सचिव

(२) निर्देशक समितिले आवश्यकतानुसार बढीमा तीन जनासम्म विषय विज्ञ वा सरोकारवाला निकायका अधिकृत प्रतिनिधि वा पदाधिकारीलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

८. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) कृषि अनुदान प्रक्रियामा संलग्न हुन चाहने बैङ्क, वित्तीय संस्था, बिमा कम्पनीसँग सहकार्यका क्षेत्र र शर्त निर्धारण गर्ने,

(ख) अनुदान दिने सम्बन्धमा भए गरेका काम कारवाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) अनुदान निर्धारण र भुक्तानीको प्रक्रियामा थप सहजीकरण गर्न ढाँचा स्वीकृत गरी लागू गर्ने,

(घ) कार्यक्रम सञ्चालन मापदण्ड तयार गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ङ) मौजुदा मापदण्डमा केही संशोधनका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याको समाधान तथा विवाद निरूपण गर्ने,

(छ) कृषि क्षेत्रमा आवश्यक पर्ने कृषि सामग्रीको समय समयमा मूल्य निर्धारण गर्ने।

(२) निर्देशक समितिको बैठक सो समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा वस्नेछ।

(३) निर्देशक समितिको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

तर गणपुरक संख्याको अभावमा दुई पटकसम्म बैठक बस्न नसकेमा त्यसपछि बस्ने बैठकमा अध्यक्ष सहितको तीन जना सदस्यको उपस्थितिमा निर्णय गर्न बाधा पर्ने छैन।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सरकार वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल



प्रमुख सचिव

(३) सहकारी संस्थालाई अनुदानको लागि छनौट गर्दा सहकारी मापदण्ड अनुसार हुनेछ।

(४) प्रस्ताव छनोटको लागि कार्यालयले प्राविधिक मूल्याङ्कन समिति गठन गरी मन्त्रालयबाट तयार गरीएको स्वीकृत प्राविधिक मापदण्ड अनुसार मूल्याङ्कन गरिनेछ।

५. **<u>प्राविधिक मूल्याङ्कन समितिः</u>** (१) दफा ४ को उपदफा (२) बमोजिम पेश भएका प्रस्तावको प्राविधिक पक्षको मूल्याङ्कन गरी सिफारिस गर्न कार्यालयले देहाय बमोजिमको एक प्राविधिक मूल्याङ्कन समिति गठन गर्नु पर्नेछः-

| | |
|---|---|
| (क) कार्यालय प्रमुखले तोकेको प्राविधिक अधिकृत वा प्राविधिक कर्मचारी | - संयोजक |
| (ख) आफ्नो कार्यालय बाहेकको सम्बन्धित प्राविधिक | - सदस्य |
| (ग) कार्यक्रम हेर्न तोकिएको प्राविधिक | - सदस्य-सचिव |

(२) प्राविधिक मूल्याङ्कन समितिको वैठकमा आवश्यकता अनुसार बढीमा दुई जना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) प्राविधिक मूल्याङ्कन समितिको वैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा सञ्चालन हुनेछ।

६. **<u>प्रस्ताव छनौट समितिः</u>** (१) प्राविधिक मूल्याङ्कन समितिले सिफारिस गरेका प्रस्तावहरुको अन्तिम छनौटको लागि देहाय बमोजिमको एक प्रस्ताव छनौट समिति गठन गर्नुपर्नेछः-

| | |
|---|---|
| (क) कार्यालय प्रमुख (सम्बन्धित कार्यालय) | - संयोजक |
| (ख) जिल्ला समन्वय समितिका अधिकृत कर्मचारी वा प्रतिनिधि | - सदस्य |
| (ग) प्रदेश लेखा इकाई कार्यालय प्रमुख वा निजले तोकेको प्रतिनिधि | - सदस्य |
| (घ) कृषि विकास कार्यालय वा पशु अस्पताल तथा पशु सेवा कार्यालयका एक जना अधिकृत कर्मचारी वा प्राविधिक | - सदस्य |
| (ङ) कार्यालयको योजना क्षेत्र हेर्ने कर्मचारी | - सदस्य-सचिव |

(२) प्रस्ताव छनौट समितिको पूर्ण सहभागिता नभएको अवस्थामा बहुमत सदस्यको उपस्थित भएको बैठकबाट निर्णय गर्न सकिनेछ।

७. **<u>निर्देशक समितिः</u>** (१) अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| (ख) अधिकृत(नवौं/दशौं) वा सो सरह,मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (ग) अधिकृत (नवौं/दशौ वा सो सरह) आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (घ) अधिकृत (नवौं/दशौं) वा सो सरह, कर्णाली प्रदेश योजना आयोग | सदस्य |

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

जैवीक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, सेनिटाईजर, डिसईन्फेक्टेन्ट, तरल नाइट्रोजन, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा सहयोग गर्ने वस्तु सम्झनु पर्छ।

(छ) "बैङ्क" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तीमा "घ" वर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(झ) "माछा तथा मत्स्यजन्य पदार्थ" भन्नाले जलचर, जिउँदो, समातिएको ताजा प्याकिङ, भ्याकुम प्याकिङ, सुकाएको (सन ड्राईङ्ग), बट्टामा प्याकिङ (क्यानिङ्ग फिस) र सोबाट बनेका परिकार सम्झनु पर्छ।

(ञ) "लक्षित वर्ग" भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पत्तिबाट वर्षको तीन महिना सम्मलाई मात्र खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाति, महिला, एकल महिला, फरक क्षमता भएका व्यक्ति, लोपोन्मुख जात जाति, तथा द्वन्द्व पीडित व्यक्ति सम्झनु पर्छ।

(ट) "सन्दर्भ मुल्य" भन्नाले कृषक आफैले खरिद गरेका उत्पादन सामग्रीमा अनुदान उपलब्ध गराउने प्रयोजनका लागि मन्त्रालयले निर्धारण गरेको अनुसूची-५ र अनुसूची-६ मा उल्लेख भए बमोजिमको मूल्य सम्झनु पर्छ।

३. <u>अनुदान उपलब्ध गराउन सक्नेः</u> (१) प्रदेश सरकारले विनियोजन गरेको वार्षिक वजेट तथा स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्र विकासको लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान देहाय बमोजिमको बिषयगत क्षेत्रमा उपलब्ध हुनेछः-

(क) जीविकोपार्जन तथा सीमान्तकृत कृषक लक्षित कार्यक्रम,

(ख) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रम,

(ग) कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रम,

(घ) कृषि पूर्वाधार विकास लक्षित कार्यक्रम,

(ङ) कृषि सम्बन्धी अन्य विविध कार्यक्रम।

(३) उपदफा (२) बमोजिमको विषयगत क्षेत्र अन्तर्गत सञ्चालन गरिने कार्यक्रम अनुसूची-१ बमोजिम हुनेछन्। त्यस्ता कार्यक्रम सञ्चालन खर्चको मापदण्ड अनुसूची-११ बमोजिम हुनेछ।

(४) हरेक आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रमहरुको वार्षिक विकास कार्यक्रम तयारीको लागि अनुसूची-२ को वार्षिक योजना तर्जुमा तथा छनौट विधि बमोजिम गरिनेछ।

४. <u>सूचना प्रकाशन गर्नुपर्ने</u>: (१) कार्यालयले दफा ३ बमोजिम अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि अनुदानग्राहीबाट अनुसूची-३ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान प्राप्त गर्न चाहने कृषक, कृषक समूह, सहकारी, कृषि फर्म तथा कृषि कम्पनीहरुले अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।



प्रमुख सचिव

## भूमि, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

**प्रस्ताव** : कर्णाली प्रदेश सरकारबाट भूमि व्यवस्थापन, कृषि, पशुपन्छीपालन र सहकारी क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धि एवं गरीबी निवारणको लागि उपलब्ध गराइने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ को दफा ९ को उपदफा (१) बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "भूमि, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले प्रदेश सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रीकिकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण र औद्योगीकरण तथा भूमि व्यवस्था, सहकारी प्रवर्द्धन र गरीवी निवारणका लागि छनौट भएका अनुदानग्राहीलाई दिइने आर्थिक सहायता, कृषि सामग्री, उपकरण लगायतका वस्तुगत सहायता वा पूर्वाधार विकासका लागि उपलव्ध गराइने रकम सम्झनु पर्छ र सो शब्दले कृषि ऋणको ब्याजमा दिइने नगद अनुदानलाई समेत जनाउँछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषि उद्योगी, कृषक समूह, कृषि कार्य गर्ने नीजि फर्म र कम्पनी, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति, वोर्ड, ऋणी कृषक र कृषि व्यवसायी सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालय वा अन्तर्गत का निकायबाट सञ्चालन हुने कृषि विकास सम्बन्धी क्रियाकलाप (वाली/ पशुपन्छी/ मत्स्य/ सहकारी विकास/ कृषि विकासका लागि भूमि सम्बन्धी कार्यक्रम, सहकारी प्रबर्धन र गरीवी निवारण सम्बन्धी कार्यक्रम समेत) सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय र अन्तर्गत का स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ।

(ङ) "कृषि" भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य आदि कृषिका सबै उप-क्षेत्रसँग सम्बन्धित उत्पादन, उद्योग एवं व्यवसाय सम्झनु पर्छ।

(च) "कृषि सामग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, नस्ल, मत्स्य विज, सिमेन, क्रायोमिल्ट, भ्रुण, खोप, पशु आहार तथा दानाजन्य पदार्थ, औषधि तथा विषादी,

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

निमित्त सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव

श्री सचिव,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत, नेपाल।

भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन एकीकृत कार्यविधि, २०७८ स्वीकृत गर्ने सम्बन्धी विषयको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/०५-२०७८/०६/०६ को प्रस्ताव प्र.मं.प.बै.सं. १६/०७८ मिति २०७८/०६/०६ को कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सो बमोजिम कार्यान्वयन हुन प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु।

**<u>प्रदेश सरकारको निर्णयः</u>**

"प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने ब्यहोरा" अन्तर्गत प्रस्तावित ब्यहोराको सट्टा देहायको ब्यहोरा राखे- "यसैसाथ संलग्न भूमि, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ स्वीकृत गर्ने ।"

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

(राजकुमार श्रेष्ठ)
प्रमुख सचिव
२०७८।०६।०६